'नमो तस्स अट्ठारियपुग्गल-महासंघस्स'

(ती आठ आर्य पुद्गल महासंघलाई वन्दना)

## बुद्धकालीन

# पाँच आर्य-श्राविका

(भाग २)



(किसा गौतमीले मृत छोरालाई बचाइ दिन बुद्धलाई प्रार्थना गर्दै)

अनुवादक तथा सम्पादक

**दोलेन्द्ररत्न शाक्य**

दथुलँ, शंखमूल ललितपुर

०१-५२६ ५३४०

Downloaded from http://dhamma.digital/



खुज्जुत्तराले फूल किनेर बाँकी पैसा श्यामावती महारानीलाई साबुत बुझाउँदै ।



आम्रपालीले बुद्धलाई भोजन निमन्त्रणा दिइसकेको कुरा लिच्छवी राजकुमारहरुलाई सगर्व सुनाउँदै ।

Downloaded from http://dhamma.digital/

'नमो तस्स अट्ठारियपुग्गल–महासंघस्स'

*(ती आठ आर्य पुद्गल महासंघलाई वन्दना)*

बुद्धकालीन

# पाँच आर्य–श्राविका



अनुवादक तथा सम्पादक

**दोलेन्द्ररत्न शाक्य**

दथुलँ, शंखमूल ललितपुर

०१–५२६ १५४०

Downloaded from http://dhamma.digital/

प्रकाशक : **प्रेमबहादुर शाक्य**
शंखमुल ललितपुर

पुस्तकको नाम : **पाँच आर्य श्राविका**

अनुवादक तथा सम्पादक :
**दोलेन्द्ररत्न शाक्य**
दथुलँ, शंखमुल, ललितपुर
९८४३४१६६८५ / ०१-५२६१५४०

प्रकाशन वर्ष : बु.सं. २५६० ने.सं. ११३६
वि.सं. २०७३ ई.सं. २०१६

सर्वाधिकार : – अनुवादक एवं प्रकाशकमा सुरक्षित ।

संस्करण : – १००० प्रति

(प्रकाशक प्रेमबहादुर शाक्यद्वारा आफ्ना दिवंगत माताजीको पुण्यस्मृतिमा निर्वाण-कामना गरी धर्म-दानको रूपमा प्रकाशित)

नि:शुल्क धर्म-दान

मुद्रक : राजमति प्रिन्टिङ प्रेस
नकबहील, ललितपुर ।
फोन : ५५३४५२७



Downloaded from http://dhamma.digital/

## चार टुक्रा सूत्रांश

| | | |
|---|---|---|
| १) अनिच्चावत संखारा | – | सबै संस्कारहरु अनित्य हुन् । |
| उप्पाद-वय धम्मिनो | – | उत्पत्ति विनास हुनु तिनको स्वभाव हो । |
| उपज्झित्वा निरुज्झन्ति | – | उत्पन्न विनास हुँदै जानाले, (प्रज्ञाले देखेर) । |
| तेसं वूपसमो सुखो | – | तिनको क्षय हदै सुखको अभिवृद्धि हुन्छ । |

♣♣♣♣♣♣♣♣♣♣♣

| | | |
|---|---|---|
| २) अनेक जाति संसारं | – | अहो, मैले कतिका जन्म लिइसकेको रहेछु । |
| सन्धाविस्सं अनिब्बिसं | – | विश्राम नै नलिइकन दौड लगाइरहें । |
| गहकारकं गवेसन्तो | – | गृह निर्मातालाई खोज्दैहिंडें । |
| दुक्खा जाति पुनप्पुनं | – | बारम्बार जन्म लिई दु:ख मात्रै पाएँ । |
| गहकारक दिट्ठोसि | – | गृह निर्मातालाई अब मैले देखिसकें । |
| पुन गेहं न काहसि | – | अब मेरो लागि उसले घर बनाइदिन सक्दैन । |
| सब्बा ते फासुका भग्गा | – | सबै नै दलिन, धुरी, वीम भाँचिदिइसकें |
| गहकूतं विसंखितं | – | निर्माण सामग्री सबै छताछुल्ल भइसके । |
| विसंखारगतं चित्तं | – | अब मेरो चित्त संस्कारविहीन भइसक्यो । |
| तण्हानं खयमज्झगां | – | सारा तृष्णा क्षय भइसके । |

♣♣♣♣♣♣♣♣♣♣♣

| | | |
|---|---|---|
| ३) सब्बे संखारा अनिच्चाति | – | संस्कृत वस्तु सबै अनित्य हुन् । |
| यदा पञ्ञाय पस्सति | – | यसलाई जसले प्रज्ञापूर्वक देख्दछ, |
| अथो निब्बिन्दति दुक्खे | – | उसका दु:खका कारणहरु हट्दैजान्छन् । |
| एस मग्गो विसुद्धिया | – | यही नै चित्त विशुद्धिकरणको मार्ग हो । |

♣♣♣♣♣♣♣♣♣♣♣

| | | |
|---|---|---|
| ४) यतो यतो सम्मासति | – | जहाँजहाँ सम्यकस्मृति (होस) राखिन्छ, |
| खन्धानं उदयब्बयं । | – | त्यहाँ खन्धको उत्पत्ति-विनास चाल पाइन्छ । |
| लभति पीति पामोज्जं, | – | आफूमा प्रीति सुखको संचारको अनुभव हुन्छ, |
| अमतं तं विजानतं ॥ | – | यसरी अमृत-पदको प्राप्ति सम्भव हुन्छ ॥ |


Downloaded from http://dhamma.digital/

# श्रद्धा-सुमनसहित
# *निर्वाण-कामना*

जन्म-मरणरूपी कारण-कार्यको चक्करमा घुम्न नपर्ने अवस्था
मुक्ति 'निर्वाण'को शिघ्र साक्षात्कार गर्न सकून् भनी



दिवंगत पिता *तेजरत्न शाक्य* एवं माता *ज्ञानकुमारी शाक्य*
साथै
धर्म-प्रेरणा दिई धर्म-भूमिमा पाइला
टेकाइजाने मेरी उनी



दिवंगत हीराशोभा शाक्यमा सदा निर्वाण—कामना गर्दछु ।

**दोलेन्द्ररत्न शाक्य**

(अनुवादक तथा सम्पादक)



Downloaded from http://dhamma.digital/

प्रकाशकको तर्फबाट

# निर्वाण-कामना

यस पुस्तिकाको प्रकाशन र धर्मदान गरेको पुण्यको आनिशंसले उहाँ दिवंगत माता सानुनानी शाक्यले बारम्बारको जन्म जरा व्याधि र मरण दुःखबाट सर्वथा मुक्त रहेको निर्वाणिक अवस्थाको शिघ्रातिशिघ्र लाभ गरिलिन सक्षम होस् भनी हामी सबै परिवारका सदस्यहरुले उहाँप्रति निर्वाण-कामना गर्दछौं ।



## निर्वाण-कामना गर्ने परिवारका सदस्यहरू

| | |
|---|---|
| पुत्र | – प्रेमबहादुर शाक्य |
| बुहारी | – निर्मला शाक्य |
| नाति | – निर्जन शाक्य |
| नातिनी बुहारी | – सितुशोभा शाक्य |
| जेठी छोरी | – प्रणिता शाक्य |
| माहिली छोरी | – प्रणिसा शाक्य |



Downloaded from http://dhamma.digital/

# प्रकाशकको भनाइ

'धर्मदान नै सबैभन्दा उत्तम दान हो' भन्ने बुद्ध-वचनलाई शिरोधार्य गर्दै दिवंगत माता सानुनानी शाक्यको पुण्यस्मृतिमा यस बुद्धकालीन पाँच नारीहरूको जीवनी र उहाँहरूले प्राप्त गरिलिनुभएको उच्चतम उपलब्धिलाई सबै नारीवर्ग एवं पुरूषवर्गमा प्रेरणास्पद सन्देश जाओस् भन्ने कामनाका साथ उहाँ दिवंगत माता सानुनानी शाक्यको निर्वाण-कामना गर्दै यो पुस्तिका प्रकाशित गरेको छु ।

बुद्ध-साहित्यमा पुरूषहरूले मात्र होइन नारीहरूले पनि आफ्नै बलबुत्तामा धर्माचरण र अभ्यास गरी उच्चतम मार्गफल प्राप्त गरेका अनेक उदाहरण भेट्टिन्छन् । त्यसैले त भगवान स्वयंले भिक्षुणीहरूको सफलता, शासनमा गरेका योगदान र उनीहरूको गुण क्षमताको मूल्यांकन गरी 'एतदग्ग' अर्थात् अग्रस्थान घोषणा गर्नुभएको पाइन्छ ।

सिद्धार्थकुमार छँदा आफ्नै दसधारा दुध खुवाई पालनपोषण गरी हुर्काईबढाई योग्य बनाइदिने आफ्नी सानी आमा महाप्रजापति गौतमी थिइन् । प्रजापति गौतमीले आफैले शीर मुण्डन गरी काषाय वस्त्र धारण गरी 'अष्ट गरूधर्म'को नियम पालना गरी आफ्ना ५०० सखीहरूका साथ उपसम्पदा प्राप्त गरेकी थिइन् । त्यसबेलादेखि भिक्षुणी संघको स्थापना भयो । मार्गफल पाउनमा नारी र पुरूषबीच भेदभाव हुँदैन । मेहेनत र अभ्यास गर्दै लगेमा नारीहरूले पनि अर्हतावस्थासम्मको मार्गफल प्राप्त गर्न सक्षम हुन्छन् भन्ने कुरा



Downloaded from http://dhamma.digital/

प्रमाणित भयो ।

अर्हत तथा निर्वाण प्राप्तिपछि भिक्षुणीहरूले पोखेका उद्‌गार संकलन गरिएको ग्रन्थ 'थेरीगाथा'लाई त्रिपिटकमा समावेस गरिएको छ । यसरी नारीहरू पनि बुद्ध-शिक्षा प्राप्त गरी निर्वाणको साक्षात्कार गर्न सक्षम छन् भन्ने कुराको पुष्टि भइसकेको छ ।

यिनै बुद्धकालीन सफलतम नारीहरूमध्ये ५ जना नारीहरूको जीवनीसँग सम्बन्धित कथावस्तु यस पुस्तिकामा समावेस छन् । यसबाट पाठकवर्ग विशेषतः महिला पाठकवर्ग लाभान्वित हुनेछन् भन्ने विश्वास लिएको छु ।

यस्ता नारीजातिलाई प्रेरणा दिनेखालका पुस्तक पुस्तिका पढ्ने र पढ्न दिने धोको त छँदै थियो । त्यस धोकोलाई दिवंगत माताको पुण्यस्मृतिमा धर्मदानको रूपमा प्रकाशित गरी वितरण गर्ने सोच र प्रेरणा कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यज्यूबाट प्राप्त भएको हो । उहाँले पहिले अनुवाद गरी प्रकाशित गर्नुभएको '१२ सन्नारीहरू' नामको पुस्तकबाट यी ५ आर्य–श्राविकालाई समावेस गरी प्रकाशित गर्ने अनुमति दिनुभयो । उहाँ सरलाई कृतज्ञतासहित अतिसय साधुवाद टक्र्याउन चाहन्छु ।

यस पुस्तिका धर्मदान गरेको पुण्य दिवंगत माता सानुनानी शाक्यलाई निर्वाण साक्षात्कार गर्ने हेतु होस् भनी कामना गर्दछु ।

अस्तु !

**प्रेमबहादुर शाक्य**

(प्रकाशक)



Downloaded from http://dhamma.digital/

# अनुवादक तथा सम्पादकको मन्तव्य

परिवार तथा समाजमा नारीजातिको स्थान उच्च छ । नारी सृष्टिकै सौन्दर्य र गरिमा हो । नारी विनाको संसारको कल्पना गर्न सकिंदैन । अतः संस्कृतमा भनिएको पनि छ – 'यत्र नार्यस्तु पुजेन्ते, रमन्ते तत्र देवता' । जहाँ नारीको ईज्जत तथा सम्मान हुन्छ, देवताहरू (सत्पुरूषहरू) पनि त्यहाँ रमाउँछन् अथवा बास गर्दछन् ।

चाहे पारिवारिक घेराभित्र होस्, चाहे सामाजिक परिवेशमा होस्, चाहे राष्ट्रिय वृतमा होस्, अझ चाहे अन्तर्राष्ट्रिय क्षेत्रमा, नारीको वर्चश्व टडकारो रहँदैआएको देखिन्छ । आध्यात्मिक उन्नति र मुक्ति निर्वाणको प्राप्तिमा समेत उनीहरूले उल्लेख्य उँचाइ नापेका छन् । पारिवारिक घेरामा नारी बढी सीमित हुनसक्छ । तर समय एवं परिस्थितिको हाँकलाई स्वीकारी र देश, काल परिस्थितिको बदलाव सँगसँगै आधुनिक शिक्षाको उज्यालो पाई नारीले त्यस घेरा तोडी आफ्नो अस्तित्व चिनाउन सक्षम हुँदैगइरहेका छन् ।

प्रस्तुत पुस्तिकामा बुद्धकालीन त्यस्ता पाँच नारीहरूको जीवनी चित्रित छ जसले बुद्ध-शिक्षामा आफूलाई भिजाई आफ्नै अभ्यासको बलमा जन्म-मरणको कुचक्रबाट आफूलाई मुक्त गरेका थिए । यसबाट आजका नारीवर्गले पनि यथेष्ट प्रेरणा लिन सक्छन् र उनीहरू हिंडेका बाटोमा आफू हिंडेर त्यो उँचाइमा आफूलाई पनि प्रतिष्ठापित गर्न सक्छन् । नारीले मात्र होइन, पुरूषले पनि यसबाट यथेष्ट प्रेरणा पाउन सक्छन् ।



Downloaded from http://dhamma.digital/

यी पाँच कथावस्तुहरू यसअघि आफूद्वारा नै अनुदित र सम्पादित 'बाह्र सन्नारीहरू' नामक पुस्तकबाट साभार गरिएका हुन् । यसमा आवश्यक सम्पादन गर्नुको साथै बुझ्न सरलताको लागि अनुवादकको टिप्पणी पनि राखिदिएको छु । ती १२ सन्नारीहरूमध्ये प्रकाशकको रूचिलाई ध्यानमा राखी ५ जना नारीको जीवनी कथालाई यसमा स्थान दिएको छु । धर्म कर्म र मुक्ति निर्वाण भेट्टाउने काममा नारी पनि पछाडि परेका छैनन् भन्ने तथ्यको उजागर यसमा समावेस कथाहरूले प्रष्ट्याउँछ ।

उहाँ प्रकाशक प्रेमबहादुर शाक्य तथा उहाँको धर्मपत्नी निर्मला शाक्य बुद्ध-शिक्षाका अनन्य उपासक हुनुहुन्छ । परियति ज्ञानका भोका हुनुहुन्छ र ध्यान अभ्यास गर्न पनि रूचि राख्नुहुन्छ । आफ्ना माताको निर्वाण-कामना गरी धर्मदानको रूपमा उहाँ प्रेमबहादुर शाक्यले यस पुस्तक प्रकाशित गर्नुभएको हो । यसका लागि उहाँ अतिसय साधुवादका पात्र हुनुहुन्छ । पाठकवर्गले यी ५ बुद्धकालीन अग्र नारीका जातक कथालाई अभिरूचिपूर्वक पढिदिनुहुनेछ भन्ने अपेक्षा राखेको छु ।

अस्तु !

**दोलेन्द्ररत्न शाक्य**



Downloaded from http://dhamma.digital/

# विषय-सूची


| शिर्षक | | पेज नं |
| --- | --- | --- |
| १) | किसा गोत्तमी को सम्बन्धमा | १ |
| २) | ***किसा गोत्तमी (कृशा गौत्तमी)*** | ३ |
| ३) | धम्मकथिक धम्मदिन्ना थेरीको सम्बन्धमा | १३ |
| ४) | ***धम्मकथिक धम्मदिन्ना थेरी*** | १५ |
| ५) | मृगार-माता विशाखाको सम्बन्धमा | ४० |
| ६) | ***मृगार-माता विशाखा*** | ४३ |
| ७) | परोपकारी रुपावतीको सम्धन्धमा | ६३ |
| ८) | ***परोपकारी रुपावती*** | ६५ |
| ९) | उद्वेषी उत्तराको सम्बन्धमा | ७९ |
| १०) | ***उद्वेषी उत्तरा*** | ८० |
| ११) | वन्दना, मैत्री-कामना र मंगल-कामना | ९४ |




Downloaded from http://dhamma.digital/

# किसा गोत्तमी (कृशा गौत्तमी) को सम्बन्धमा

अनुवादकको टिप्पणी –

*'धुवं मे मरणं, अधुवं मे जीवितं' अर्थात् म मर्नुपर्छ भन्ने कुरा सुनिश्चित छ तर बाँचिरहन्छु भन्ने कुरा अनिश्चित छ भन्ने बुद्ध–वचनलाई जसले जति चाँडै आत्मसात गर्न सक्छ, त्यति चाँडै शोक सन्तापबाट टाढिन सक्छ ।*

*'किसा गौतमी'ले पनि बुद्धको सम्पर्कमा आएपछि यो कथनलाई छोरा बचाउन तोरी एकमुठी माग्न जाने क्रममा झट्टै बुझिन् । बुझेको मात्र होइन, यसलाई आत्मसात पनि गरिन् । आत्मसात गरेर त्यतिकै बसिनन्, तिनमा धर्म-संवेग जागेर आयो जसको फलस्वरूप उनले भिक्षुणी संघमा प्रवज्या लिइन् । अभ्यास गर्दै लैजाँदा अर्हत मार्गफल पनि प्राप्त गरिलिइन् ।*

*मृत्युलाई अनिवार्य र अवश्यंभावी हो भनेर नबुझ्दा किसा गौतमी पुत्र वियोगमा विक्षिप्तप्रायः पनि भइन् । सही गुरू भेट्टिएकी हुनाले अन्ततः मृत्युमाथि विजय पनि प्राप्त गरिन् । अर्हतावस्था प्राप्त भएपछि अब फेरि जन्म–मरणको फन्दामा पिल्सिन नपर्ने हुनाले उनले मृत्युउपर विजय पाइन् भनिएको हो ।*

*यस प्रसंगबाट हामीले पनि मृत्यु अवश्यंभावी छ, आफन्तको*


Downloaded from http://dhamma.digital/

मरणको कारणले शोक गर्नु व्यर्थ छ, जन्मेका जति सबै एकदिन मर्नुपर्छ, बनेका जति सबै एक न एक समयमा बिग्रिन्छ र उत्पत्ति भएका जति सबै एकदिन विनास हुन्छ भन्ने सत्यवचनलाई यसै कथावस्तुको सन्दर्भमा आत्मसात गरिलिन सकिएमा हामी शोकको ज्वालामा दग्ध हुनुपर्ने छैनौं । अनित्यताको पाठ सैद्धान्तिकरूपमा मात्र होइन, व्यावहारिकरूपमा पनि सिक्न बुझ्न समर्थ हुनेछौं ।



चरन्ति बाला दुम्मेधा-अमित्तेने'व अत्तना ।
करोन्ता पापकं कम्मं-यं होति कटुकप्फलं ।

मूर्खहरुले आफैलाई शत्रु बनाएर पाप कर्म गर्छन् । त्यही पाप कर्मको कटु फल पछि आफैलाई प्राप्त हुन्छ ।



Downloaded from http://dhamma.digital/

# १

# किसा गोत्तमी (कृशा गौत्तमी)

श्रावस्तीमा गौत्तमी नाउँ गरेकी एक कन्या थिइन् । तिनी गरिब कुलमा र निम्न जातिको कोखबाट जन्मेकी थिइन् । तिनी साह्रै दुब्ली पातली भएकीले तिनलाई सबैले 'किसा गोत्तमी' भन्थे । अग्ली पनि भएकी अनि दुब्ली पनि देखिएकीले देख्नेले तिनलाई नराम्री देख्थे तर तिनीभित्रको आन्तरिक गुणलाई भने देख्न सक्दैनथे । तिनको बारेमा भन्नुपर्दा यसरी भन्न सकिन्थ्यो –

*'तिनको असली सौन्दर्य भित्र विद्यमान छ,*
*जसको चमक बाहिरी आँखाले देख्न सकिँदैन ।'*

तिनी आफ्नो जीवनप्रति निरास भएकी थिइन् किनभने गरिबीको कारणले र असुन्दर भएकीले तिनको विवाह हुन सकेको थिएन । तर एकदिन एकजना धनी व्यक्तिले बाह्य सुन्दरतालाई तुच्छ मानी आन्तरिक सुन्दरतालाई हेरी तिनीसँग विवाह गरे । तैपनि पतिको परिवारका सदस्यहरु तिनको दरिद्रता, निम्न जात र असुन्दरताका कारणले तिनीसँग प्रशन्न थिएनन् । ती सबै तिनी

Downloaded from http://dhamma.digital/

असन्तुष्ट थिए । यसले तिनलाई साह्रै दुःखीत तुल्याउँथ्यो । खासगरी आफ्ना माता पिता र आफ्नी श्रीमती बीचको द्वन्दले चिन्तित आफ्नी श्रीमानको सम्बन्धमा तिनी दुःखीत हुन्थी ।

केही समयपश्चात् किसा गोत्तमीले एउटा छोरो जन्माइन् । अनि मात्र लोग्नेका परिवारजन र सम्बन्धीहरुले किसा गौत्तमीलाई छोरा वा परिवारका उत्तराधिकारी पाउने बुहारी भनी खुसी प्रकट गरे । यस परिवर्तित व्यवहारले तिनलाई ठूलै भरोसा र सन्तुष्टि दियो र तिनको शीरबाट मनौंको बोझ उत्रेको अनुभव गरिन् । अब तिनी खुसी र सन्तुष्ट भइन् । बालक ठूलो हुँदै गयो र बाहिरफेर उफ्री उफ्री खेल्न जाने भयो ।

केही समयपश्चात् तिनको सुख र सन्तोष भ्रम मात्र रहेछ भन्ने कुरा प्रमाणित भयो । एकदिन तिनी बगैंचामा फूल टिप्न जाँदा छोरा पनि पछिपछि आउँदै थियो । त्यसैबेला छोरालाई सर्पले डस्यो र त्यहीं उसको मृत्यु भयो । किसाले यो शोकको घडीमा के गर्ने र के गरी दिन बिताउने भन्ने सोच नै बनाउन सकिनन् । तिनी त्यस बालकप्रति साह्रै आसक्त र आश्रित पनि थिइन् किनभने त्यस बालक नै तिनको सुख शान्तिको द्योतक थियो ।

अब किसालाई पुनः परिवारका सदस्यहरुको घृणाको पात्र हुनुपर्ने हो कि भन्ने चिन्ताले सताउन लाग्यो । तिनलाई डर थियो कि तिनीहरुले तिनलाई छोरा काखी च्याप्ने कर्म नभएकी भनेर दोष देलान् । मानिसहरुले कुरा काट्लान् –"किसा गोत्तमीले के त्यस्तो कर्म गरेकी होली र त्यस्तो आपत आइलाग्यो ।" अब त तिनको पतिले पनि तिनलाई त्याग्न सक्ने सम्भावना छ । यस्तैयस्तै



Downloaded from http://dhamma.digital/

कल्पना तिनको मनमा उम्लिरह्यो अनि जीवनमा एक्कासी अन्धकार छाएको अनुभव गरिन् । तिनले छोरा मऱ्यो भन्ने कुरालाई स्वीकार्नै सकेकी थिइन । त्यसैले छोरा बिरामी छ, औषधी गर्नु छ र निको पार्नु छ भन्ने भ्रममा तिनी रहिन् ।

मृत बालकलाई बोक्दै तिनी घरबाट निस्किन् अनि घर घरमा गई छोराको लागि औषधी उपचार मागिन् । दैलो दैलोमा उभिई भन्दै हिंडिन् – "मेरो छोराको लागि केही औषधी दिनुहोस् ।" तर मानिसहरुले भने –"तिम्रो छोरालाई औषधीले बचाउन सक्दैन, ऊ त मरिसक्यो ।"

उनीहरुले भनेका कुरा तिनले बुझ्दै बुझिनन् । किनकि तिनको मनमा त छोरा अझै जिउँदै छ, मरेको छैन भन्ने थियो । अरु मानिसहरु तिनको यो चाला देखेर दया देखाउनुको सट्टा उपहास गर्दथे । तर ती स्वार्थी र निर्दयी मानिसहरुको बीचमा पनि एकजना यस्तो सज्जन देखापऱ्यो जसलाई थाहा थियो तिनी शोकले विह्वल भएकी हुन् । उसले तिनलाई संसारकै सबैभन्दा असल वैद्यकहाँ जान सल्लाह दियो । त्यो वैद्य थियो – बुद्ध । उहाँले मात्र उचित समाधान वा उपचार दिन सक्नुहुन्थ्यो ।

उसको सल्लाह मानेर तिनी तुरून्तै राजकुमार जेतको बगैंचामा दौड्दै पुगिन् । त्यस बगैंचामा अनाथपिण्डिक महाजनले बनाइदिएको जेतवन महाविहार थियो जहाँ भगवान् बुद्ध विहार गरिरहनुभएको थियो । ठूलो जनसमूहलाई धर्म देशना गरिरहनुभएको त्यस ठाउँमा तिनी पुगिन् । बररर आँसु झार्दै अंगालोमा छोरालाई बोक्दै बुद्धको सम्मुख पुगिन् अनि बिन्ती गरिन् –"भन्ते ! मेरो

Downloaded from http://dhamma.digital/

छोराको लागि केही औषधी पाउँ ।" बुद्धले बीचैमा देशना रोक्नुभयो अनि करुणापूर्वक भन्नुभयो, "बहिनी, त्यसको औषधी त म राम्ररी जान्दछु ।" यो कुरा सुनेर तिनी आश्वस्त भइन् र त्यो कुन औषधी हो भनेर उत्सुकतापूर्वक सोधिन् ।

त्यहाँ उपस्थित सबैलाई अचम्भित पार्दै तथागतले भन्नुभयो – "त्यो औषधी हो – तोरीको बीउ ।"

हर्षले गद्‌गद् भएर तिनले सोधिन् –"कहाँ गएर त्यस औषधी प्राप्त गर्न सकिन्छ, भगवन ?" तथागतले भन्नुभयो – "जुन घरमा कोही मरेको छैन त्यस घरमा गई अलिकति तोरी ल्याएपुग्छ ।"

तथागतको कुरा शीरोधार्य गरेर तिनी तोरी लिन सहर बजार पसिन् । पहिलो घरमा गएर केही तोरीको दाना छ कि भनी सोधिन् । जवाफ आयो –"छ, किन छैन ?" तिनले सोधिन् –"के म तपाईंकहाँबाट अलिकति तोरी पाउन सक्छु ?" "हुन्छ" भन्ने उत्तर आयो अनि केही तोरीका दानाहरु ल्याएर दिइयो । अनि दोस्रो प्रश्न जसलाई तिनले महत्व दिएकी थिइनन् त्यही प्रश्न सोधिन् –"यो घरमा कोही मरिसकेको त छैन ?" उत्तर आयो – "छ नि, किन छैन ।" त्यस घरलाई पनि छोडी अर्को घरमा गइन् । त्यहाँ पनि यस्तै उत्तर पाइन् । यसरी नै तोरीको खोजी गर्दै, दोस्रो प्रश्न सोध्दै, निरास हुँदै अगाडि बढ्दै गइन् । कुनै घरमा हालसालै कोही मरेको, अलि अगाडि कोही मरेको, कुनै घरमा धेरै अगाडि कोही मरिसकेको भन्ने जवाफ पाइन् । यस्तो कुनै घर भेट्टाइनन् जहाँ कोही पनि अफसम्म मरेको थिएन । नमरेका कुनै



Downloaded from http://dhamma.digital/

पनि घर भेटिंदैन भन्ने जवाफ पाइन् ।

दिनभरि भौंतारिएर बल्ल साँझतिर तिनले बुझिन् कि प्रियको मृत्युमा विह्वल हुने तिनी मात्र होइन रहिछ । मृत्यु त सारा मानिसहरुको प्रारब्ध नै हो रहेछ । मानव शब्दले व्यक्त गर्न नसकेका कुरा तिनको आफ्नै अनुभवद्वारा स्पष्ट भयो । तिनले जीवनको नश्वरतालाई बुझिन् र मृत्युको पञ्जामा बारम्बार पिल्सिएर बस्नुपर्ने बाध्यतालाई पनि राम्ररी बुझिन् ।

भगवान् बुद्धले तिनको शोकलाई कहिल्यै नबल्झिने गरी निको पार्नुभयो र अनित्यताको यथार्थ सत्यको अवबोध गराउनुभयो । किसा गोत्तमीले आफ्नी छोरा मरेको नै हो भन्ने कुरालाई अस्वीकार गरिनन् । सबै सत्व प्राणीहरु एकदिन मर्नुपर्ने रहेछ भन्ने यथार्थलाई राम्ररी बुझिन् ।

दुःखले पिरोलिएका मानिसहरुको दुःख निवारण गर्ने बुद्धका शिक्षा दिने तरिकाहरु यस्तै यस्तै हुन्थे । यसरी आफ्नो दुःखको प्रत्यक्ष अनुभवद्वारा सम्पूर्ण विश्वलाई नै दृष्टिगत गराउने उहाँको उपदेश गर्ने विधि अनौठो र अचुक हुन्थ्यो । यस्तै विधिको अर्को उपमा देख्न पाइन्छ ।

एकपल्ट जब एकजना मान्छे आफ्ना पिताको निधनमा शोक गरिरहेको बेला कुनचाहिँ बाबु – यो जीवनको कि योभन्दा अघिका भनेर प्रश्न गर्नुभएको थियो । यदि शोक गरेको भए एउटा बाबुको लागि मात्र शोक गरेको भन्न मिल्दैन । सबै जन्मका बाबुहरु समान आदरणीय र प्यारा हुन्छन् ।

अर्कोबाजी एउटा शोक-संतप्त व्यक्तिलाई बुद्धले तिम्रो


Downloaded from http://dhamma.digital/

छोराले त पुनर्जन्म पाइसके, तिमी त रित्तो खोलको निमित्त मात्रै शोक गरिरहेका छौ भनी उनलाई सम्झाउनुभएको थियो ।

किसा गोत्तमी होसमा आउनासाथ तिनले निष्प्राण छोरालाई श्मसान घाटमा लगिन्, जलाइन् र तथागतकहाँ फर्किन् । बुद्धले तिनलाई तोरीको दाना लिएर आयौ कि भनी सोध्नुभयो । तिनले तथागतको पाउमा परी आफूले बुझेको कुरा कृतज्ञताका साथ बताइन् । तिनलाई शास्ताले पुत्र वियोग दुःखबाट राम्ररी नै मुक्त पारिदिनुभयो । अनि तथागतले यो श्लोक भन्नुभयो –

*'भीडभाडमा र बालबच्चामा सुख खोजियो,*
*तिम्रा मन सदैव तिनीहरूमै आसक्त भइयो,*
*त्यस्ता व्यक्तिलाई मृत्युले गाँजेर लैजान्छ,*
*जसरी बाढीले निन्द्रामा परेको गाउँलाई ।'*

तिनको मन बुझाइमा परिपक्व भइसकेको र तिनले यथार्थ सत्यको साक्षात्कार गरिसकेकी हुनाले त्यो एउटै श्लोक सुन्नासाथ स्रोतापति फल प्राप्त गर्न समर्थ भइन् । किसाले प्रवज्या मागिन् । त्यसपछि तिनलाई भिक्षुणीसंघमा सामेल गराइयो ।

भिक्षुणी भएर केही समय बिताइसकेपछि धर्मको अध्ययन र अभ्यासमा पोख्त भइन् । एकपल्ट राती तिनले बलिरहेको दियोलाई एकटक हेरिरहिन् र जीवनको उतार चढावलाई त्यस दियोको लप्कोसँग दाँजिन् । तथागतले तिनलाई लक्षित गरी यो छोटो श्लोक सुनाउनुभयो –



Downloaded from http://dhamma.digital/

*'सयौँवर्ष बाँचे पनि,*
*अमृत-पद नभेट्दाई,*
*केही काम छैन बरु,*
*एकैदिन बाँचेको जाती,*
*भेट्टाइकन अमृत-पद ।'*

किसा गोत्तमीले यो गाथा सुनिसकेपछि सबै प्रकारका विकार र भव-बन्धन काटी फालिन् अनि अर्हत-पद प्राप्त गरिलिइन् ।

भनिन्छ, ९२ असंख्य वर्षपूर्वको जन्ममा तिनी फुस्स बुद्धको पालामा बोधिसत्वकी पत्नी थिइन् । काश्यप बुद्धको पालामा तिनी राजकुमारी थिइन् र पछि तिनी भिक्षुणी बनिन् ।

'अग्र भिक्षुणीहरुको गाथाहरु' भन्ने ग्रन्थमा तिनको बारेमा श्लोकहरु पढ्न पाइन्छ जसमा तिनले बुद्धले गर्नुभएको उपदेशका खुसीका क्षणहरुको वर्णन सुन्दर ढंगले गरेकी छिन् । त्यसमा तिनले आर्य र सन्तहरुको संगतको प्रशंसामा यो श्लोक गाएकी छिन् ।

*'सन्तले प्रशंसा गरेका र जोड दिई भनेका,*
*'असलको संगत गर' भन्ने ज्ञान सबैका लागि हो ।*
*असल मित्रसँगको संगत पाएमा,*
*मूर्ख पनि विद्वानमा परिणत हुन्छ ॥*
*ती सत्पुरुषहरूको माफमा रहेर,*
*प्रज्ञाको विकास गर्नु छ हामीले ।*
*तिनीहरूको साथमा रहँदारहँदै,*


Downloaded from http://dhamma.digital/

*दुःखबाट मुक्त हुनु छ हामीले ॥*
*दुःख कसरी आउाछ कसरी जान्छ,*
*दुःखलाई सम्यकरूपले बुझ्नु छ, ।*
*अनि आर्यअष्टांगिक मार्गलाई र,*
*चार आर्य–सत्यलाई पनि बुझ्नु छ ॥'*

बुद्धको शिक्षाले तिनलाई यस जन्म र पहिलेका जन्महरुका दुःखहरुबाट त्राण दिलाइदियो । तिनले पटाचाराको दृष्टान्तलाई अघि सारिन् जसले आफ्ना पति मात्र होइन बच्चा, आमाबाबु र भाइहरुको मृत्युमा शोक विह्वल भई पागल बनी भौंतारेकी थिइन् । पुरूषप्रतिको कामना स्त्रीहरुमा गहन हुन्छ । बुद्ध भन्नुहुन्छ – "स्त्रीले परिश्रम गर्छे तर पुरूषले फल पाउँछ ।" यसै आसक्तिको कारणले ईर्ष्यालु भई दुःख भोग्नुपर्छ, आत्म-निर्भरता गुमाउनुपर्छ र एकान्तमा नैराश्यताको घुम्टो ओढी बस्नुपर्छ ।

यसरी नारी व्यथालाई बुझेर बुद्धले किसा गोत्तमीलाई मार्ग निर्देशन दिनुभयो । तिनले व्यक्त गरेकी यी भावनाले तिनको बुद्धप्रतिको कृतज्ञता प्रष्ट झल्किन्छ । तिनी भन्छिन् –

*'नारीको जीवन–व्यथा कष्टकर छ,*
*संयमित व्यक्तिहरूलाई सारथि भन्छन् ।*
*आफ्ना पति अरूसँग बसेको हेर्दा र,*
*बच्चाको प्रसव हुँदा पनि कष्टकर छ ।*
*कोही नारीहरूको घाँटी निमोठ्छन्,*
*कोही कोमलताको फाइदा उठाउँछन् ।*



Downloaded from http://dhamma.digital/

*विष-पान गराउँछन्, दुःखी निम्त्याउँछन्,*
*अनि बच्चा प्रसव हुने बेलाको पीडा खपी,*
*आमाहरू मृत्युको शिकार हुन पुग्दछन् ॥'*

अर्हतावस्था प्राप्त गरिसकेपछि तिनले पूर्वजन्मका घटनाहरु छर्लङ्ग देखिन् । पटाचाराको सम्बन्धमा तिनी यसो भन्छिन् –

*'बिचरी नारी, तिम्रा सारा सम्बन्धी मरेर गए,*
*तिमीले भोग्यौ असीमित र अपरिमित दुःख ।*
*यतिका आँसु तिमीले झार्‍यौं कि हिसाब छैन,*
*हजारौं जन्महरूदेखि अनवरत अविरल अशेष ॥'*

गाथाको तेस्रो भागमा तिनले मुक्ति प्राप्त हुने सुखको बारेमा वा दुःखहरुबाट पूर्ण मुक्तिपछि प्राप्त हुने सुखको बारेमा तिनी यसो भन्छिन् –

*'मैले पूर्णतया विकसित गरेकी भनेको*
*आर्य अष्टांगिक मार्गको अनुशरण हो ।*
*यही अमृत-पद प्राप्तितिरको गमन हो,*
*मैले धर्मरूपी निर्मल ऐनामा आफूलाई हेरें,*
*अनि दुःखरहित निर्वाणको साक्षात्कार गरें ।.*
*अब त सम्पूर्ण दुःखका भारी बिसाइसकें,*
*जे जे गर्नु थियो जीवनमा ती गरिसकें ।'*

बीच बीचमा मार आई तिनलाई चित्त परीक्षण गर्न आए ।


Downloaded from http://dhamma.digital/

तिनलाई ध्यानबाट विचलित पार्न आए । बच्चाको मृत्यु भइसकेपछि अब पुरूषको चाहना छ कि भनी कामतृष्णा जगाउन आए । किसा गोत्तमीले मारलाई तुरून्तै जवाफ फर्काइन् –

*'बच्चाको मृत्युको कुरा अब नगर, भयो,*
*पुरुषको इच्छा पनि पटक्कै छैन मलाई ।*
*म शोक गर्दिन, न त रोदन नै गर्दछु,*
*न त म तिमीदेखि डर नै मान्दछु मित्र ।*
*इन्द्रिय सुखको लालसा छैन कति पनि,*
*अज्ञानताको अन्धकार पूर्णतः बिलाइसके,*
*मृत्युका सैन्यलाई नास्दै अनि परास्त गर्दै,*
*प्रत्येक विकारबाट म त मुक्त भइसकें ॥'*

तिनले मारलाई पनि 'मित्र' भनी सम्बोधन गरिन् । तिनले आफूमा भय नभएको र समता भएको प्रष्ट्याएकी छिन् । अन्य भिक्षुणीहरुलाई पनि जन्म र मरणको चक्करमा फसाउन असमर्थ भई निरास हुँदै मार त्यहीँ बिलाए ।

भिक्षुणी किसा गोत्तमी नीच कुलबाट माथि उठ्दै पवित्रताको शिखरमा पुगिन् । यस कुराको बुद्धले निकै प्रशंसा गर्नुभयो । बुद्धले तिनलाई अन्य ७५ अग्र श्रावकहरुमध्ये एकमा प्रतिस्थापित गर्नुभयो ।

अस्तु !

भवतु सब्ब मंगलं ।

(हेल्मुथ हेकरको जर्मनीबाट अंग्रेजीमा अनूदित "Buddhist Women.........." बाट नेपालीमा अनुवाद तथा सम्पादन ।)



Downloaded from http://dhamma.digital/

# 'धम्मकथिक धम्मदिन्ना थेरी'को सम्बन्धमा

## अनुवादकको टिप्पणी

*कसैँग कस्तो प्रतिभा हुन्छ, कुन कर्मले फल दिन बाटो कुरिरहेको हुन्छ, कसैले भन्न सक्दैन । परिस्थितिले ठेस पुऱ्याइएकोबाट, प्रेरणाले घच्घच्याइएकोबाट र मर्मस्पर्शी घटनाको कारणले शिक्षा लिन सक्ने व्यक्ति कहाँबाट कहाँ पुग्दो रहेछ, केबाट के बन्दोरहेछ भन्ने कुराको टड्कारो दृष्टान्त हो – यो धम्मदिन्ना थेरी कथा ।*

*त्यसरी ठेस पुगेकोलाई राम्रो परिणामसम्मत बनाउने जिम्मा आफैमा हुन्छ, नराम्रो परिणामको जिम्मेदार पनि स्वयं नै हुन्छ । यस कथावस्तुमा धम्मदिन्नालाई उनको पतिले बहिनी भएर बस भनेको, विवाह गरी अन्तै दिइपठाउँछु भनेको कुराले तिनी मर्माहित भइन् । यस्तो कुरा एक नारीले पतिको मुखबाट सुन्न सकिने कुरो थिएन । यस कुराले आत्मसम्मानमा र स्वाभिमानमा ठेस पुगेको महसुस गरिन् धम्मदिन्नाले र त्यसकुरालाई उन्नति प्रगतिको खुड्किलो चढ्ने बलको रूपमा लिइन् । मेहनत गर्दै जाँदा अन्ततः पतिले पाएको मार्गफलभन्दा माथिको मार्गफल पाउन समर्थ पनि भइन् । उनकी पति विशाखले अनागामी मार्गफल प्राप्त गरेको थियो तर*

Downloaded from http://dhamma.digital/

धम्मभदिन्नाले अर्हतफल प्राप्त गरिछाडिन् । कसैबाट पाएको अवहेलनाबाट पनि जीवन उत्सर्ग गर्ने ऊर्जा पाउन सकिन्छ भन्ने बेजोड नमुना हो – यो धम्मदिन्ना कथा ।

यहाँनिर कालिदाससँग घटेको घटना सम्झना आउँछ । 'मेरो बाल्यकालको 'क' दुब्लाएर कति सानो भएको' भन्ने कालिदासको बेतुकी कुरा सुनेर राजकुमारीले 'यो त पटमूर्ख पो रहेछ, विद्वान भनी विवाह गरेको त' भनी कालिदासलाई लात्ताले भकुरेर भऱ्याङ्गबाट खसालिदिई । स्वास्नीले भकुरेकोलाई नराम्रो ठानेनन् कालिदासले । बरू यसबाट प्रेरणा लिई विद्याध्ययन गरी पछि 'महाकवि कालिदास'को नामले प्रख्यात भए । त्यसरी स्वास्नीले भकुरेकोबाट शिक्षा नलिएको भए कालिदास महामूर्खको महामूर्ख नै रहने थियो ।

आफूमा घटेको वा घटाइएको घटना वा परिस्थितिलाई जानेदेखि उन्नतिको खुड्किला चढ्ने अवसरको रूपमा लिन सकिन्छ भन्ने शिक्षा पाइन्छ यस बुद्धकालीन कथावस्तु 'धम्मकथिक धम्मदिन्ना' कथाबाट ।





Downloaded from http://dhamma.digital/

२

# धम्मकथिक धम्मदिन्ना थेरी

## परिचय

धम्मदिन्ना एक सन्नारी थिइन् । गौत्तम बुद्धको पालामा तिनी एक प्रख्यात नारीमा गनिएकी थिइन् । तिनी भिक्षुणी भएपछि धम्मकथिकको स्थानमा 'एतदग्ग' पद प्राप्त भएकी एक विदुषी नारी भइन् । तिनले पूर्वजन्महरुमा थुप्रै पारमिता धर्म पूर्ण गरेकी थिइन् । अतीतमा एकलाख कल्पपूर्व पदुमुत्तर तथागतको पालादेखि पारमिता धर्म संचय गर्दै एकलाख कल्पभित्र अनेक देव, मनुष्य लोकमा घुमी घुमी जन्म लिएर आएकी थिइन् ।

## पूर्वकथा

धम्मदिन्नाको पूर्वजन्मबारे प्रकटरुपमा थाहा पाउन सकिने जन्मको कुरा यसो हो । फुस्स तथागतको पालामा तीन महिनासम्म दस शील पालन गरी काषाय वस्त्र धारण गरी तथागतप्रमुख बीस हजार भिक्षुसंघलाई दान प्रदान गरी पुण्य संचय गरेकी थिइन् । दान लिन आउनेलाई मागेकोभन्दा बढी दान दिई अनि शील पालनमा प्रशंसायोग्य भई काम गरेर आएकी थिइन् ।

भद्रकल्पमा काश्यप तथागतको उदय भयो । त्यसबेला


Downloaded from http://dhamma.digital/

धम्मदिन्ना किकि भन्ने राजाका सात छोरीहरुमध्ये सुधम्मा नामकी छोरी थिइन् । त्यस जन्ममा तिनले आजन्म ब्रम्हचर्य शिक्षा पालन गरी दशशीलादि धर्म पनि पालन गरी काषायधारी भई २० हजारवर्षसम्म पारमिता धर्मगुण संचय गरेकी थिइन् । त्यहाँबाट च्युत भई गौत्तम तथागत उत्पन्न हुनुपूर्व, तिनी अनेक भवमा जन्म लिई देव-सम्पति, मनुष्य-सम्पति उपभोग गर्दै काश्यप तथागतको पालादेखि हीनकुलमा जन्म नभई ५०० पल्ट इन्द्रको महारानी, महाजननी, साहुनी भएर जन्म लिंदै आएकी थिइन् । त्यसैले भनिएको छ –

***'कुलले हि निम्मितानि, सुख भोगानि विन्दरे ।***
***महा पुञा अनायासा, भवे सुच्चेसु सब्बदा ॥'***

यसको संक्षिप्त अर्थ हो –

महापुण्यवानहरुले आफूले गरेका पुण्यफलको सुखभोग गर्न पाउँछन् । पुण्य सित्तैमा जाँदैन ।

## ***वर्तमान जीवन***

यसरी धम्मदिन्नाले उच्च सुख ऐश्वर्य भाग गर्दै शाक्यमुनि तथागतको पालामा राजगृह नगरमा ८० करोड सम्पति भएका एकजना महाजनको कुलमा जन्म लिइन् । धर्मयुक्त उत्तम पुत्री भएकीले तिनको नाम धम्मदिन्ना राखियो । पदुमुत्तर तथागतको पालामा नै तिनले भवबन्धनमुक्त हुने प्रार्थना गरेकी थिइन् । यो जन्म तिनको अन्तिम जन्म थियो । पहिले आफूले गरिआएका पुण्यकर्मको कारणले रुपलक्षणयुक्त भई उत्तम गुणयुक्त भएकीले



Downloaded from http://dhamma.digital/

तिनी उत्तम नारीमा गनिएकी थिइन् ।

सोह्रवर्षकी भएपछि सुन्दर रुपलावण्य भएकी धम्मदिन्ना देशभरि नै सुन्दरताको निम्ति प्रख्यात भइन् । अनेक साहु महाजनका कुलहरुबाट सौगात पठाई धम्मदिन्नालाई माग्न आए । तर राजा बिम्बिसारले कसैको पनि सौगात स्वीकारेनन् । सानैदेखि तक्षशीलामा सँगै पढेका विशाख सेठसँग धम्मदिन्नाको विवाह गरिदिए । धम्मदिन्नाले पनि बुबाको वचन उलङ्घन नगरी विशाख सेठसँग विवाह गरी लौकिक सुखभोग गरिबसिन् ।

विशाख सेठ पनि पारमिता पूर्ण गरिआएका व्यक्ति हुन् । राजगृहमा भगवान् बुद्ध आउनुहुँदा बिम्बिसार राजासँगै धर्मोपदेश सुनेर स्रोतापन्न भइसकेका थिए । स्रोतापन्नहरु कामतृष्णाबाट मुक्त भइनसक्ने हुनाले विवाह-बन्धनमा बाँधिन्छन् । भगवान् बुद्धको समयमा सोतापन्न भएर पनि विवाह गर्ने कैयौं उपासक उपासिकाहरु थिए । विशाखा महोपासिका पनि सातवर्ष हुँदा नै स्रोतापन्न भएकी थिइन् । तर पनि उमेर पूर्ण भएपछि पूर्णवर्धन सेठपुत्रसँग विशाखाको विवाह भएको थियो । तिनका १० छोरा, १० छोरी, ४०० नाति र ८००० पनाति थिए र सुखानन्दपूर्वक जीवन बिताएकी थिइन् । विशाखा माताको नाम प्रख्यात भएझैं पूर्णवर्धनको नाम प्रख्यात थिएन । विशाखामार्फत नै त्यस घरमा परिवारले बुद्ध-धर्म ग्रहण गरेका थिए । फेरि पूर्वाराम विहार निर्माण र त्यसपछि पनि विशाखाले ठूल्ठला दान कार्य श्रद्धायुक्त चित्तले गरेकी थिइन् । त्यसैले पनि विशाखाको नाम कीर्ति फैलिएको थियो ।

विशाख सेठ स्रोतापन्न भएकोले पनि बिम्बिसार राजासँग

Downloaded from http://dhamma.digital/

बेलुवन विहारमा भगवान् बुद्धको दर्शनार्थ जाने गर्थे । बालकक्कालदेखि सँगसँगै पढेका हुनाले ती दुवै साह्रै मिल्थे । सेंठले धर्म देशना सुन्न जान बरोबर भन्थे तर विशाखाको धर्म सुन्ने जाने इच्छा थिएन । त्यसैले धम्मदिन्नालाई धर्मका कुरा त्यति थाहा थिएन ।

सुन्ने इच्छा पनि कसरी जाग्थ्यो, धन, सम्पति, यौवनले मस्त भएकी भएर पनि तिनमा धर्ममा श्रद्धा जागेको थिएन । जहिले पनि विषय सुखमा भुलेर आफ्नो शरीरलाई मात्रै सिंगारेर बस्थिन् । तिनका परिचारिकाहरुले पनि तिनको सेवा तन्मयताकासाथ गर्थे । गहना नलगाउँदा पनि तिनी त्यतिकै सुन्दर देखिन्थिन् । नाना प्रकारका हीरा मोतिका गहना लगाई, सुगन्धित तेल लगाई अनि सुन्दर उत्तम वस्त्र लगाई सिंगारेर बस्दा तिनी अति सुन्दरी र आकर्षक देखिन्थिन् । तर विशाख सेंठ स्रोतापन्न भएकोले पृथकजनहरुभैँ काम-रसमा मात्र त्यति धेरै भुलेर बस्दैनथे । उनी बरोबर धर्म देशना सुन्ने र दान धर्म कार्य सम्पादन गर्ने कार्यमा तत्पर रहन्थे ।

सेंठले धम्मदिन्नालाई भगवान् बुद्धको दर्शन गर्न जान र धर्म उपदेश सुन्न लैजान धेरै कोशिस गरे तर धम्मदिन्ना मान्दैनथिन् । तिनी भन्थिन् – "हे स्वामी ! धर्मोपदेश सुनेर के सुख हुन्छ र ! अहँ, म त जान्नँ । तपाईं मात्र जानुहोस् ।" यसो भने पनि सेंठले धम्मदिन्नाको मन फर्काउने मौका हेरिरहेका थिए । बीच बीचमा उनले कहिले नम्रतापूर्वक कहिले प्रेमपूर्वक सम्भाइरहन्थे । अनित्य, दुःख, अनात्म र अशुभका कुरा सम्भाइरहन्थे । तर पनि धम्मदिन्नालाई बोध गर्न सकिरहेका थिएनन् । धम्मदिन्ना भन्थिन्



Downloaded from http://dhamma.digital/

– "तपाईंले सुनाउनुभएको कुरा त भयलाग्दो छ । यति राम्रो शरीरलाई पनि घृणाभावले हेर्नुपर्ने । प्रेम गर्न नहुने रे, सुख लिन नहुन रे दुःख सम्झनुपर्ने रे ! यस्तो उपदेश त मलाई मन पर्दैन । तपाईं नै हेर्नुहोस् न । मेरो शरीर घृणा गर्न लायकको छ त ? यस्तो कुरा मलाई नसुनाउनुहोस् । मसँग धन सम्पति यथेष्ट छ । मलाई दुःख भन्ने नै छैन । तपाईं मात्रै धर्म उपदेश सुन्न जानुहोस् । सुख ऐश्वर्यको निन्दा भएको म सुन्नै सक्दिन ।"

तिनको कुरा सुनेर सेंठ आफै चुप लाग्थे । तर दिक्क नमानिकन फेरि फेरि पनि भन्थे – "मेरो कुरा एकफेरा त सुनिदेऊ । धर्म भन्ने कुरा मानिसलाई नभइनहुने कुरा हो । धर्मको फल प्राप्त भएर नै राजा, महाराजा, सेंठ, पण्डित, महाजन इत्यादि हुने हुन् । हामीले समयमै धर्म गर्नुपर्दछ । धर्मको रसास्वादन गरेपछि नै धर्मको मर्म बुझिन्छ । कुरा नबुझिकन हुँदैन । सुख सम्पति मात्र सार तत्व होइन । त्यसैले एकचोटी त धर्मको कुरा सुनिहेर । भगवान् बुद्धलाई कसैसित तुलना गर्न सकिंदैन । श्री शोभायुक्त भएका उहाँ तथागतलाई तिमीले एकचोटी दर्शन गरिहेरे तिमी शायद त्यहाँबाट फर्केर आउने इच्छा गर्ने छैनौ । जाऊँ, एकचोटी त जानुपर्छ नि ।" यसरी नरम मिजासले कुरा सम्झाउँथे ।

तर पनि धम्मदिन्ना भन्थिन् – "यस्ता कुरा तपाईंका मित्र राजा आउनुहुँदा उहाँलाई सुनाउनुहोस् । तपाईंलाई अरु कुराको ध्याउन्नै छैन । जहिले पनि विहार जाऊँ, धर्म उपदेश सुन भन्नुहुन्छ ।" यसरी पनि तिनी झर्कने तर्कने गर्दथिन् । तर सेंठ स्रोतापन्न भएकाले आफ्नी पत्नीले झर्कने गरे पनि नरिसाइकन


Downloaded from http://dhamma.digital/

प्रेमपूर्वक कुरा गरी मन शान्त पार्थे । धनसम्पति, खाने लाउने र अन्य खर्च बर्चको विषयमा विवाद गर्न नपरे पनि, धर्मोपदेश सुन्ने र सुन्न जाने कुरामा बराबर यस्तै भर्कने तर्कने भइरहन्थ्यो । अबुभहरुलाई सम्भाउन बुभाउन स्रोतापति हुनेलाई पनि कठिन हुन्छ ।

बिम्बिसार राजाकहाँ पनि विशाख सेंठकहाँजस्तै भइरहेको थियो । खेमा महारानीले पनि सुख ऐश्वर्यमा भुलेर बसिरहेकीले धर्मोपदेश सुन्ने इच्छा गर्दैनथिन् । भनिएको पनि छ –

***'अब्भ समा कामभोगा, सद्धम्मो च निसाकरो ।***
***भोगब्भम्हि, अभिच्छन्ने, चन्दो सो नो हि भासते ॥'***

अर्थात् –

काम सुख भनेको आलोकलाई छोप्ने बादलभैँ हो । सत्पुरूषहरुको सद्धर्म पूर्ण चन्द्रमाभैँ हो । त्यसैले काम सुखरुपी बादलले ढाकिराखेको चन्द्रमारुपी आलोक प्रकाशित हुन कठिन हुन्छ ।

एकदिन सेंठ रथमा सवार भई बेलुवन विहारमा गए । बुद्धलाई आदरपूर्वक वन्दना गरी एकछेउ उभिए । त्यसबेला उहाँ तथागतले नाम रुप पञ्चस्कन्ध विषयलाई विश्लेषण गरी उपदेश दिनुभयो । उपदेश सुनी विशाख सेंठ अनागामी फलमा प्रतिष्ठित भए । अनागामी फल प्राप्त भएपछि कामतृष्णा र द्वेष पूर्णरुपले निर्मूल हुन्छन् । उनी अब आफ्नी पत्नीसँगको शारीरिक प्रेम सम्बन्धबाट अलग हुने भए । त्यति मात्र नभई सराग चित्तले कुरा



Downloaded from http://dhamma.digital/

गर्ने स्वभावसमेत उनमा नरहने भए ।

अब अनागामी फल प्राप्त भएपछि सेंठको धम्मदिन्नासँगको यौवन सुखको आकर्षण अब रहेन । सम्पतिको घमण्ड पनि अब रहेन । शारीरिक सुखको सम्बन्धमा ती दुईको राय नमिल्ने भयो, इच्छा विपरित हुने भयो । घर पुगेपछि अवस्था हेरी कुरा गर्नुपर्ला भनी निश्चय गर्दै सेंठ गइरहेका थिए । धर्मोपदेश दिंदा पनि नहुनेलाई के गर्ने त भनी मनमा गुन्दै घर पुगे ।

ढोकानिर पुग्नेवित्तिकै सदाभैँ धम्मदिन्नाले पतिलाई प्रेमपूर्वक स्वागत गरी माथि लैजान चाहिन् । तर सेंठको स्वभाव पहिलेको जस्तै थिएन । तिनलाई पुलुक्क पनि नहेरी माथि उक्ले । धम्मदिन्नालाई मनमा ठूलो चोट लाग्यो । तिनको मनमा कुरा खेल्यो – 'आज सेंठलाई के भएछ । मलाई मात्र नराम्रो शंकाको दृष्टिले हेर्नुभयो कि !अथवा कसैले कुरा पो लगाए कि ! मुखको भाव पनि अलि बेग्लै देख्दछु । यस घरमा आएदेखिन् यस्तो त कहिल्यै भएको थिएन । साह्रै अद्भूत भयो ।' यसरी मनमा तर्क-वितर्क गर्दै माथि पुगिन् । पहिले पहिले आफूले गरिआएभैँ सेवा कार्य गर्दैगइन् । तर पनि विशाख सेंठ केही नबोली चूप लागिबसे । उता धम्मदिन्नाको मनमा ढ्याङ्ग्रो ठोक्यो । भनिएको पनि छ –

***'कुक्खन्ति नारियो भूसं, अनलपम्हि सामिके ।***
***हदयं डह्यमाना व पिये, भाकुटिक इध ॥'***

अर्थात् –

यस लोकमा आफ्ना प्रिय स्वामीले केही नबोली बस्दा, रिसाएर बस्दा स्वामीको आधार लिई बसेका नारीहरुको हृदयमा


Downloaded from http://dhamma.digital/

आगो दनदन बलेझैं दुःखरुपी राप र तापको आगो दन्किन्छ ।

धम्मदिन्नालाई पनि यस्तै अनुभव भयो । बेलुकीको भोजन गराउने बेला भयो । सँधैझैं आफैले प्रेमपूर्वक भोजन ठीक गरिन् । भोजन गराउन मायाँ गरी बोलाएर ल्याइन् । सेंठले सदाको जस्तै आफ्नै आसनमा बसी भोजन गरे । थप्नुपर्ने परिकार धम्मदिन्नाले आदरपूर्वक थपिदिंदै गरिन् । पहिले भए नाना थरी कुरा गरी गरी भोजन गर्दथे । आज त पुलुक्क पनि मुहारमा हेरेनन् । टाउको नै नउठाई भोजन गरिराखे । केही पनि शब्द उच्चारण गरेनन् । अब यसरी भएन, यथार्थ के हो बुझ्नुपऱ्यो, कुरा नबुझेसम्म मन शान्त नहुने भयो भनी सोची मुख बाइन् –"स्वामी ! तपाईसँग म एउटा कुरा सोध्छु ।"

यो कुरा सुनेर विशाख सेंठले सोमनस्स चित्तले भने – "तिमी के कुरा सोध्न चाहन्छौ, सोध बहिनी ! एउटा कुरा सोध्नपनि मसँग वचन लिनुपर्छ र ?"

धम्मदिन्नाले भनिन् – "हो, आज तपाईको मुहार हिजो अस्तिको जस्तो छैन । त्यसैले कुरा सोध्न वचन मागेकी ।"

"हुन्छ, सोध, के सोध्न चाहन्छौ ।"

धम्मदिन्नाले भनिन् – "हे स्वामी ! आज सोध्न चाहेका कुराहरु धेरै छन् । एक एक कुराको राम्ररी जवाफ दिनुभयो भने मेरो मन शान्त हुनेछ । तपाई घर फर्कनुहुँदा पहिले भए मलाई देखेर हाँस्नुहुन्थ्यो । आज मुखै हेर्नुभएन । भऱ्याङ्ग पनि एक्लै चढ्नुभयो । पहिले अंकमाल गरी सँगै चढ्नुहुन्थ्यो । पहिले पहिले माथि पुगेर आफू पुगेर आएको ठाउँको वर्णन गर्नुहुन्थ्यो । बगैंचामा



Downloaded from http://dhamma.digital/

टिपेर ल्याइएका फूलहरु पनि मलाई दिनुहुन्थ्यो । तर आज त तपाई त ढुँगाको मूर्तिझैं देखिनुभयो । यसको कारण के हो थाहा भएन । पहिले भए कुरा गरी गरी भोजन गर्नुहुन्थ्यो । आज केही कुरै गर्नुभएन । यसरी कुरा सोधिन् भनेर नरिसाउनुहोला । तपाईंको स्वभाव मैलेजस्तो अरु कसले बुझेको होला र ? अकस्मात तपाईंको चित्तको स्वभाव बदलेको देख्दा यो चित्तले सहन सकेन । मेरो केही दोष भए कृपया औंल्याइदिनुहोस् ।"

यो कुरा सुनेर विशाख सेंठले भने – "तिम्रा मनमा यस्ता कुरा उब्जिनु अस्वाभाविक होइन । मेरो चित्त परिवर्तन भएको कारण बताउँछु । आज म भगवान् बुद्धकहाँ गएँ । उहाँले सुनाउनुभएको गम्भीर धर्मलाई मैले यथार्थ बुझें । मलाई बुद्धसन्मुख नै अनागामी फल प्राप्त भयो । त्यसैले मेरो रुप र चाल अघिपछिको जस्तो भएन । धम्मदिन्नालाई अनागामी फलको बारेमा केही थाहा थिएन । त्यसैले तिनले त्यस्तै नासमझका कुरा गरिरहिन् । तिनले भनिन् –"तपाईंले भने त्यही धर्मदेशनाका कुरा मात्र उठाउनुहुन्छ । अनागामी फल प्राप्तहरु के ढुँगाको मूर्तिझैं नबोली बस्दछन् कि ? मैले बुझ्नेगरी भन्नुहोस् ।"

विशाख सेंठलाई के गरुँ कसो गरुँ भयो । कसरी धम्मदिन्नालाई धर्मका कुरा बुझाउँ झैं भयो । धर्म नजान्नेहरुका लागि धर्मका कुरा बुझाउन कठिन हुन्छ भनेको ठीकै रहेछ । यो कुरा बुझेर विशाखले भने – "धम्मदिन्ना ! अनागामीहरुमा कामतृष्णा र द्वेष चित्त कत्ति पनि हुँदैन । कामतृष्णा नभएपछि तिनीहरु पृथकजनहरुझैं आफ्ना स्त्रीसँग रमाउने सम्भाव्यता

Downloaded from http://dhamma.digital

पनि रहँदैन । यसैले पनि म पहिलेजस्तै नभएको हुँ । मैले तिम्रो कुनै अपराध देखेर रिसाएको होइन । तिम्रो केही दोष छैन ।"

सेंठका कुरा सुनेर धम्मदिन्ना एक किसिमले तर्सिन् । अनि दुःखी अनुहार लिएर भनिन् – "स्वामी ! तपाईंले भन्नुभएको कुरा के सही हो ?"

विशाखले भने – "अनागामीहरु कहिल्यै झुठ बोल्दैनन् ।"

धम्मदिन्ना – "उसोभए म तपाईंसँग अलग्ग भएर बस्नुपर्‍यो होइन त ?

यो कुरा सुनेर विशाखले निम्न श्लोकद्वारा सम्झाए –

***'सुणं मे वचनं अय्यो, अहं हि छिन्न कामिनो ।***
***त्वञ्चे बसितुं इच्छेय्य, चोसि भगिनी सदा ॥***
***अञ्ञञ्चे सामिकं इच्छे, गण्हे मे सब्ब सम्पदं ॥'***

अर्थात् –

हे अय्य ! मेरो कुरा ध्यान दिएर सुन । म पञ्चकामगुणले मुक्त भइसकें । यदि तिमी यसै घरमा बस्छौ भने मेरो बहिनीको रुपमा बस । अथवा तिम्रो इच्छा भए मेरो धनसम्पति सबै लिएर अर्कै स्वामीकहाँ जान चाहन्छौ भने पनि जाऊ ।

यो श्लोक सुनाई फेरि पनि भने – "बहिनी धम्मदिन्ना ! म तिमीलाई प्रष्टै भन्छु, फेरि ध्यान दिएर सुन । म विषय सुखबाट मुक्त भइसकें । मबाट तिमी स्वतन्त्र छौ । अब तिमीले हेरी यहाँ मेरी बहिनी भएर बस्न मनलाग्छ कि अन्तै विवाह गरी जान मनलाग्छ, जे मनलाग्छ त्यसै गर ।"

आफ्ना स्वामीका यस्ता कुरा सुनी मन थाम्न नसकी



Downloaded from http://dhamma.digital/

धम्मदिन्ना भुईंमा ढल्न पुगिन् । आइमाई जात न ठहरियो । चित्त कमजोर भएको कारणले तिनी त्यहीं मूर्छित भइन् । मूर्छित भएकी धम्मदिन्नालाई देखेर पनि विशाखलाई कत्ति पनि दुःखानुभव भएन । करुणा राखी धम्मदिन्नाको होस ठेगानमा ल्याउने उपाय गर्नतिर लागे ।

धम्मदिन्ना होसमा आइन् । तिनले सेंठको पाउ परी रोई कराई विलाप गरी भन्न लागिन् – "हे स्वामी ! के अनागामीहरु के यसरी निर्दयी निर्मोही हुन्छन् र ? के म पतिव्रता धर्ममा रहन सक्दिनँ होली भनेर त्यसो भन्नुभएको हो कि ! इन्द्रले फकाउन आए पनि म तपाईंलाई छोडी जान्नँ । अनागामी भएकै कारणले मलाई अर्का पुरुषसँग जाने भए जाऊ भनी कसरी भन्न सक्नुभएको ?" तिनी पृथकजन भएकीले चित्तमा परेको दाह सहन नसकी यसरी मनको व्यथा पोखेकी हुन् । तिनी मनमा आएका कुराहरु फलाक्दै रोइरहिन् । तिनलाई आफ्नो खुट्टामुनिको भुईं धसेर गएझैं भयो ।

भनिएको पनि छ –

***'विप्पवास कथं सुत्वा, भासितं पिय भत्तुनो ।***
***असनिस्स निबातो व, दारानं दुक्ख दाह नं ॥'***

अर्थात् –

आफ्ना प्रिय स्वामीसँग वियोग हुनुपर्ने कुरा सुन्दा पतिव्रता स्त्रीको मनमा दाह हुनु स्वाभाविकै हो । परपुरूषप्रति प्रेम भएकाहरु मात्र पति वियोगको कुरा सुन्दा दुःखीत हुँदैनन्, बरू हर्षित हुन्छन् ।

नवयौवना धम्मदिन्नालाई विशाख सेंठले धनसम्पति सबै

 Downloaded from http://dhamma.digital/ 

लिएर जान सक्छौ भन्दा सेंठप्रति प्रेम नभएको भए साह्रै प्रशन्न हुन्थिन्, दुःखी हुँदैनथिन् । परन्तु धम्मदिन्नालाई पति वियोगको कुरा सुन्दा चित्तमा दाह भई अत्यन्त दुःखी भइन् ।

धम्मदिन्नाले मन थाम्न सकिनँ । तर पनि एकलाख कल्पसम्म पुण्य पारमिता पूर्ण गरी आएकीले आफ्नो चित्तलाई यथास्थितिमा राखि नछोडी केही समयभित्रै चित्त परिवर्तन गर्न समर्थ भइन् । तिनले विचार गरिन् 'मेरा स्वामी अनागामी हुनुभई कामतृष्णा र द्वेषबाट मुक्त हुनुभयो । मसँग बस्न सक्दिन भन्नुभयो । धनसम्पति कुम्ल्याई आफूलाई मनपर्ने पुरूषसँग जाने अनुमति दिनुभयो । योभन्दा ठूलो दुःखको कुरा अरु के हुन सक्ला ? उहाँले सिंगानझैं त्याग्नुभएको सम्पतिलाई म पनि त्याग्छु । नारी भएर केही गर्न नसक्ने लुरी त होइन नि म पनि ! म नारी भएँ, उहाँ पुरूष हुनुभयो । फरक यति न हो ! उहाँले यतिसम्म पनि भन्नुभयो – बहिनीको रुपमा बसेर काम गर । मैले मात्रै त्याग्न सक्दैन भन्ठान्नुभएको होला । उहाँ कामतृष्णाबाट मुक्त भएझैं म हुन सक्दिन होला भनेर त त्यसो भन्नुभएको होला । कामतृष्णाबाट मुक्त हुने शक्ति उहाँसँग मात्र छ भन्ठान्नुभएको होला । म नारी जातिको भए पनि कामतृष्णाबाट मुक्त हुने ज्ञान अवश्य प्राप्त गर्न सक्दछु । उहाँ तृष्णामुक्त भई म आफू तृष्णायुक्त भइबस्नु कत्तिको लज्जास्पद कुरा होला ?'

यति विचार गरी धम्मदिन्नाले विशाख सेंठलाई भनिन् – "हे स्वामी ! तपाईंले प्राप्त गरिलिनुभएको धर्म अथवा ज्ञान नारी जातिले प्रात गरिलिन सक्छन् कि सक्दैनन् ?"



Downloaded from http://dhamma.digital/

यो कुरा सुनेर धम्मदिन्नालाई धर्ममा प्रयुक्त गराउन नसकी हैरान भइरहेका सेंठले सोमनस्स चित्तले भने –"धम्मदिन्ना ! भगवान बुद्धको धर्ममा व्यक्तिभेद छैन । प्रज्ञा जगाउन सक्ने जो कोहीले पनि त्यो ज्ञान प्राप्त गरिलिन सक्छ ।"

विशाख सेंठको यस्तो कुरा सुनी धम्मदिन्नाले मनमनै भनिन् 'त्यसो भए म पनि त्यो ज्ञान हासिल गर्नमा प्रयत्न गर्दछु । कामतृष्णाको बन्धनमा पर्नु साह्रै लज्जाको कुरा भयो मलाई । बहिनीको रुपमा रहनुभन्दा त्यागी भएर हिंड्नु नै बेस !' यति सोची यो गाथा पढी सुनाइन् –

***'इमिना पूति कायेन, कामराग बसं गता ।***
***आगारे बसितुं बानि, लज्जामि गीहि बेसिका ॥'***

अर्थात् –

हे स्वामी ! यो दुषित शरीर बोकी पञ्चकाम गुणको वशमा परी गृहस्थहरुले घरमा आनन्दसाथ रम्नु ठूलो भ्रम हो ।

धम्मदिन्नाको यो कुरा सुनेर सेंठले विचार गरे कि यिनको कुरा राम्रो र सही हो । तर यिनले वियोग सहन नसकेर मात्र त्यसो भनेकी हो कि ! साँच्चै भनेकी भए तिनलाई मुरी मुरी साधुवाद छ । उनले भने – "बहिनी ! घरमा नबसी के वनमा बस्न जान्छौ त ?"

धम्मदिन्ना – "हो, तपाईको वचन भए म वनमा जान पनि तयार छु । कृपया दया राख्नुभई मलाई वन जाने आज्ञा दिनुहोस् ।"


Downloaded from http://dhamma.digital/

विशाख सेंठ –"बहिनी ! आइमाईहरु जुनसुकै कुरामा पनि विना सोची सम्झी बोल्दछन् । साँच्चै श्रद्धा चित्त जगाई भिक्षुणी हुनु राम्रो हो । श्रद्धाले प्रव्रजित भएमा मात्र बुद्ध शासनमा टिकेर बस्न सकिन्छ । श्रद्धा नजगाई मनमा झट्ट आउनेवित्तिकै प्रव्रजित भएमा पछि अश्रद्धा जागी गृहस्थीमा फर्कन मन हुन्छ । प्रव्रजित भएर बस्नु लोकमा कठिनतर काम हो । त्यसैले सामान्यरुपले विचार गरी निर्णय लिनुहुँदैन ।"

धम्मदिन्ना – "के म तपाईले हेर्दा भिक्षुणी बन्न सक्दैन जस्तो लाग्छ ? म त्यति श्रद्धाविहीन होइन । भिक्षुणी भएर फेरि गृहस्थ जीवनमा फर्केर आउली भनी नसम्झनुहोला । तपाईले केही धन्दा मान्नुपर्दैन । सिर्फ वचन मात्र दिनुहोस् ।"

एक्कासी परिवर्तन भएकी धम्मदिन्नालाई पुनः विचार गरी विशाख सेंठले भने – "बहिनी ! भिक्षुणी हुनु कठिन कार्य हो । एक्लै बस्नुपर्छ अनि एकछाकी हुनुपर्छ । कसैको भरमा बस्नुहुँदैन । सेवा गर्ने परिचारिका भएकी भिक्षुणी हुनु त झन दुःखदायी हुन्छ । नरम र मोटा ओढ्यान त्याग्नुपर्छ । श्रीखण्ड, सुगन्धित अत्तर दल्ने, फूल सिउरने, गहनापात धारण गर्ने इत्यादि सबै त्याग्नुपर्छ । आफ्नै भरोसामा बस्नुपर्छ । घर घरमा गई भिक्षा लिई जीविका गर्नुपर्छ । तिमी यहाँ सुखपूर्वक जीवन विताइरहेकी सुकोमल शरीर भएकी हौ । भिक्षुणी भएर बिताउनुपर्ने कष्टकर जीवन सहन सके मात्र भिक्षुणी बने हुन्छ । फेरि एकपल्ट विचार गरी हेर । त्यति सजिलो छैन है । नारी स्वभाववश मनमा आयो भन्दैमा बोल्नुहुँदैन । भिक्षुणी भएको मलाई मन नपर्ने होइन । तिम्रो स्वभाव बुझेर मात्र



Downloaded from http://dhamma.digital/

यसो भनेको हुँ । फेरि तिमी उमेरदार छौ । त्यसैले तिमीलाई साह्रै दुःख होला भनेर करुणा राखी यति बोलेको हुँ ।"

धम्मदिन्ना –"हो स्वामी ! मैले भिक्षुणी भएकाहरु धेरै देखेको छु । स्थविरनी गौत्तमी र अन्य शाक्य राजकुमारहरुका पत्नीहरु मभन्दा पनि सुकुमारी छन् । तिनीहरु भिक्षुणी हुन सक्ने, म किन हुन नसक्ने ? भिक्षुणी भएपछि तपाईंले मेरो शक्ति देखिहाल्नुहुनेछ । यसमा तपाईंले केही धन्दा लिनुपर्दैन । वचन मात्र दिनुहोस् । भिक्षुणी भएपछि खानपान गर्ने बारेमा चिन्ता नगर्नुहोला । घर घरमा भिक्षा दिनेहरु धेरै छन् । यति भनी धम्मपदमा आएका गाथा पढी सुनाइन् –

***'पच्चति मुनिनो भत्तं , थोकं थोकं घरे घरे ।***
***पिण्डिकाय गम्मिस्सामि, अत्थि जबलं मम ॥'***

अर्थात् –

हे आर्यपुत्र ! भिक्षुहरुका लागि भनेर घर घरमा अलि अलि भए पनि खाने र पिउने कुरा तयार गरिराखेका हुन्छन् अनि भिक्षाचरण जान मेरा खुट्टा अझै बलिया छन् ।

बल्ल यो कुरा सुनेर विशाख सेंठलाई विश्वास भयो । यस्तै धारणा हो भने भिक्षुणी हुन वचन दिन्छु भनी धम्मदिन्नालाई भिक्षुणी हुन वचन दिए । वचन पाएर धम्मदिन्ना अति प्रशन्न भइन् ।

## धम्मदिन्नाको प्रवज्या

धम्मदिन्नाको प्रवज्या मंगल कार्य राम्रैसित सम्पन्न भयो ।

Downloaded from http://dhamma.digital/

यहाँ राम्रैसित को अर्थ के हो भने विशाखले बिम्बिसार राजाकहाँगई धम्मदिन्ना भिक्षुणी हुन चाहेकी कुरा बताए । मित्रको प्रवज्या मंगल कार्यमा राजाले आवश्यक सहयोग पुऱ्याए । राजाका छोरा छोरीहरु र सेनापतिलगायतले यस कार्यमा सहमति जनाई सहयोगसमेत गरे । धम्मदिन्नाको यस प्रवज्या कार्यमा भगवान् बुद्धप्रमुख भिक्षुसंघ सम्मिलित हुनुभयो । यसैले पनि प्रवज्या कार्य राम्रैसित भयो भनिएको हो । यो खबर राजगृह नगरभरि फैलियो । यस मंगल कार्यमा दानको लागि भनेर असंख्य चीजवस्तुहरु थुपारिएका थिए । धम्मदिन्ना पुण्य पारमिता पूर्ण भएकीले पनि यो मंगल कार्य यति भव्यताकासाथ सम्पन्न भएको हुनुपर्छ ।

महादान र धर्मोपदेश समाप्त भएपछि हीरामोती जडित पालकीमा राखी बिम्बिसारप्रमुख सैंन्यजन, साहु महाजनहरु र नगरबासीहरु मिली धम्मदिन्नालाई विहारसम्म पुऱ्याउन गए । विशाख सेंठले पनि पात्र र चिवर बोकिदिई धम्मदिन्नाको पछिपछि लागे । सारा नगरबासीले धम्मदिन्नाको निकै तारिफ गरे ।

विहारमा पुगेपछि धम्मदिन्नाले गृहस्थ लुगा त्यागी चिवर वस्त्र लगाई विधिपूर्वक भिक्षुणी भएर विहारमा रहिन् । प्रवज्या कार्य सिद्धिएपछि सबैजना बिदा भई घर फर्के । विशाख सेंठले घर फर्कने बेला धम्मदिन्नालाई भने – "धम्मदिन्ना ! अब तिमीले राम्ररी विनयमा रही आफ्नो कर्तव्य पालन गर । शिक्षालाई राम्ररी ग्रहण गर ।" यस अवस्थामा सेंठ अनागामी नभइसकेको भए गहभरि आँसु लिई बस्नुपर्थ्यो ।

विशाख सेंठ भिक्षु भएको थिएन त्यसैले गृहस्थ भएर



Downloaded from http://dhamma.digital/

बस्नुपर्‍यो । भगवान् बुद्धको पालामा अनागामी भएर पनि प्रवजित नभई गृहस्थ भएर बस्ने व्यक्तिहरु धेरै थिए । ती किन भिक्षु हुन नसकेका हुन् भन्नेबारे अट्ठकथा आचार्यले भनेका छन् – 'पहिले पहिलेको जन्ममा भिक्षु नभएका र चिवर दान गरेर नआएका पुद्गलहरु अहिले भिक्षु हुन सक्दैनन् । त्यसैले अहिले धर्मोपदेश सुन्ने मानिसहरु भिक्षु भई मुक्त हुने हो भने चिवर दान दिने र भिक्षु जीवन बिताउने प्रयासमा लाग्नुपर्छ । साँच्चै नै विचार गरी हेर्ने हो भने भिक्षु भएर जन्म-मरणबाट मुक्त हुनु उत्तम हो । किनकि देव ब्रम्हादिहरु अर्हत भए पनि चिवरधारी हुँदैनन् । देव ब्रम्हाहरु भिक्षु हुने वचन प्राप्त छैनन् । तर पनि देव ब्रम्हाहरुको संख्या जन्म-मरणबाट मुक्त हुने मनुष्यहरुभन्दा बढी हुन्छ ।'

धम्मदिन्ना भिक्षुणी भएको खबर मध्यप्रदेशमा सर्वत्र फैलियो । तिनको नाम सुनेका तर तिनलाई नचिनेका पनि धेरै नै थिए । त्यसैले तिनलाई हेर्न मात्र भनी आएकाहरु कैयन् थिए । तिनी कति सुन्दर रहिछन् भन्ने कुरा आगन्तुकहरुले प्रष्टै देखे । भिक्षुणी भएपछि पहिलो चिवर वस्त्र लगाउँदा त अझ सुन्दर देखिएकी थिइन् । कति पुण्यवान कति सुन्दर कति त्यागी धन्य धन्य भनी सबैले उनको एउटै मुखले तारिफ गरे ।

धम्मदिन्ना भिक्षुणी भएकी देखेर अरु नारीहरु पनि धेरै संख्यामा भिक्षुणी हुन आए । धम्मदिन्नालाई दर्शन गर्न आउनेहरु रित्तो हात आएनन् । साथमा दान दिने वस्तुहरु लिइआएका थिए । यसबाट तिनीसँगै बस्ने अरु भिक्षुणीहरु पनि लाभान्वित भए । पुण्य पारमिता पूर्ण भएकाहरु शासनमा प्रवेश गर्दा शासनमा


Downloaded from http://dhamma.digital/

भव्यता थपिन्छ ।

लाभ सत्कार बढी प्राप्त हुँदा धम्मदिन्नाले आफ्नो कार्यमा सिद्धि पाउन कठिन भएको महसुस गरिन् । तिनले विचार गरिन् 'मैले घरको धनसम्पत्ति सबै त्यागी भिक्षुणी भएँ । यो देखौवाको लागि होइन । आफ्नो चित्त शुद्ध गरी निर्वाण प्राप्त गर्नको लागि हो । विशाख सेंठभन्दा कम हुन्नँ । अर्हत अवस्था प्राप्त नभएसम्म प्रयत्न गर्दछु ।'

यति विचार गरी आफ्ना उपाध्याय गुरुकहाँ गई बिन्ती गरिन् – "हे पुज्य गुरु ! यस विहारमा धेरै परिषद सदस्यहरु छन् त्यसैले यहाँ बसी विमुक्ति ज्ञान प्राप्त गर्न सकिंदैन । अतः एकान्त वनमा गई ध्यान भावना गर्ने मन भएकोले निवेदन गर्न आएकी छु ।"

उपाध्यायले धम्मदिन्नाको आसयलाई बुझी तिनको कार्यमा सहयोग पुऱ्याउने विचारले तिनलाई अनुमति दिएको मात्र नभई साथैमा वन गए ।

परिआएका काम गरिदिनका लागि अन्य साथीहरु पनि गए । पुण्य पारमिता भएकाहरु ध्यान गर्न गृहत्याग गर्दा सेवा टहल गर्नेहरुको कमी हुँदन ।

जंगलमा रही आफ्ना पुर्वकृत पुण्य सम्झी कर्मस्थान भावना गर्देजाँदा छिट्टै नै धम्मदिन्नाले पटिसम्भिदा अर्हत पद प्राप्त गरिन् ।

अर्हत पद प्राप्त भएपछि तिनले विचार गरिन् 'मैले गृहत्याग गरेको अर्हत पद प्राप्त गर्नको लागि नै हो । जुन कार्य



Downloaded from http://dhamma.digital/

सम्पादन गर्नु थियो त्यो सम्पन्न गरिसकें । प्राणीहरुको हितोपकार गर्न, बुद्ध शासानलाई स्थिर पार्न, अनि भिक्षुणीहरुलाई पनि चतुप्रत्ययद्वारा सहयोग गर्न अब राजगृह जान्छु ।' यति विचार गरी तिनी राजगृह प्रवेश गरिन् । भगवान् बुद्धले धम्मदिन्ना थेरीले अर्हत पद प्राप्त गरेकीमा साधुवादसहित प्रशंसा गर्नुभयो ।

धम्मदिन्ना राजगृह आइपुगिन् भन्ने कुरा सहरभरि फैलियो । विशाख सेंठले यो खबर सुनी अर्के कुरा मनमा लिए – 'धम्मदिन्ना वनमा गएकी धेरै भएकै छैन । चाँडै नै फर्किन् । यति थोरै समयमा नारी जातिले तृष्णा क्षय गर्न सक्दैनन् । अलसी भएर काम नसिध्याइकनै राजगृह फर्किन् । तिमीभन्दा म के कम भनी भिक्षुणी हुन गई । अहिले न जंगलमा बसी ध्यान भावना गर्न सकिन् न सहरमा नै बसी घरजम गर्न सकिन् । शासनमा बस्न नसकी वा वाक्क लागी गृहस्थी हुन मन गरिन् कि ? श्रद्धा नभइकन प्रवजित हुन सकिंदैन । गृहस्थीमा आए आउन् । करोडौंको धनसम्पति छंदैछ । तिनी एकजनाको बाहेक अरुको हक लाग्ने होइन क्यारे ! आइमाईहरु यस्तै नै हुन् । तिनीहरुका चित्त दृढ हुँदैनन् । म एकपल्ट गई भेटी परीक्षा गरिहेर्छु । मैले सोचेजस्तै भए तिनलाई गृहस्थीमै राखिदिन्छु ।' यति सोची विशाख सेंठ भिक्षुणीहरु विहार गर्ने विहारमा हेर्न गए ।

उनी विहारमा पुगे । भिक्षुणी धम्मदिन्नाप्रति आदर भाव व्यक्त गरे । तिनको कुराको भाव विचार्दा, रुप आकार र लक्षण शान्त र नम्र भएको बुझ्दा सेंठ आश्चर्य चकित भए । उनको मनमा पुनः कुरा खेल्यो – 'मैले सोचेभन्दा एकदमै फरक पो


Downloaded from http://dhamma.digital/

भेट्टिइन् । साँच्चै नै विशेष ज्ञान प्राप्त गरेकीजस्ती छे । तैपनि हो होइन एकपल्ट परीक्षा गरेर हेर्नै पर्ला ।'

उनले मार्गफल सम्बन्धी प्रश्न गर्ने विचार राखी पहिले स्रोतापन्न विषयका प्रश्नहरु गरे । धम्मदिन्नाले ती प्रश्नहरुको सही उत्तर दिइन् । यो त स्रोतापन्न भइसकेकी रहिछे भन्ने बुझी सकृदागामी सम्बन्धी कुरा सोधे । कमलको फूललाई तरवारले च्वाट्ट च्वाट्ट छिनालेझैं उनको प्रश्नको जवाफ धम्मदिन्नाले ठ्याक्क ठ्याक्क दिइन् । ए, यिनले त सकृदागामी मार्गफल पनि प्राप्त गरिसकेकी रहिछे भनी अनागामी विषयका प्रश्नहरु गरे । धम्मदिन्नाले हावाले बादललाई पन्छाएझैं ठीक ठीक उत्तर दिइन् । सेंठले बुझे – 'धम्मदिन्नाले अनागामी फल पनि प्राप्त गरिसकी छे । अब भने तिनी मसँग बराबर भइन् । सेंठ आफू अनागामी फल मात्र प्राप्त गरेको भएर त्यसभन्दा माथिको अर्हत फलको बारेमा प्रश्न गर्न सकेनन् र चूप लागे ।

त्यहाँ धम्मदिन्ना भिक्षुणीले अर्हतहरुले मात्र बताउन सक्ने उच्चस्तरको धर्मोपदेश दिइन् । गम्भीर समुन्दमा बाँस गाड्दा जमिन भेट्टाउन नसकिनेझैं सेंठले त्यस उपदेशको गाम्भीर्यलाई बुझ्न सकेनन् ।

सेंठले सोधेका प्रश्नहरुको सम्बन्धमा थेरीचूल्ल वेदल्लसूत्र देशना गरिन् । मल पण्णासपालिमा यो सूत्र उल्लेख छ । यो सूत्र सेंठलाई नै लक्षित गरी उल्लेख गरेकी थिइन् । पहिले पृथकजनको अवस्थामा प्रेमपूर्वक सँगै बसेर आएकी हुनाले उपदेशित यो धर्म अपूर्वको थियो । नारीहरुमध्ये प्रसिद्ध भएकी धम्मदिन्ना भिक्षुणीले



Downloaded from http://dhamma.digital/

देशना गरेको यो सूत्र विशेषरुपले ध्यान दिई हेर्न योग्य छ ।

चूलवेदल्लसूत्र देशनाको अन्त्यमा विशाख सेंठले धम्मदिन्ना थेरी अर्हत भइन् भन्ने कुरा अवगत गरे ।

***'पञ्हं पुच्छि महासेट्ठि, धम्मदिन्ना ब्याकरि ।***
***चूल वेदल्ल देसेसि, अहो ! विमुत्ति थेरीया ॥'***

अर्थात् –

विशाख सेंठले मार्गफल सम्बन्धी सोधिएका प्रश्नहरुको धम्मदिन्नाले सन्तोषपूर्वक जवाफ दिइन् । फेरि चूलवेदलल सूत्रको देशना पनि सबैको शंका समाधान हुनेगरी गरिन् । प्रज्ञावान धम्मदिन्नालाई प्राप्त भएको विमुक्ति ज्ञानको जति प्रशंसा गरे पनि पुग्दैन भनी सेंठ दंग परे ।

चूलवेदलल सूत्र देशना गरेपश्चाद् धम्मदिन्नाले सेंठलाई भनिन् –"हे सेंठ ! मैले देशना गरेको धर्म उपदेशमा तपाईंलाई सन्तोष नलागेमा भगवान् बुद्धकहाँ जानुभई पुनः एकबाजी सोही उपदेश सुन्नु भए पनि हुन्छ ।"

विशाख सेंठले धम्मदिन्नालाई वन्दना गरी बुद्धकहाँ गए ।

धम्मदिन्ना पहिले आफ्नी पत्नी भए पनि अर्हत पद प्राप्त भिक्षुणी भएकीले विशाख सेंठले तिनलाई वन्दना गरेका थिए ।

हामीले पनि यसबाट एउटा कुरा बुझ्नुपर्छ । गृहस्थीमा बस्दा धम्मदिन्नाले आफ्नी स्वामीको राम्ररी आदरपूर्वक पतिव्रता धर्म पालन गरिरहेकी थिइन् । अहिले त सेंठले नै तिनलाई वन्दना

Downloaded from http://dhamma.digital/

गर्नुपऱ्यो । सेंठ अनागामी हुँदा धम्मदिन्नालाई बहिनीको रुपमा राख्ने र आफू दाजुको रुपमा बस्ने भनेका थिए । अब त धम्मदिन्ना एक तह माथिको फल प्राप्त भएकीले सेंठले नै आदर गरी वन्दना गर्नुपरेको हो । यसबाट पनि ज्ञात हुन्छ शासनमा प्रवेश गर्नु कति उत्तम रहेछ । पूजा सत्कार गर्न योग्य हुने हुनाले शासनलाई हामीले आदर गौरव राख्नुपर्छ । यस ज्ञानबाट हामीले पनि आदर्श शिक्षा ग्रहण गर्नुपर्छ ।

विशाख सेंठ भगवान् बुद्धकहाँ पुगेर वन्दना गरी धम्मदिन्नाले भनेकी कुरा सबै निवेदन गरे । भगवान् बुद्धले प्रशन्न भई धम्मदिन्नाको प्रशंसा गर्नुभई यो कुरा भन्नुभयो –

***'पण्डिता विशाखा धम्मदिन्ना, भिक्खुनी महापञ्ञ,***
***विशाख धममदिन्ना भिक्खुनी मं चेपि विशाख।***
***एतमत्थं पुच्छेय्यासि, अहं एव मेव ब्यकरेय्यं ॥'***

अर्थात् –

हे विशाख सेंठ ! धममदिन्ना भिक्षुणी पण्डितनी हुन् । महाप्रज्ञावान हुन् । ती प्रश्नहरुका उत्तर यदि कसैले मसँग मागे, म पनि त्यस्तै उत्तर दिन्थें ।

भगवान् बुद्धका यी वाक्यहरु सुनेर सेंठ अति प्रशन्न भए । धम्मदिन्नाप्रति उनमा अझ बढी श्रद्धा उत्पन्न भयो ।

धम्मदिन्ना राजगृहमा हुँदा उपस्थित श्रोतावर्गलाई उत्तम प्रकारका धर्म देशना गरी बोध गरी शासनको वृद्धि हुने काम गरिन् । पहिले गृहस्थ भइबस्दा त तिनी प्रख्यात थिइन्, अब भिक्षुणी भई



Downloaded from http://dhamma.digital/

धर्म देशना गर्ने क्रममा तिनी अझ प्रख्यात भइन् । तिनीकहाँ धर्म सुन्न आउनेहरुको संख्या दिनानुदिन बढ्दै गयो । यसबाट धम्मदिन्नाको आश्रय लिई बस्ने अन्य भिक्षुणीहरुलाई पनि निकै लाभ सत्कार प्राप्त भयो ।

धम्मदिन्नाको धर्म देशना सुनेपछि भिक्षुणी हुन आउनेहरुको संख्या पनि दिनदिनै बढ्दै गयो । कोही कोही धर्मका कुरा बुझी आफ्ना पतिहरुसँग अनुमति लिई भिक्षुणी हुन आएका पनि थिए । कसै कसैले आफ्ना पतिहरु धर्ममा श्रद्धा नभएकाहरु भएर भिक्षुणीहुन कठिनाइ भएको अनुभव गर्नेहरु पनि थिए । तर कोही त धर्मप्रति श्रद्धा तीव्र भएका कारणले कसैले रोक्न खोजेर पनि रोकिएनन् । किनकि धर्मका कुरा राम्ररी बुझेकाहरुले पञ्चकाम भनेको दुःखको स्रोत हो भन्ने कुरा बुझ्दछन् ।

अर्हत भएपछि धर्मदिन्नाले नारी जातिको धर्म शासन दिगो पार्ने भार लिइन् । भिक्षा जाने भिक्षुणीहरुको जमात बढ्दै गयो । दानमा आएका वस्तुहरु आफूसित भए पनि भिक्षा लिन जानैपर्ने नियम सबैले पालन गर्नैपर्थ्यो । भगवान् बुद्धले पनि भिक्षा जाने नियमलाई प्रशंसा गर्नुहुन्थ्यो ।

धम्मदिन्ना सँधैं राजगृह नगरमा भिक्षाको लागि जाने गरेकी भए पनि विशाख सेंठको घरमा एकपल्ट पनि गएकी थिइनन् । किनकि सँधैं आफ्नो घरमा भिक्षाको लागि जाँदा अरुले कुरा काट्ने र निन्दा गर्ने बाटो हुन्छ भन्ने कुरा तिनलाई राम्ररी थाहा थियो । हुनत निन्दा गरिहाले पनि केही हानी त थिएन । पृथकजनहरुले मनमा जे आउँछ त्यही भन्ने गर्दछन् । त्यसरी


Downloaded from http://dhamma.digital/

निन्दा गर्नेलाई दोष लाग्दछ । त्यसैले पनि तिनी सेंठको घरतिर भिक्षा जाँदैनथिन् ।

अनागामी भएका सेंठले श्रद्धा राखी भिक्षा दिने इच्छा गरेका थिए । एकदिन सेंठ भिक्षुणीहरुको विहारमा धम्मदिन्नाको दर्शन गर्न गए । त्यसबेला त्यहाँ धम्मदिन्नाले धर्मोपदेश दिइरहेकी थिइन् । देशना सिद्धिनासाथ सेंठले भने –"हे अय्या ! तपाईंलाई घरमा निम्त्याई भोजन दान गर्ने इच्छा छ । घर घरमा जान आवश्यक छैन । म कहाँ भिक्षा पाल्नुहोस् । भिक्षा आउन कठिनाइ भए विहारमै पुऱ्याइदिनेछु ।"

धम्मदिन्नाले भनिन् –"हे दायक ! भोजनको बारेमा मलाई कुनै दुःख छैन । भगवान् बुद्धले पनि भिक्षा जाने कार्यको प्रशंसा गर्नुभएको छ । यो कुरा तपाईंलाई थाहा नभएको होइन ।" यसो भन्दा सेंठले कुनै जवाफ दिएनन् । चुपचाप घर प्रस्थान गरे ।

धम्मदिन्नाको प्रज्ञाको प्रखरतालाई बुझेर भगवान् बुद्धले तिनलाई 'एतदग्ग' भन्ने पदवी दिनुभयो ।

***'एतदग्ग भिक्खवे मम साविकानं भिक्खुणीनं,***
***धम्मकथिकानं यदिदं धम्मदिन्ना ।'***

अर्थात् –

हे भिक्षुहरु ! मेरा श्राविका धर्मकथिकहरुमध्ये धम्मदिन्ना अग्रपंक्तिमा छिन् ।

भगवान् बुद्धको पालामा धम्मदिन्नाजस्ती धर्म देशना गर्नमा पोख्त भिक्षुणी अरु थिएनन् । यसरी शासनमा प्रख्यात भएकै



Downloaded from http://dhamma.digital/

कारण पुण्य पारमी संचय गरेर आएकीले हो ।

धम्मदिन्नाले बारम्बार पढ्ने थेरी गाथा यही थियो –

***'छन्द जाता अवसायी मनसा च फुटासिया ।***
***कामेसु च प्पटिबन्ध चित्ता उद्धं सोताति उच्चति ॥'***

अर्थात् –

हे नारी हो ! जुन नारीको मार्गफल प्राप्त गर्ने प्रबल इच्छा हुन्छ, तिनले उत्साहपूर्वक कोशिस उद्योग गर्नुपर्छ र लक्ष्यलाई मनमा दृढ राख्नुपर्छ । लोकजनले प्रशन्न र आनन्द लिइराख्ने पञ्चकाम गुणलाई मलमूत्रझैं ठानी त्याग्नुपर्छ । यस्तो विचार गरी लक्ष्यप्रति अडिग हुने नारीहरु अधोगतिमा नगई उर्द्धगतिमा उन्मुख भइरहन्छन् ।

नारीहरुलाई प्रायः उपदेश दिने गाथा यही नै हो । यस गाथाअनुसार अधोगतितिर उन्मुख नभई जन्मजन्मान्तरसम्म पनि निर्वाणतिर उन्मुख हुन चाहने नारीहरुले –

१) मार्गज्ञान र मार्गफलमा पुग्ने इच्छा गर्नुपर्छ ।

२) उत्साह र लगनलाई बढाउनुपर्छ ।

३) निर्वाण साक्षात्कार गर्न सतत प्रयास गर्नुपर्छ ।

४) पञ्चकाम गुणमा अनासक्त हुनुपर्छ ।

यी चार कुराहरुलाई बारम्बार चिन्तना गरी मार्गफल लाभी बन्नुपर्छ । यही कुरा यस कथाबाट सिक्न सकिन्छ ।

अस्तु !

*(सुशीला गुरुमाद्वारा नेवारीमा रचित कृतिलाई नेपालीमा अनुवाद गरिएको)*


Downloaded from http://dhamma.digital/

# मृगार–माता विशाखाको सम्बन्धमा

अनुवादकको टिप्पणी –

बुद्धकालीन समयमा मात्र होइन, कुनै पनि समयकालमा विरलै भेट्टिने पाँच कल्याणले(केश कल्याण, मांस कल्याण, हस्ति कल्याण, छवि कल्याण र वयस कल्याण युक्त नारी हुन् – विशाखा ।

तिनी त्यागी, संयमी, धर्माचरणमा समर्पित, उपासिकाहरूमध्ये दानमा अग्रणी नारी थिइन् । भगवान बुद्धले दानको क्षेत्रमा उपासकहरूमध्ये अनाथपिण्डिक महाजनलाई 'एतदग्ग' पदवी दिनुभएको थियो । उपासिकाहरूमध्ये पनि दान, श्रद्धा र त्यागमा 'एतदग्ग' पदवीले विभूषित हुने उपासिका थिइन् – विशाखा ।

९ करोड मूल्य पर्ने 'महालता-प्रसाधन'लाई आनन्द भन्तेले छोएर पन्छाइदिएको बहानामा त्यसलाई बेचेर आएको पैसा र थपिएको पैसा जम्मा गरी २७ करोड खर्च गरी 'पूर्वाराम विहार' बनाई भगवान बुद्धप्रमुख भिक्षुसंघलाई दान दिएकी थिइन् । त्यति त्यागचित्तको गहिराइ मापिन सक्ने नारी हुन् – विशाखा ।

अबौद्ध कुलमा विवाह गरिदिइपठाएकी उनीले आफ्ना



Downloaded from http://dhamma.digital/

ससुरा मृगार सेठलाई समेत बोध गराई आर्यधर्ममा दीक्षित गराइदिने बहादुर नारी हुन् – विशाखा ।

ससुराबाट समेत 'आजदेखि तिमी मेरी मातातुल्य भइस्' भनेर 'मृगार-माता'को दर्जा पाएकी महिला हुन् – विशाखा ।

७ वर्षको उमेरमा स्रोतापतिफलमा प्रतिष्ठित भएकी तिनी १००० भन्दा बढी परिवारको माझ रही १२० वर्ष सम्म बाँची तिनले इहलोक त्याग गरेकी थिइन् ।

भगवान बुद्धले तिनलाई दिनुभएको शिक्षाहरूमा –

– प्रेमले दुःख दिन्छ । १००% प्रेम भए १००% नै दुःख आउँछ । १०% प्रेम भए १०% मात्र दुःख हुन्छ । प्रेममा नटाँसिनेलाई दुःख नै हुँदैन ।

– इहलोकमा सफल जीवन जिउन नारीले यी ४ गुणधर्मको विकास गर्नुपर्छ ।

१) कामकुराको राम्रो ज्ञान ।

२) अरूलाई संग्रह गर्ने क्षमता ।

३) पतिब्रता हुने ।

४) धनको सुरक्षा गर्ने ।

– पारलौकिक उन्नतिका लागि ४ सम्पत्तिले युक्त हुनुपर्छ –

१) श्रद्धा-सम्पत्ति ।

२) शील-सम्पत्ति ।

३) त्याग (दान) सम्पत्ति र

४) प्रज्ञा-सम्पत्ति ।



Downloaded from http://dhamma.digital/

यी शिक्षाहरू सबै नारीहरूको उत्थानका लागि अनिवार्य छन्, साथै पुरूषहरूका लागि पनि ।

– अरू त अरू तिनकी बाबु धनञ्जय सेंठले तिनलाई विवाह गरी दिइपठाउने समयमा १० अर्ती दिइपठाएका थिए जुन अद्यापि सबै नारीहरूको गृहस्थ जीवन सुखमय र उन्नत पार्न अपरिहार्य सावित छन् । ती यिनै हुन् –

१) भित्रको आगो बाहिर नलानु । २) बाहिरको आगो भित्र नहुल्नु ।
३) दिनेलाई मात्र दिनु । ४) नदिनेलाई नदिनु ।
५) दिने र नदिने दुवैलाई दिनु । ६) राम्ररी बस्नु ।
७) राम्ररी खानु । ८) सुखपूर्वक निदाउनु ।
९) आगोको बीचमा छु भनेर जान्नु ।
१०) कुल देवताको सेवा सत्कार गर्नु ।

अनेक गुणले सिंगारिएकी, आदर्श र त्यागकी प्रतिमूर्ति, बुद्ध शासनकी अनन्य मार्गगामी अनेक नारीहरूका लागि प्रणेता हुन् – विशाखा ।





Downloaded from http://dhamma.digital/

# ३

# मृगार-माता विशाखा

उपासकहरुमा अनाथपिण्डिक महाजनले १८ करोड असर्फी ओछ्याई जेतकुमारको बगैंचा किनी जम्मा ५४ करोड धन खर्च गरी जेतवन महाविहार बनाइदिएझैं विशाखा महोपासिकाले पनि आफ्नो 'महालता-प्रसाधन' नामक आभूषण कोही क्रेता नभेट्टिएकाले आफैंले ९ करोड मोल तिरी किनी जम्मा २७ करोड धन खर्च गरी पूर्वाराम विहार निर्माण गरिदिएकी थिइन् ।

## *बुद्धसँग भेट*

मगध राज्यका पाँचजना अमृतभोगी कुवेरपतिहरुमध्ये मेण्डक महाजन सबैभन्दा श्रेष्ठ मानिन्थे । विशाखाकी पिता धनञ्जय थियो र माता सुजनादेवी थिई । धनञ्जय मेण्डकका जेठा छोरा थिए । सेलादि ब्राम्हणहरुलाई बोध गर्न बुद्ध अङ्गदेशको भद्दवती नगरमा आउनुहुँदा विशाखा मात्र सात वर्षकी थिई ।

मेण्डक सेंठले बुद्धको स्वागतार्थ विशाखालाई आफ्ना पाँचसय सखीहरुका साथ पठाए । विशाखाले बुद्धलाई अत्यन्त आदर भावका साथ स्वागत सत्कार गरिन् । पूर्वजन्महरुमा धर्मानुकुल सुशिक्षित ज्ञान आर्जन गरेकीले बुद्धले दिनुभएको उपदेश तिनलाई


Downloaded from http://dhamma.digital/

अति कल्याणकारी सावित भयो । आफ्ना सखीहरुसहित तिनी जीवनभर मिथ्यादृष्टि, विचिकित्सा र शीलव्रत परामासाबाट पुनः वशीभूत हुन नसक्ने गरी धर्ममा समाहित भइन् । ती सबै स्रोतापन्न भए ।

कोशल राजा प्रसेनजीतको एकजना अमृतभोगी कुवेरपति पठाइदिने अनुरोध स्वीकार गर्दै मगधका राजा बिम्बीसारले धनञ्जय सेंठलाई कोशल राज्यमा पठाएदिए । राजा प्रसेनजीतले धनञ्जयका लागि श्रावस्तीको ६ योजन पर एउटा नगर बसालिदिए । त्यस नगरलाई 'साकेत' भन्ने नामाकरण गरियो ।

## *मृगार–कुल*

श्रावस्तीमा मृगार भन्ने सेंठ बस्दथे । उनको छोराको नाउँ पूर्णवर्द्धन थियो । उमेर पुगेपछि पूर्णवर्द्धनको विवाहको कुरा चल्यो । पूर्णवर्द्धनले अरु कन्यासँग विवाह नगर्ने तर पाँच कल्याणले पूर्ण भएकी कोही कन्या छ भने तिनीसँग मात्र विवाह गर्ने मनसाय व्यक्त गरे । पाँच कल्याण भनेका यी हुन् –

(१) **केश कल्याण** = सुन्दर, कालो र घुँघरिएको केश हुनु ।

(२) **मंस कल्याण** = मासुको वर्ण राम्रो, कस्सिएको र मिलेको हुनु ।

(३) **अस्ति कल्याण** = सेता टम्म मिलेका दाँत हुनु ।

(४) **छवि कल्याण** = बिम्बफलझैं वा पुष्पवर्णझैं कोमल मुहार हुनु ।

(५) **वयस कल्याण** = धेरै बच्चाकी आमा भए पनि बुढी नदेखिनु ।



Downloaded from http://dhamma.digital/

यी पाँच कल्याणले युक्त कन्या खोज्न मृगार सेंठले ८ जना ब्राम्हणहरुलाई पठाए । साकेत नगर आइपुग्दा तिनीहरुले टाढैबाट ५०० सखीहरुका साथ विशाखालाई विभिन्न अलंकारले अलंकृत भई आइरहेकी देखे । ती ब्राम्हाणहरुले तिनलाई नै पाँच कल्याण लक्षणयुक्त भएकी भन्ने सोचे । तिनीहरुले विशाखालाई अनेक तर्कयुक्त प्रश्न गरी लाक्षणिक परीक्षा गरे । जवाफमा विशाखाले पनि तर्कयुक्त जवाफ दिई ब्राम्हणहरुको जिज्ञासा शान्त गरिदिइन् । ती प्रश्नहरुमध्ये एउटा प्रश्न – किन नदौडेकी भनी सोद्धा तिनले चार किसिमका मानिस दौडेको राम्रो देखिंदैन भनी उत्तर दिइन् । कुनकुन चार भन्ने प्रश्नको उत्तरमा तिनले भनिन् –

**(१) राजषी पोशाकमा राजा दौडेको राम्रो हुँदैन ।**

**(२) राजाको अलंकृत हाती दौडेको राम्रो हुँदैन ।**

**(३) प्रव्रजित श्रमण दौडेको राम्रो हुँदैन ।**

**(४) नारी जाति दौडेको राम्रो हुँदैन ।**

यसबाट तिनीहरुले विशाखा बुद्धिमती कन्या रहिछन् भन्ने बुझे । तिनमा पाँच कल्याण लक्षणहरु पनि देखे अनि धनञ्जय सेंठकहाँ गई विशाखालाई मागे । धनञ्जय सेंठले पनि त्यस प्रस्तावलाई सहर्ष स्वीकार गरे ।

पाँच कल्याण गुण सम्पन्न कन्या भेट्टियो भन्ने कुरा सुनेर मृगार सेंठ खुसी भए । विवाहको प्रवन्ध मिलाइयो । मृगारले राजा प्रसेनजीतलाई पनि विवाहमा सामेल हुन बिन्ती चढाए । राजाले पनि यसलाई स्वीकार गरे ।


Downloaded from http://dhamma.digital/

## जन्तीलाई स्वागत

धनञ्जय सेंठले प्रसेनजीत राजासहित जन्तीमा आएका लावालस्करलाई आराम सुविस्ताको उचित प्रवन्ध गरे । कसैले पनि केही भन्न नपाउने गरी जस जसलाई जस्तो जस्तो चाहिने हो त्यस त्यसलाई त्यसरी नै खाने, बस्ने, डुल्ने र मनोरञ्जन गर्ने स्थानादिको प्रवन्ध मिलाएका थिए ।

धनञ्जय सेंठले छोरी विशाखाको लागि 'महालता-प्रसाधन' भन्ने गहना बनाउन लगाए । पाहुनाहरुको लागि भनी दिनदिनै मंगलोत्सवको आयोजन गरे । चार महिनासम्म यसरी पाहुनाहरुको सत्कारगरे। त्यतिखेर 'महालता-प्रसाधन' गहना पनि तयार भयो ।

## 'महालता-प्रसाधन'

'महालता-प्रसाधन' एक विशिष्ट प्रकारको आभूषण थियो । यसमा धागोको प्रयोग कत्ति पनि भएको थिएन । उनिनुपर्ने कुराहरु चाँदीकै धागोमा उनिएका थिए । यो गहना शरीरभरि फिंजिई तलसम्म झरेको हुन्थ्यो । उक्त आभूषण सुवर्णमय भएर मुगा र रत्नजडित थियो ।

त्यो गहना टाउकोमा एउटा, कानमा दुईटा र घाँटीमा दायाँ बायाँ दुवैतिर समानुपातिक ढंगले झुण्डिने गरी बनाइएको थियो । जहाँ जहाँ चाहिने हो त्यहाँ त्यहाँ हीरा जडिएका थिए । बुट्टाहरु मयुरको प्वाँखजस्तै देखिन्थे । ती बुट्टाहरु मयुरहरुझैं प्रतीत हुन्थ्यो । त्यस आभूषण बनाउन ९ करोड रुपियाँ लागेको थियो ।



Downloaded from http://dhamma.digital/

त्यस आभूषणमा ४ माला हीरा, १२ माला मुगा र ३३ माला मणी–माणिक्यादि जडिएको थिए । त्यस आभूषण सप्तरत्नले भरिभराउ र झकिझकाउ पारिएको थियो ।

## दस उपदेश

भोलिपल्टै धनञ्जय सेंठले छोरी विशाखालाई कन्यादान गरी दिइपठाउने तयारी गरे । सेंठले विशाखालाई पतिकुलमा गएर सुखपूर्वक रहन के के ज्ञान आफूसित हुनुपर्छ भन्नेबारे दस उपदेश दिए । उनले भने – "विशाखा, यी दस नियमलाई पालन गरेमा निर्दोषी भई सुखसाथ पतिकुलमा बस्न सक्छौ ।" ती दस नियमहरु यिनै हुन् –

(१) भित्रको आगो बाहिर नलानु ।
(२) बाहिरको आगो भित्र नल्याउनु ।
(३) दिनेलाई मात्र दिनु ।
(४) नदिनेलाई नदिनु ।
(५) दिने र नदिने दुवैलाई दिनु ।
(६) राम्ररी बस्न जान्नु ।
(७) राम्ररी खान जान्नु ।
(८) सुखपूर्वक निदाउनु ।
(९) आगोको बीचमा छु भनी जान्नु ।
(१०) कुल देवतालाई सेवा सत्कार र वन्दना गर्नु ।

यी उपदेश दिएपछि धनञ्जय सेंठले छोरीको दोषादोष बुझ्न आठ जना कुटुम्बीहरुको एक टोली पनि नियुक्त गरे । कुल


Downloaded from http://dhamma.digital/

५४ सय गाडामा दाइजो भरेर छोरी विशाखालाई डोली चढाई बिदा गरे । मृगार सेंठसहित जन्तीमा आएका सबैलाई हर्षित तुल्याई बिदा दिए ।

## दिइएको दाइजो

चार महिना लगाएर तयार पारिएको नौ करोड पर्ने 'महालता-प्रसाधन' गहनाले सुसज्जित गराई ४५० गाडामा धन, घोंडाले तान्ने ५०० रथ, सुन चाँदी र तामाका भाँडाहरु, अनेक प्रकारका वस्त्रले भरिएका ५००/५०० गाडा, खेती गर्न हलो कुटो कोदालो र अन्य औजारहरु ५०० गाडा गरी जम्मा ५४ करोड मूल्य बराबरको दाइजो दिइपठाएका थिए ।

विशाखाको सेवा टहल गर्न प्रत्येक रथमा ३/३ जना दासीसहित ५०० रथ पनि साथै पठाइदिएका थिए ।

दुधको लागि गाई र गाडा तान्ने कामका लागि गोरु पनि दिइपठाएका थिए । तिनीहरुको संख्या यति नै भन्न सकिंदैनथ्यो ।

## श्रावस्तीमा विशाखाको स्वागत

विशाखा पालकीमा नबसी रथमा उभिएर श्रावस्ती नगरमा प्रवेश गरिन् । यसको कारण 'महालता-प्रसाधन' आभूषणको प्रदर्शन गर्नु पनि थियो । पालकीमा बसेर जाँदा आभूषण कसैले नदेख्ने र आफूले पनि केही नदेख्ने भएर पनि तिनी खुला रथमा उठेरै नगर प्रवेश गरेकी थिइन् ।

विशाखाको रुप र सम्पतिको तारिफ श्रावस्तीबासीहरुले



Downloaded from http://dhamma.digital/

मुक्तकण्ठले गरे । तिनीहरुले विशाखालाई आआफ्नो गच्छेअनुसारको उपहार पनि चढाए । विशाखाले ती उपहारमा आफ्ना अन्य केही उपहारहरु पनि थपी फलाना फलानालाई देऊ भनी श्रावस्तीबासीहरु लाई नै बाँड्न लगाइन् ।

## मृगार कुलमा मंगलोत्सव

विशाखालाई दुलहीको रुपमा भित्र्याएपछि एकहप्तासम्म मृगार कुलमा मंगलोत्सव मनाइयो । आफ्नै घर नजिकै विहार गरिरहनुभएका बुद्धलाई मृगार सेंठले सातौं दिनमा पनि भोजनमा निमन्त्रणा गरेनन् । अचेलक साधुहरुलाई मात्र भोजन गराए । मृगार सेंठले ती साधुहरुलाई अरहन्तको संज्ञा दिई वन्दना गर्न आऊ भनी विशाखालाई बोलाउन पठाए ।

## विशाखाको विश्वास विपरितको कुल

'अरहन्त' भन्ने सुन्नासाथ विशाखा हत्त न पत्त आइन् तर त्यहाँ नाङ्गा साधुहरुलाई मात्र देखिन् । यी पनि के का अरहन्त हुन्थे भनी वन्दना सन्दना केही नगरी फनक्क फर्केर गइन् ।

त्यसबेला धार्मिक स्वतन्त्रता भएको कारणले गर्दा ससुराले जे जस्तो धर्म माने पनि त्यो धर्म बुहारीले मान्नैपर्छ भन्ने थिएन । विशाखा फन्किएर गएको देखेर अपमान भएको ठानी ती साधुहरु रिसाए । तर त्यतिखेर मृगार सेंठले उनीहरुलाई ठामठुम पारी पठाए ।


Downloaded from http://dhamma.digital/

एकदिन मृगार सेंठ उच्च आसनमा बसेर सुनको थालीमा ताजा क्षीर भोजन गरिरहेका थिए । विशाखाले ससुराज्यूलाई पङ्खा हम्किरहेकी थिइन् । त्यसैबेला एक भिक्षु पिण्डाचार गर्दै त्यहाँ आइपुगे । मृगार सेंठले भिक्षुलाई देखे पनि नदेखेझैं गरे । ससुराले भिक्षा नदिने भएको बुझेर विशाखाले भिक्षुलाई भनिन् – "भन्ते, जानुहोस् । ससुराज्यूले पुरानो बासी खाना खाइरहनुभएको छ ।"

ताजा खानालाई बासी खाना खाइरहेको भनेको सुनी मृगार सेंठ रिसाए । उनले विशाखालाई घरबाट निकालिदिन अराए । दोषादोष छुट्टयाउन नियुक्त गरिएका आठ कुटुम्बीहरुले ताजा खानालाई किन बासी खाइरहेको भनेकी भनेर पुर्पक्षको लागि सोधे । विशाखाले भनिन् – "ससुराज्यूले पुरानो बासी खाना खाइरहेको छ भनेकी हुँ तर यसको अर्थ बेग्लै छ । घरको संघारमा उभिरहेको भिक्षुलाई वास्तै नगरी दान नदिने नियत राखी आफूले मात्र भोजन गरिरहनुभएकोले हाम्रो ससुराज्यूले पुरानो खाना खाइरहेको छ, जानुहोस् भनेकी हुँ । यसको अर्थ ससुराज्यूले यस जन्ममा पुण्य गर्नुभएको छैन, केवल पहिलेको कर्मको फल मात्र भोग गरिरहनुभएको छ भन्ने मेरो खास तात्पर्य हो ।"

विशाखाको कुरा सुनेर ती कुटुम्बीहरुले यो विशाखाको दोष होइन, एउटा दृष्टान्त दिएकी मात्र हुन् । यो सत्य कुरा पनि हो भनी ती कुटुम्बीहरुले आफ्नो राय दिए । यसमा मृगार सेंठ नाजवाफ भए ।



Downloaded from http://dhamma.digital/

## विशाखालाई 'मृगार-माता'को संज्ञा

कुटुम्बीहरुले पुर्पक्ष गरी विशाखा निर्दोषी भएको प्रमाणित गरी देखाएपछि विशाखालाई अनेक प्रकारले दोषी ठहऱ्याई घरबाट निकाला गर्ने मृगार सेठको विचार विफल भयो । विशाखाले पनि आफू निर्दोष सावित भएपछि त्यस घरमा नबस्ने निधो गरिन् । तर मृगार सेंठले ती कुटुम्बीहरुको अगाडि विशाखालाई भने –"बुहारी, मैले जानी नजानी तिमीलाई दोष लगाएँ, मलाई क्षमा गर ।" विशाखाले भनिन् – "म बुद्ध, धर्म र संघमा अटल विश्वास राख्ने उपासिका हुँ । तपाईं तीर्थकर भक्त हुनुहुन्छ । भिक्षुसंघको सेवा सत्कार नगरी म बस्न सक्दिनँ । यो काम गर्न मलाई अनुमति छ भने मात्र म यस घरमा बस्न सक्छु, अन्यथा सक्दिनँ ।"

यसमा मुगारले हुन्छ भनी वचन दिए । त्यसबेलादेखि विशाखाले बुद्धप्रमुख संघलाई निमन्त्रणा गरी दान दिने र भोजन गराउने कार्य गर्न थालिन् ।

एकदिन भोजन सिद्धिएपछि बुद्धले धर्मोपदेश गर्नुहुँदा मृगार सेंठले पर्दा पछाडि उभिएर धर्मका कुराहरु सुनिरहेका थिए । उनलाई मिल्नेगरी बुद्धले उपदेश दिनुभयो । उपदेश सुनेर सेंठ स्रोतापति फलमा प्रतिष्ठित भए । सेंठ पर्दा बाहिर निस्केर आई बुद्धलाई वन्दना गरी छेवैमा बसेकी बुहारीलाई भने – "विशाखा, मेरी बुहारी, आजदेखि तिमी मेरी बुहारी भइनौ । आमा समान भयौ । तिमीलाई आजदेखि म आमाको स्थानमा राख्दछु । धर्म के हो भन्ने कुरा तिम्रो कारणले नै मैले राम्ररी बुझें । यसमा तिमीले

 Downloaded from http://dhamma.digital/ 

मलाई एउटी आमालेझैं मद्दत गऱ्यौ ।" त्यसबेलादेखि विशाखा 'मृगार-माता'को नाउँले प्रख्यात भइन् ।

## आठ प्रकारका दान

एकदिन विशाखाले भगवान्लाई निवेदन गरिन् – "भन्ते शास्ता, संघलाई वर्षावासमा चीवर वस्त्र दान र नयाँ आगन्तुक भन्तेहरुलाई भोजन दान दिने र बाहिर जानेलाई गमिक भोजन दान दिने पनि इच्छा छ ।" विशाखाले यसरी आठ प्रकारको दान दिने इच्छा भगवान्समक्ष व्यक्त गरिन् ।

भगवान्ले के कति कारणले यी आठवटा वरको इच्छा गऱ्यौ भनी सोध्नुभएपछि विशाखाले यसरी कारण बताइन् –

(१) रुप र शोभा बढाउनुको साथै लाज बचाउन नभइ नहुने वस्तु चीवर भएकोले चीवर दान गर्ने इच्छा गरेकी हुँ ।

(२) नयाँ भएकाले एक अर्कामा अपरिचित हुने अनि पिण्डाचार गर्न र दुःख कष्ट सहन गर्न कठिन हुने देखेर नवागन्तुक भिक्षुहरुलाई भोजन दान गर्ने इच्छा गरेकी हुँ ।

(३) यताउति जाँदा क्लान्त भई, शारीरिक गडबडी मच्चिई पुग्नुपर्ने ठाउँमा पुग्न नसकिने, भगवान्को अनुपस्थितिमा प्रतीक्षार्थीहरुले प्रतिकूल परिणाम भोग्नुपर्ने, टाढादेखि भेट्न आउने भिक्षुले दर्शन गर्न कुर्नुपर्ने इत्यादिलाई ध्यानमा राखी आगन्तुकहरुलाई उचित समयमा उचित भोजन उपलब्ध गराइदिने इच्छाले गमिक भोजन दान गर्ने इच्छा गरेकी हुँ ।

(४) रोगीहरुले उचित भोजन समयमा पाओस् भन्ने हेतुले रोगीहरुको



Downloaded from http://dhamma.digital/

सेवा गर्ने इच्छा गरेकी हुँ ।

(५) रोगीलाई हेरचाह गर्ने वा स्याहार सुसार गर्ने उपस्थापकहरुलाई उचित भोजन उचित समयमा उपलब्ध भए रोगीहरुको सेवा कार्यमा गतिशीलता आउने सोचेर उपस्थापकहरुलाई भोजन दान गर्ने इच्छा गरेकी हुँ ।

(६) रोगीले समयमा औषधि नपाएमा रोगीको रोग वृद्धि हुने र मरणान्त हुने कुरालाई दृष्टिगत गरी रोगीलाई औषधि दान गर्ने इच्छा गरेकी हुँ ।

(७) नुहाउँदा नभइ नहुने जानेर भिक्षुहरुलाई शरीरमा बेर्ने लुगा वा कपडा दान गर्ने इच्छा गरेकी हुँ ।

(८) भिक्षुणीहरु ऋतुमती हुँदा फेर्ने लुगा वा कपडा नभएमा लाज बचाउन सकिँदैन जसको कारणले विनय पालनमा वाधा आउँछ त्यसैले आवश्यक वस्त्र दान गर्ने इच्छा गरेकी हुँ ।

यी कुराहरु सुनेर भगवान्ले भन्नुभयो – "साधु ! साधु !! साधु !!! विशाखा, राम्रो भन्यौ । ठीक छ, यिनै गुणलाई बुझेर नै तिमीले तथागतसँग आठ वर मागेकी रहिछौ । विशाखा, तिमीलाई यी आठ वर विषयमा पालन गर्न पूर्ण अनुमति दिन्छु ।"

## विशाखाका पुत्रपुत्री र सन्तानहरु

दानादि पुण्यकर्म गरी आठ वर प्राप्त गरेको लगत्तैपछि चन्द्रमा समानका छोराछोरीहरु एकपछि अर्को पाउँदै गइन् । तिनको वंश बृक्ष सामान्यतः यस्तो थियो – मेण्डक सेंठ र चन्द्रप्रभाको छोरा र बुहारी धनञ्जय सेंठ र सुमनादेवी हुन् । तिनीहरुको


Downloaded from http://dhamma.digital/

छोरी र ज्वाई विशाखा र पूर्णवर्द्धन हुन् ।

केही समयपछि विशाखालाई एक पुत्ररत्न प्राप्त भयो । बच्चाको नाम मृगारतिस्स राखियो । त्यसबेलासम्म मृगार सेंठ पनि विहारमा भगवान् बुद्धकहाँ धर्मोपदेश सुन्न जाने भइसकेको थियो ।

क्रमशः विशाखाका दुई छोरा र दुई छोरी भए । फेरि समय पाएर आफ्ना छोराछोरीको तर्फबाट दस-दस छोराछोरीहरु भए । एवं प्रकारले सन्तान बढ्दै गएर ४००० सम्म पुग्यो । विशाखाको आयु १२० वर्ष पुग्दा पनि १६ वर्षकी कन्या समान देखिन्थिन् । कपाल पनि फुलेको थिएन ।

विशाखाका केही सन्तानका नाम यिनै हुन् –

(१) मृगार कुमार (प्रथम पुत्र)

(२) मृगजाल कुमार (द्वितीय पुत्र)

(३) साल्हा

(४) दत्ता

(५) सुजाता (कान्छी) ।

## *विशाखाका अन्य विशेषताहरू*

छोरा छोरी, नाति, नातिनी, पनाति, पनातिनीहरु साथमा लिई विहारमा वा अन्त कतै जाँदा विशाखालाई नचिन्ने कोही थिएनन् । विशाखाको शारीरिक आकर्षण र निष्छल प्राकृतिक स्वभाव नै अद्वितीय थियो । चारै इरियापथमध्ये जुनसुकै इरियापथमा देखे पनि तिनी त्यतिकै सुन्दर र आकर्षक देखिन्थिन् ।

एकपल्ट कोशल राजा प्रसेनजीतले विशाखासँग पाँच हात्तीको



Downloaded from http://dhamma.digital/

बल छ भन्ने कुराको परीक्षण गर्न चाहे । विशाखा विहारबाट फर्केर आइरहँदा एउटा मत्ता हात्ती छोड्न लगाए । सबै आइमाइहरु डराएर यताउति भागे । तर विशाखा भागिनन् । तिनले त्यस हात्तीलाई चोर औंलाको टुप्पा सुँडमा टेकाई घचेटिदिइन् । हात्ती एकातिर हुत्तिन पुग्यो । यो देखेर तिनमा निकै बल छ भन्ने कुराको प्रमाणित भयो र सबैले विशाखाको प्रशंसा गरे ।

एकदिन विहारको एक उत्सवमा 'महालता-प्रसाधन' गहना लगाएर जान उचित छैन भन्ठानी गहना उतारी रुमालमा बाँधी एक दासीलाई जिम्मा दिइन् । तर फर्केर आउँदा दासीले उक्त गहना लिएर आउन बिर्सिन् ।

विशाखाले गहना माग्दा दासी झसङ्ग भइन् । त्यस गहनालाई आनन्द भन्तेले लिई भऱ्याङ्गमुनि एक ठाउँमा सुरक्षितसाथ राखिदिएका थिए । दासीले गहना लिन जानलाग्दा विशाखाले भनिन् – "यदि तिमीले राखेकै ठाउँमा भेट्टिए लिएर आउनु, अन्त कतै कसैले पन्छाइदिइसकिएको भए लिई नआउनु ।" आफूले राखेको ठाउँमा नभई अन्तै राखिसकिएकोले दासीले गहना लिई आइनन् । पछि आनन्द भन्तेले सारिदिएको मात्र हुँ लिए हुन्छ भनेपछि त्यस गहना लिन त लिइन् तर लगाउनको लागि होइन ।

विशाखाले उक्त गहना सुनकर्मीकहाँ बेच्न लगिन् । तर किन्ने मान्छे कोही भएनन् । अन्त्यमा ९ करोड रुपियाँ तिरी आफैले किनिन् । अनि उक्त पैसाले भिक्षुसंघको निम्ति एउटा विहार बनाइदिने निर्णय गरिन् ।

विहार दुई तलाको निर्माण भयो । तल्लो तल्लामा ५००


Downloaded from http://dhamma.digital/

र माथिल्लो तल्लामा ५०० कोठा थिए । जम्मा २७ करोड खर्च गरी बनाइएको त्यस महाविहार बुद्धलाई चढाइन् । उक्त २७ करोडमा जग्गाको लागि ९ करोड, निर्माण कार्यको लागि ९ करोड र अनि दानादि उत्सवको लागि ९ करोड खर्च गरेकी थिइन् । उक्त विहारको नाम पूर्वाराम विहार राखियो ।

विहार निर्माण पूरा भएपछि आयोजित महोत्सवको अन्तिम दिनमा विशाखा अत्यन्त आनन्दित भइन् । तिनमा धर्मप्रीतिको संचार भयो । आफूले गरेका पुण्यकार्यको अनुस्मरण गर्दै अत्यन्त प्रमुदित पनि भइन् ।

## पूर्वजन्मको कुरा

उक्त विहारमा विहार गरिरहनुहुँदा केही भिक्षुहरुले विशाखाको पूर्वजन्मको कुरा सुन्न चाहे अनि भगवान्‌लाई प्रार्थना गरे । भगवान्‌ले भन्नुभयो –

“भिक्षुहरु ! एक सहस्र कल्प पहिले लोकमा पद्मुत्तर बुद्धको प्रादुर्भाव भयो । त्यसबेला सुनन्द भन्ने राजा र सुजातादेवी भन्ने रानीको देशवती भन्ने छोरी थिई । तिनी बुद्धका अग्र उपासिका थिइन् । आठ वर प्राप्त गरी चार प्रत्ययको दायिका भएर दिनरात अथकरुपमा दान दिइरहेकी थिइन् ।

अग्रश्राविका हुन पाऊँ भन्ने विशाखाको प्रार्थना सुनेर पद्मुत्तर बुद्धले भन्नुभएको थियो – “कल्प सहस्रपछि गौत्तम बुद्धको पालामा तिमीलाई अग्रश्राविका हुने फल प्राप्त हुन्छ । तिमी त्यसबेला विशाखा महोपासिकाको नामले प्रधान अग्रश्राविका हुन



Downloaded from http://dhamma.digital/

सक्नेछौ ।"

पछिपछिको जीवनमा पनि पुण्य संचय गरी काश्यप बुद्धको पालामा पनि यस्तै प्रकारले प्रार्थना गरी अनेक देव मनुष्य लोकमा जन्म लिई यस जन्ममा मेण्डक सेंठको छोरा धनञ्जय सेंठको छोरी भई जन्म लिइन् । मेरो शासनमा रहेर धेरै पुण्य संचय गरेकी छिन् । अहिले तिनले त्यही कुराको उदान ब्यक्त गरिरहेकी छिन् ।" यति भन्नुभई पुनः भगवान्ले यो गाथा भन्नुभयो –

*'यथापि पुफरासिम्हा, कयिरा माला गुणे बहु ।*
*एतं जातेन मच्चेन, कत्तब्बं कुसलं बहुति ॥'*

अर्थात् –

जसरी मालीले फूलको थुप्रोबाट राम्रो फूल छानी छानी सुन्दर फूलमाला गाँस्दछ, त्यसरी नै संसारमा जन्म भई मरण हुनुपर्ने ब्यक्तिले असल छानी छानी धेरै पुण्यकर्म गर्नुपर्छ ।

यस 'कुसलं बहुति' भन्ने देशनाको अन्त्यमा धेरैजनाले स्रोतापति फल प्राप्त गरे । अन्य धेरैले धर्मको सार्थकता अवगत गरे ।

## विशाखाको सामाजिक जीवन

विशाखा उपासिका आफ्नो कुटुम्ब तथा मित्रहरुसँग मिलेर बस्नसक्ने भद्र स्वभाव भएकी महिला थिइन् । तिनमा घमण्ड कति पनि थिएन । आफ्नो धन वा जनको बलले अरुलाई दबाउने स्वभाव तिनको थिएन । अरुप्रति दया, क्षमा, स्नेह तथा सहानुभूति राख्ने तिनी एक धीर बीर नारी थिइन् ।


Downloaded from http://dhamma.digital/

एकदिनको कुरो हो । श्रावस्तीमा रक्सी खाई मनाइने एक चाडको बेला थियो । विशाखाका सखीहरु रक्सी खाने त्यस चाडमा सरिक हुन गए तर तिनी गइनन् । तिनले ती गएकालाई न त निन्दै गरिन् न त प्रशंसा नै । तिनले त्यसदिन बुद्धलाई निमन्त्रणा गरी भोजन दान दिने कार्यमा आफूलाई ब्यस्त राखिन् । तिनका ५०० जना सखीहरु धर्मदेशना सुन्न विहारमा आइपुगे । तर त्यसबेलासम्म पनि तिनीहरु मादक पदार्थ सेवन गर्दै थिए । तिनीहरु होहल्ला गर्दै थिए । ती चुप लागेर बस्नै सकेका थिएनन् । हात खुट्टा पनि जथाभावी चलाइरहेका थिए । कोही गीत गाउँदै थिए । कोही झगडा गर्दै थिए । यस्तो विचित्रता देखेर भगवान्ले उनीहरुलाई सचेत पार्न, विरक्ति भाव जगाइदिन रश्मि मधुरो पार्नुभयो । त्यहाँ एक प्रकारले अन्धकारजस्तै छायो । सबैको होस फिऱ्यो । भगवान त्यहाँबाट अन्तर्ध्यान हुनुभयो र सबैले सुन्नेगरी यो गाथा आज्ञा भयो –

***कोनु हासो किमानन्दो, निच्चं पज्जलिते सति ।***
***अन्धकारेन ओनद्धा, पदीपं न गवेस्सथा'ति ॥***

अर्थात् –

जहिले पनि अग्निको राप र ताप भएको ठाउँमा बसी के हाँस्ने, के आनन्द लिने ? अन्धकारमा (अज्ञानतामा) रूमल्लिएर पनि तिमीहरूले किन बत्ती (प्रज्ञा) नबालेका (नखोजेका) ?

यो गाथा सुनेर ती स्त्रीहरूको मनमा ज्ञानको रश्मि छिऱ्यो अनि उनीहरू सचेत र सजग भए । कालान्तरमा उनीहरू स्रोतापति



Downloaded from http://dhamma.digital/

फलमा प्रतिष्ठित भए ।

श्रावस्तीबासीहरूले भिक्षुसंघलाई दान दिन परेमा वा भोजन गराउन परेमा पहिले विशाखा वा अनाथपिण्डकको स्वीकृति लिनुपर्दथ्यो । फेरि दान कार्यमा विशाखा र अनाथपिण्डकको उपस्थिति रहेन भने जतिसुकै खर्च गरिए पनि लोकजनहरूले प्रशंसा गर्दैनथे । यसको अर्को प्रमुख कारणचाहिँ ती दुईप्रति भिक्षुसंघको ठूलो भर विश्वास थियो ।

उनीहरू संघको आवश्यकता र भिक्षुहरूको मनोभाव बुझी भोजनको तरिका मिलाई खुवाउन जान्दथे । घरमा भोजादानको काम पर्दा आफै लाग्नुपरेको बेला विशाखाले दत्ता नाम गरेकी नातिनीलाई र अनाथपिण्डकले महासुभद्रा नाम गरेकी छोरीलाई घरबाहिर अरूहरूका निमित्त भिक्षुसंघको सेवाकार्य गरिदिने काम सुम्पेका थिए ।

## *विशाखाको न्यायप्रियता*

एकपल्ट देवदत्तको आश्रयमा रहेकी कुमार काश्यव माता गर्भवती भइन् । देवदत्तले तिनको चिवर उतार्न उद्यत भए । उक्त भिक्षुणी बुद्धको शरणमा गइन् । बुद्धले सत्य के हो बुझ्न विशाखाको प्रमुख परीक्षकत्वमा एउटा समिति बनाइदिनुभयो ।

समितिअन्तर्गत रही छानवीन गरी विशाखाले भगवान बुद्धसमक्ष आफ्नो निर्णयसहितको राय दिइन् । तिनले भनिन् कि कुमार काश्यप माता भिक्षुणी हुनुअगावै गर्भधारण गरिसकेकी थिइन् ।

एकदिन आफ्ना नाताकुटुम्बबाट मणी मुक्तादि रत्न नगरद्वारे


Downloaded from http://dhamma.digital/

भंसारमा काम गर्नेहरूले अन्यायपूर्वक खोसेर लिएका थिए । राजालाई यसबारे जाहेर गर्न भेट्न जाँदा भेट्न नसकी अन्त्यमा कर्मचारीहरूले भनेजति भंसार तिर्नुपरेको थियो । यसबाट विशाखाको चित्त दुख्यो । संसारमा आफूले भनेजस्तो केही पनि हुँदो रहेनछ – 'सब्ब परवसं दुक्खं' अर्थात् पराधिनता नै दुःख रहेछ भन्ने ज्ञान तिनलाई भयो । पछि तिनले बुद्धकहाँ गई यसबारे चर्चा गरिन् ।

## *जति बढी प्रेम त्यति नै बढी दुःख*

एक समय भगवान बुद्ध श्रावस्तीमा मृगारमाता विशाखाले निर्माण गरेको पूर्वाराम प्रासादमा विहार गरिरहनुभएको बेला विशाखाको अति प्रिय नातिको परलोक भएको खबर आयो । त्यतिबेला विह्वल भएकी विशाखालाई सम्झाउने क्रममा भगवानले भन्नुभयो – ''विशाखा, जसलाई १०० सन्तान मन पर्छ, उसलाई १०० वटै दुःख आउँछ । ९० सन्तान मन पर्नेलाई ९० वटा नै दुःख आउँछ । यस्तै प्रकारले प्रकारले जसलाई जति प्रेम हुन्छ, त्यसलाई त्यति नै दुःख आउँछ । जसलाई कसैप्रति पनि कत्ति पनि प्रेम छैन, त्यसलाई त्यसबाट आउने दुःख पनि हुँदैन । शोक गर्न पनि पर्दैन । ऊ शोक सन्तापबाट सर्वथा मुक्त हुन्छ ।

## *स्त्रीहरूको इहलोक र परलोक विजय*

फेरि एक समय भगवान् बुद्ध श्रावस्तीको पूर्वाराम प्रासादमा विहार गरिरहनुहुँदा एकपल्ट विशाखा भगवान्को दर्शन गर्न गइन् । बुद्धलाई वन्दना गरी एक कुनामा बसिन् । भगवान्ले तिनलाई उपदेश गर्नुभयो – ''विशाखा ! चार गुण धर्म छन् जसलाई धारण



Downloaded from http://dhamma.digital/

गर्नाले स्त्रीहरुले इहलौकिक विजय प्राप्त गर्न सफल हुन्छन् । ती चार हुन् –

*१) कामकुरोमा राम्रो ज्ञान हुनु । व्यवहार कुशल हुनु ।*
*२) अरुलाई संग्रह गर्नसक्ने वा काम लिन सक्ने हुनु ।*
*३) पतिप्रति राम्रो व्यवहार गर्न सक्ने हुनु ।*
*४) प्राप्त धनलाई सुरक्षा गर्न सक्ने गुण हुनु ।*

यी चार गुण धर्मसहित भएका स्त्रीहरु यस लोकमा विजय प्राप्त गरी जीवन सफल बनाउँछन् ।

फेरि बुद्धले थप्नुभयो –"विशाखा ! फेरि यी चार गुणसम्पन्न स्त्रीहरु पारलौकिक विजय प्राप्त गर्दछन् । ती चार हुन् –

*१) श्रद्धा-सम्पन्न हुनु ।*
*२) शील-सम्पन्न हुनु ।*
*३) त्याग-सम्पन्न हुनु ।*
*४) प्रज्ञा-सम्पन्न हुनु ।*

यी चार गुण धर्म स्वभाव सम्पन्न स्त्रीहरु पारलौकिक विजयी भई सफल जीवन बिताउँछन् ।

## *विशाखालाई शोक*

सबै स्त्रीजातिलाई आफ्नो सन्तान प्यारो हुन्छ । त्यस्तै विशाखालाई पनि सन्तानप्रतिको मोह अत्यन्तै थियो । एकदिन तिनकी अर्की नातिनी दत्ताको अचानक मृत्यु भयो । यसबाट तिनी साह्रै मर्माहत भइन् र बुद्धकहाँ गई व्यथा पोखिन् । 'दत्ता' साह्रै कार्यकुशल थिइन् । दत्तालाई नै तिनले भिक्षुसंघ भोजनको लागि


Downloaded from http://dhamma.digital/

घर आउँदा वा अरुका निम्ति बाहिर गई संघ भोजन कार्यमा सघाउने र सेवा टहल गर्ने सम्पूर्ण अभिभारा सुम्पिदिएकी थिइन् । भगवान् बुद्धले विशाखालाई सान्त्वना दिने उद्देश्यले यो गाथाद्वारा उपदेश दिनुभयो –

***'पेमतो जायते सोको, पेमतो जायते भयं।***
***पेमतो विप्पमुत्तस्स, नत्थिसोको कुतो भयं॥'***

अर्थात् –

प्रेमले शोक उत्पन्न हुन्छ । प्रेमले गर्दा नै भय आइलाग्छ । प्रेमले विमुक्त व्यक्तिलाई शोक हुँदैन, भय पनि हुँदैन ।

## *विशाखाको अन्तिम घडी*

बाल्यकालदेखि जीवनपर्यन्त विशाखाले अनेक प्रकारले समाज सेवा गरिन् । अनेक धर्म कर्म र दानादि कुशल कार्य सम्पन्न गरिन् । भगवान् बुद्धको परिनिर्वाणपछि १२० वर्षको उमेरमा विशाखाको परलोक भयो । विमानवत्थु अर्थकथामा समुल्लेखभए अनुसार तिनी निर्माणरति देवलोकमा उत्पन्न भइन् ।

विशाखा महोपासिका देहान्त भएको २५०० वर्ष भइसके तापनि तिनको आदर्शमय जीवनको यशकीर्ति बुद्धशासन छउन्जेल अमर रहने छ । तिनी कुशलकामी मानवहरुका लागि प्रेरणाको स्रोत भएकीले तिनको आदर्श–स्वरुप अद्यापि जीवितै रहेको छ र पछिसम्म पनि रहिरहने छ । अस्तु !

*(भिक्षु प्रज्ञारश्मिद्वारा नेवारीमा लिखित पुस्तकलाई नेपालीमा अनुवाद र सम्पादन)*



Downloaded from http://dhamma.digital/

# परोपकारी रूपावतीको सम्बन्धमा

अनुवादकको टिप्पणी –

*बुद्ध-शिक्षामा परोपकारिता, मैत्री, करूणा र सेवाभावलाई पर्यायवाची मानिन्छ । निःस्वार्थ सेवामा समर्पित कर्तव्यपरायण र मैत्रीभावले आच्छादित जो कोही पनि त्याग, र परार्थ हितसुखको लागि अभिप्रेरित हुन्छन् । परहितको लागि आफ्ना जे कुरा पनि तिलाञ्जली दिनमा हर्दम तत्पर हुन्छन् । यसकुराको ज्वलन्त प्रमाणको रूपमा रूपावती देखिन्छिन् ।*

*एकजना सुत्केरी भएकी नारीले भोकले आक्रान्त भई मरणान्त अवस्थामा पुगेकी उनले आफ्नो प्राण बचाउन आफ्ना भर्खर जन्मेको नवजात शिशुलाई मारेर क्षुधा शान्त गर्ने तरखरमा लागेकी त्यस नारीलाई देखेर करूणा र उपकार गर्ने भावनाले अभिप्रेरित भई आफ्नै दुई स्तनलाई खुकुरीले काटी ती नारीको क्षुधा शान्त गरिदिइन् रूपावतीले । यो कम त्यागको विषय होइन ।*

*हेर्दा सुन्दा विस्मय र अपत्यारिलो लागे पनि यो कथावस्तुले सत्यक्रिया र त्यसको ज्वलन्त प्रभावलाई र मैत्री करूणाको अतुलनीय*

 Downloaded from http://dhamma.digital/ 

दृष्टान्त उजागर गरिदिएको छ । शील धर्मको प्रधानता रहेको सामाजिक पृष्ठभूमिमा यस्ता कुरा सम्भवप्रायः नै भएका घटनाहरू पौराणिक युगमा भेट्टिन्छन् ।

भगवान बुद्धको समयमा सत्यक्रियाको प्रभावकारिता प्रचुर मात्रामा थियो । यसको उदाहरण बौद्ध वाङ्मयमा धेरै भेट्टिन्छन् । सत्य, शील, मैत्री, करूणाको भाविता र अभ्यास गर्नेहरूले सत्यक्रिया गर्दा जस्तै असम्भवजस्तो देखिए पनि सम्भव भइछाड्थ्यो । त्यस्तै रूपावतीले पनि आफ्ना पतिले शंकाको दृष्टिले आफूलाई हेर्दा मेरा काटिएका दुवै स्तन पहिलेकाझैं होस् भनी सत्यक्रिया गर्दा पहिलेकोझैं भएको र ईन्द्रले पनि आफ्नो सत्यक्रियामा शंकालु दृष्टिले हेर्दा पुरूषमा परिवर्तिन हुन पाऊँ भनी सत्यक्रिया गरेकी थिइन् । तिनी पुरूष भइन् । अब तिनी रूपावती नभई रूपावत कुमार भइन् र त्यस देशको राजा भई सत्यमा रही शासन गरिन् ।

यस कथावस्तुलाई नियाल्दा 'सत्य डग्दैन, झुठो टिक्दैन' भन्ने उखान सत्य सावित हुन्छ । मैत्री करूणाले द्रविभूत भएर निःस्वार्थ रूपले गरिएको सेवा दिगो रहन्छ र महत फलदायी बन्दछ भन्ने पाठ यस कथावस्तुले सिकाउँछ ।





Downloaded from http://dhamma.digital/

# ४

# परोपकारी रुपावती

यो कथा भगवान बुद्ध श्रावस्तीको जेतवन विहारमा विहार गरिरहनुहुँदा भिक्षुहरुलाई सुनाउनुभएको हो । एकदिन भगवानले भिक्षुहरुलाई बोलाई भन्नुभयो – "हे भिक्षुहरु ! दान गर्दा कस्तो चित्त हुनुपर्छ, मनमा के राखी दान गर्नुपर्छ तिमीहरुले राम्ररी बुझिराख्नुपर्छ । अभिमान राखी लोकाचार देखाउन आफ्नो मात्र हित सुख हुने आसा राखी दान पुण्य कहिल्यै गर्नुहुँदैन । अरुको कल्याण होस्, गरिबहरुको उद्धार होस् भन्ने मनमा राखी दान गर्नुपर्छ । अब म तिमीहरुलाई परोपकार गर्ने उद्देश्य राखी दान दिएर यहींको यहीं एक नारी पुरूषमा परिवर्तन भएको घटना सुनाउँछु, राम्ररी सुन ।"

पहिले पहिले उत्तरतिर सत्ययुगमा उप्पलावती भन्ने एउटा देश थियो । त्यस देशमा धेरै संख्यामा विद्वान तथा धर्मात्माहरु बस्दथे । त्यहाँका गरिबहरु आफू दुःखी भए पनि मूकदर्शक नबनी परोपकार गर्ने स्वभावका थिए । तर त्यस देशमा दुई चारजना पापीहरुले अरुलाई दुःख दिने काम गर्दै ल्याएका थिए । त्यहाँ बेलामा पानी नपरी खाद्यान्न अभाव भएकाले जतातत्तै हाहाकार

Downloaded from http://dhamma.digital/

मच्चिचएको थियो ।

त्यसबेला उक्त उप्पलावती नगरमा रुपावती भन्ने एक नारी बस्दथिन् । तिनी सुन्दर थिइन् साथै लक्षणयुक्त र धर्मचित्तधारी पनि थिइन् । तिनकी मातापिता पनि ब्राम्हण जातिका विद्धत वर्गका थिए । रुपावती युवती भइन् र तिनका मातापिताले तिनलाई विवाह गरी दिइपठाउने कुरा चलाए । रुपावतीले आमाबाबुलाई भनिन् – "म पुरूषसँग जीवन बिताउन चाहन्नँ । मलाई दिइपठाउने कुरा नगर्नुहोस् ।"

पिता उत्पलासार्थ र माता पुष्पावतीले भने – "छोरी, हाम्रो छोरा भने पनि छोरी भने पनि तिमी नै हौ । नारी जातिले पुरूष विना कसरी जीवन बिताउन सक्दछ र ? तिमीलाई पछि कसले स्याहार्ला ? भविष्यमा तिमीले दुःख पाउँछौ ।"

आमाबाबुको वचन शीरोधार्य गरी विवाह नै गर्ने विचारले तिनले भनिन् – हे पिता, हे माता ! बच्चा जन्माएर बस्नु मेरो लागि दुःखै हो । त्यसो भए पनि मैले विवाह गर्ने विचार गरें । फलाना ठाउँमा एउटा विहार छ । त्यहाँ पुजारी भएर बस्ने एकजना युवक छ । विवाह गरिदिने हो भने उसैसँग विवाह गरिदिनुहोला ।"

रुपावतीका आमाबाबु प्रशन्न भए । तिनीहरुले त्यसै युवकसँग रुपावतीको विवाह सम्पन्न गरे । त्यस युवक नपुंसक हुन् भन्ने कुरा रुपावतीलाई मात्र थाहा थियो । तिनका आमाबाबुलाई यो कुरा थाहा थिएन ।

एक वर्षपछिको कुरा हो । एक रात, मध्यरातपछि रुपावतीले



Downloaded from http://dhamma.digital/

आफ्नी पतिसित भनिन् – "हे स्वामी ! आज मेरो निन्द्रा छिटै खुल्यो । सँधैंझैं पानी लिन जान्छु ।" तिनी गाग्री लिएर घरबाट निस्किन् ।

रात कालो थियो । तिनले बाटो बिराइन् । हिँड्दाहिँड्दै तिनी जंगाविहार भन्ने गाउँमा पुगिन् । त्यहीं नजिकै एउटा घरमा एउटी स्त्री वाक वाक गरी कराइरहेकी सुनेर तिनी त्यस घरमा पसिन् । त्यहाँ एउटी आइमाई प्रसव भएको कारणले हलचल गर्न नसकिरहेकी देखिन् । रुपावतीले हालचाल सोधिन् । त्यस आइमाईले भनिन् – "घरमा केही खानेकुरा छैन । मेरा कोही आफन्त पनि छैनन् । यो बच्चाको बाबु गर्भाधानको ६ महिना हुँदा नै बिते । म भोकले हलचल गर्न सक्दिनँ । म मरें भने यो बच्चा पनि मर्छ । भोक नै ठूलो रोग हो भन्ने कुरा सुनेथें । भोक शान्त पार्न यही बच्चालाई हत्या गरी यसैको मासु खाई रगत पिई बाँच्ने विचार गरें ।"

यो कुरा सुनेर रुपावतीको हृदय छियाछिया भयो । तिनले भनिन् – "अहो, कस्तो कुरा सुन्नुपर्‍यो, कस्तो देख्नुपर्‍यो । दिदी, त्यस्तो विचार नगर्नुहोस् । आफ्नै बच्चा मारी खानु अति ठूलो पाप हो ।"

ती आइमाईले भनिन् – "बहिनी, मलाई अर्ती नदेउः । खानेकुरा देऊ । नभए म पनि यो बच्चा पनि मर्ने भयो । म अनाथ हुँ । तिमीले मलाई केही खानेकुरा दिन्छौ भने देऊ, नभए तिमी यहाँबाट गइहाल । भोकोलाई तिम्रो अर्ती काम लाग्दैन । पशुको घाउ कागले थाहा नपाएझैं मेरो घाउ कति दुखेको छ


Downloaded from http://dhamma.digital/

तिमीलाई के थाहा ? अहिले त तिमी मेरो लागि बाधक भइरहेका छौ । म यस बच्चाको घाँटी निमोठी खान आतुर छु ।" यति भनी तिनले त्यस बच्चालाई मार्न लागिन् ।

रुपावतीको हृदय करुणाले द्रवित भयो । तिनले करुण-चित्तले भनिन् – "पर्ख, पर्ख है । हतार नगर । म पानी लिन आएकी हुँ । घर गएर तिमीलाई केही खानेकुरा लिएर आउँछु ।"

ती आइमाईले भनिन् – "तिमीले केहीछिन पर्ख भन्यौ तिमी खानेकुरा लिएर फर्कुन्जेल म मरिसक्छु । म पर्खेर बस्नसक्दिनँ । मेरा आन्द्राहरु दोब्रिसके । म त मर्न लागें ।"

रुपावतीले सोचिन् – "यसले भनेको ठीकै हो । यसले केही नखाएकी दस दिन भइसक्यो । त्यसमाथि यो सुत्केरी अवस्थामा छे । घर गएर खानेकुरा ल्याउन्जेल यसले बच्चालाई मारी खान पनि सक्छ । बच्चालाई लिएर जाउँ भने पनि यो मृतावस्थामा पुग्न सक्छ । यी दुवैलाई जीवित पार्न सके ठूलो धर्म हुन्थ्यो, पुण्यलाभ हुन्थ्यो । भाग्यले म यहाँ पर्न आएँ । म नआइपुगेकी भए अघि नै यसले बच्चालाई मारिसक्थिन् र खाइसक्थिन् । दुःखीलाई उद्धार गर्ने यो ठूलो मौका हो । यो मेरो शरीरको के माया ?" यति भनी रुपावतीले बच्चालाई नमार्ने वाचा गराई त्यहींनिर रहेको खुकुरी उठाई आफ्नो दुवै स्तन काटी टुक्रा टुक्रा पारी त्यस भोको आइमाईलाई खुवाइन् र सन्तुष्ट पारिन् । त्यस दुःखी आइमाई पनि खुबै सन्तुष्ट र प्रशन्न भइन् ।

त्यसपछि रुपावतीले भनिन् – "दिदी, मैले आफ्नो स्तन काटी खुवाएँ । तपाईंले औषधि ठानी खानुभएको हो भन्ठान्छु । म



Downloaded from http://dhamma.digital/

त पानी थाप्न आएकी । अब तपाईंले बच्चालाई मार्ने विचार नगर्नुहोला । घर गएर तपाईंलाई खानेकुरा पनि लिएर आउँछु अनि स्याहार पनि गर्न आउँछु ।"

रुपावतीको कुरा सुनेर त्यस दुःखी आइमाईले विनम्र भई भनिन् – "अब मेरो प्राण बच्यो । भोक पनि शान्त भयो । अब म नमर्ने भएँ । मलाई सन्तुष्ट हुने गरी खुवाई ज्यान बचाइदिने तिमी बहिनीको वचन शीरोधार्य छ । म बाँचुञ्जेल यस बच्चालाई राम्ररी पाल्ने भएँ । धरोधर्म त्यसै गर्ने भएँ ।"

त्यसपछि रुपावतीले तीर्थमा गई पानी भरी रक्ताम्य जीउ लिई घर गइन् । त्यसबेला तिनकी पतिले अहिलेसम्म रुपावती आइपुगेकी छैनन् भनी पीर गरी बसेको थियो । तल आँगनमा एउटी आइमाईको पदचाप सुनेर तल ओर्लेर हेर्न गयो । रुपावतीको जीउ रक्ताम्य भएको र छातीबाट रगत निस्किरहेको देखेर सोध्यो – "प्रिय रुपावती, तिमीलाई के भो ? कसले के गऱ्यो ? तिमी त्यति सुन्दर थियौ, अहिले त भयङ्कर देखिएकी छौ । यस्तो कुकर्म गर्ने को हो ? कुरा नलुकाऊ । सत्य कुरा बताऊ ।"

रुपावतीले भनिन् – "भो आर्यपुत्र ! भएको कुरा सबै खुलस्त बताउँछु । राम्ररी सुन्नुहोस् । पानी लिन भनी निस्केकी म बाटो बिराएर जंघाविहार भन्ने ठाउँमा पुगें । त्यहाँ एउटा घरमा एउटी प्रसव भएकी आइमाई भोकले लखतरान भई मरणावस्थामा पुगेकी देखें । तिनको पति गर्भाधानको ६ महिना पुग्दा परलोक भइसकेको थियो । तिनका अरु कोही थिएनन् । तिनले नवजात शिशुलाई मारी खान ठीक पर्दा म त्यहाँ पुगेकी रहिछु । हे स्वामी,


Downloaded from http://dhamma.digital/

तपाई नपुंसक हुनुहुन्छ र म पुरूषसँग संभोग गर्ने इच्छा नभएकीलाई मेरा दुवै स्तन बेकार छन् । त्यसैले हाम्रा सन्तान नहुने भएकोले दुःखी अनाथ बच्चा र आमा दुवैको ज्यान बचाउनु ठूलो धर्म सम्झी मैले आफ्नो दुवै स्तन काटी तिनलाई खुवाएँ । यस पुण्यद्वारा दस पारमिता पूर्ण गर्नमा सहायक हुनेछ भन्ने कुरामा म विश्वस्त छु । तिनलाई खानेकुरा पनि लिएर आउँछु भनी आएकी छु । स्तन काटिए पनि शरीरमा कुनै कष्ट अनुभव भइरहेको छैन । यो काम जगत हिताय जगत सुखायको निम्ति हो ।''

रुपावतीको यो कुराले पतिचाहिँलाई आश्चर्य चकित तुल्यायो । उनले विचार गरे – 'यो त हुनै सक्दैन । त्यति राम्री लोभलाग्दी रुपावती पानी लिन जाँदा कुनै बदमासले बलात्कार गर्न खोजे होलान् । रुपावतीले नमान्दा त्यस बलात्कारीले तिनका दुवै स्तन काटिदिए होलान् र सास्ति गरे होलान् । मानिसले मानिसकै मासु खाए होलान् त ?' उसलाई पत्यार लागेन । ऊ त्यस आइमाईकहाँ गएर हो होइन बुझ्न गयो ।

उसलाई देखेर त्यो आइमाई डराइन् । तिनले सम्झिन् कि कोही तिनलाई समात्न पो आएको हो कि ! तिनले नवजात शिशुलाई मार्न लागेको पनि होइन, रुपावतीको रगत मासु खाएको पनि होइन भनेर बकिदिइन् । त्यो कुरा सुनेर ऊ घर फर्केर आई घोरियो ।

अनि मन खिन्न पारी रुपावतीलाई भन्यो – ''तिम्रो कुरा सुन्दा अलि अलि पत्यार त लाग्छ तर संसारमा मुखले बोलेझैं काम गर्ने कोही देखिएको छैन, सुनिएको छैन । कुनै पनि नारीले



Downloaded from http://dhamma.digital/

आफ्नै स्तन कसैको लागि काटिदिन सक्लीजस्तो लाग्दैन । तिमीले साँच्चैनै त्यस्तै गरेकी भए तिमी धन्य हौ । तर मैले त्यस दुःखी आइमाईकहाँ गएर सोध्दा तिम्रो मासु खाएको पनि होइन, बच्चालाई मार्न लागेको पनि होइन भनिन् । तिमीले झुठा कुरा बोलेकोमा मलाई दुःख लाग्यो, मनमा गोलमाल हुनेगरी कुरा खेल्यो । मलाई पत्यार हुनेगरी तिमीले कुनै सत्य-क्रिया गरेर देखाऊ । सत्य वचनको शक्ति प्रदर्शन गरी देखाऊ । अनि मात्र म पत्याउँछु ।"

यो कुरा सुनेर रुपावतीले प्रशन्न भई आकाशमा हेरी आँखा चिम्ली हात जोडेर त्रिरत्नको गुण स्मरण गरी यसरी सत्य-क्रिया गरिन् – "यदि मैले गरेको काम राम्रो र धर्म-सम्मत हो भने र सत्य-धर्म अझै विद्यमान छ भने मेरो छातीमा पहिलेझैं दुवै स्तन प्रकट होस् । यदि सत्य-धर्म भन्ने नै नभए यहीं अहिल्यै मेरो मृत्यु होस् ।"

अनि लोग्नेचाहिँले पनि अधिष्ठान गरे – "रुपावतीले भनेकी कुरा र काम यदि सत्य नै हो भने तिनले भनेबमोजिम पहिलेझैं दुवै स्तन तिनको शरीरमा प्रकट होस् । असत्य भए तिनले भनेझैं हुनुपर्छ भन्ने छैन , मेरो पनि तिनीसँगै मृत्यु होस् ।"

यसरी दुवैले सत्यलाई साक्षी राखी अधिष्ठान गरे । रुपावतीको छातीमा पहिलेझैं दुवै स्तन प्रकट भए । अनि लोग्नेचाहिँले मुसुमुसु हाँसी रुपावतीलाई अनिमेष हेरी रुपावतीको प्रशंसा गरे । उसले भन्यो – "अब भने मैले तिम्रो कुरा पत्याएँ ।"

त्यसबेला इन्द्रको आसन तात्तिएर कम्पायमान भयो । इन्द्रले के कारणले मेरो आसन यसरी तात्तियो होला भनेर विचार


Downloaded from http://dhamma.digital/

गरे । रुपावती भन्ने नारीले असीम त्याग चेतनाद्धारा एउटी अनाथ आइमाईको उपकार गरी ज्यान बचाइदिइन् । त्यही सत्य-धर्मको प्रभावले इन्द्रासन कम्प भएको हो भन्ने कुरा उनले थाहा पाए । उनले आफ्नी पत्नी इन्द्रायणीसँग पनि रुपावती सुशील र योग्य नारी हुन् भनेर रुपावतीको प्रशंसा गरे ।

त्यसपछि इन्द्र रुपावतीलाई भेट्ने उद्देश्यले पहेंलो धोती बेरी, लहुरो टेकी, कमण्डलु धारण गरी ब्राम्हणको भेषमा रुपावतीको घरआगनमा पुगी अलख जगाए ।

रुपावतीले त्यसबेला त्यस दुःखी आइमाईलाई खुवाउन लैजान रोटी पोलिरहेकी थिइन् । झ्यालबाट तलतिर हेर्दा तिनले कहिल्यै नदेखेको सुन्दर फकिर भिक्षाको लागि उभिरहेको देखिन् । तल ओर्लेर फकिरलाई रोटी दान दिइन् । भेषधारी अपरिचित त्यस युवकले रुपावतीलाई अपलक हेरिरहे । रुपावती र तिनकी पतिले पनि उनलाई त्यसरी नै हेरिरहे ।

भेषधारी इन्द्रले भने – "रुपावती भन्ने के तिमी नै हौ ? एउटा कुरा सुनेर म यहाँ आएको हुँ । त्यो के भने तिमीले एउटी दुःखी आइमाईलाई र तिनको बच्चालाई जीवनदान दिन आफ्नो दुवै स्तन काटेर रगत मासु दान गऱ्यौ रे । त्यसैले तिमीसित चिनापर्ची गरुँ र त्यस्ती त्यागीको हातबाट दान पनि लिऊँ भनी टाढैदेखि आएको हुँ । अब दान पनि लिइसकें । तिमीले रुपावती भन्ने म नै हुँ भन्यौ । त्यसो हो भने तिम्रो छात्तीमा स्तन नहुनुपर्ने होइन र ? तिम्रा दुवै स्तन दुरूस्त देख्दैछु । काटेर खुवाइसकेको स्तन फेरि कसरी उत्पति भयो ? तिमीले साँच्चिकै दान नदिएर



Downloaded from http://dhamma.digital/

मनमनै मात्र दान गरेकी हौली ।"

रुपावतीले जवाफ दिइन् – "मैले दुवै स्तन काटी दान गरेको कुरा सत्य हो । तर दुवै स्तन कसलाई दान गरेकी थिएँ भन्ने कुरा त तपाईलाई थाहै छ होला । तपाई को हो र कहाँबाट पाल्नुभयो ?"

त्यस भेषधारी ब्राम्हणले भन्यो – "उत्पलावती देशमा बस्ने सुत्केरी आइमाईलाई दुवै स्तन काटी दान दिएकी थियौ भन्ने कुरा सुनेथें । के यो कुरा सत्य हो ? स्तन काट्दा तिमीलाई दुखेन ? स्तन काटी दान दिने आइमाई तिमी होइनौ जस्ती छौ ।"

रुपावतीले भनिन् – "भो भिक्षुक ! तपाई ब्राम्हणजस्तो पनि देखिनुहुन्छ । सुनको गजुर भएको लहुरो, सुनकै कमण्डलु लिई, श्रीखण्डको खराउ लगाई, सुन्दर मुहार भएको तपाई मुसुमुसु हाँसी भिक्षा लिन पाल्नुभयो । तपाई को हुनुहुन्छ ? सत्य कुरा बताइदिनुहोस् ।"

त्यस ब्राम्हणले समय आएपछि आफै बुझ्छौ भने ।

त्यसपछि रुपावतीले अगाडि भनिन् – "अब म तपाईलाई सत्य कुरा बताउँछु । राम्ररी सुन्नुहोस् । यस देशको रुपावती भन्ने नारी मै हुँ । त्यस सुत्केरी भएकी आइमाईलाई स्तन काटी रगत मासु खुवाई बच्चा र आमा दुवैको प्राण रक्षा गर्ने पनि मै हुँ । मैले यो दान कार्य गरेको कुनै धन सम्पति प्राप्त गर्ने लोभले होइन , नाम कमाउने उद्देश्यले पनि होइन र पछिको जन्ममा चक्रवर्ती राजा हुनलाई पनि होइन । स्वर्गको इन्द्र हुन्छु, महारानी बन्छु, ठूलो कुलमा जन्म लिन्छु भन्ने आसाले पनि होइन ।"


Downloaded from http://dhamma.digital/

त्यस ब्राम्हणले भन्यो – "कुनै न कुनै कल्पना वा आसा त अवश्य नै हुनुपर्छ । के कल्पना गरी यसरी अभूतपूर्व किसिमले स्तन दान गरेकी ? सत्य कुरा बताऊ ।"

"मैले भनिहालें नि – यसरी दान गरेकी कुनै आसा वा कल्पनाद्वारा प्रेरित भएर होइन । तर पनि सुन्न चाहनुहुन्छ भने सुन्नुहोस् – मैले कल्पना गरेको भनेको यही हो – अनुत्तर सम्यक सम्बुद्धले झैं बोधिज्ञान प्राप्त गरी प्राणी मात्रलाई सुख दिन सकुँ र असंख्य दुःखीहरुलाई करुणा राखी उद्धार गर्न सकुँ । असंख्य प्राणीहरुलाई मैत्री भावनाद्वारा प्राप्त ज्ञानगुणका कुराहरु बाँड्न सकुँ । अहंकारी बनी कसैलाई दुःख दिन नपरोस् । अज्ञानता, अहंकार र अन्धविश्वासमा परेका द्वेषीहरुलाई पनि ज्ञान दिई शान्त पारी कल्याण गर्न सकुँ ।

तिनले फेरि थपिन् – "हे ब्राम्हण , तपाई नपत्याउनु भए म यो सत्य घटना पनि सुनाउँछु । मेरो पतिदेव पनि पत्याउनुभएन अनि सत्यलाई साक्षी राखी शुद्ध चित्तले अधिष्ठान गर्दा मेरा यी दुवै स्तन पहिलेझैं प्रकट भए ।"

अझै पनि त्यस ब्राम्हणले नपत्याएपछि रुपावतीले अधिष्ठान गरिन् – "मेरो मनमा कुनै कालो नभए, स्वार्थ भावना नभए आजदेखि ममा स्त्री इन्द्रिय लोप भई पुरूषको इन्द्रिय प्रादुर्भाव होस् र पुरूष होस् ।" यति मनमा ठानी त्रिरत्नको गुण स्मरण गरी आँखा चिम्ली बिन्ती गरी एकछिन चुप लागिन् । शील र त्यागयुक्त चेतनाको बलले रुपावतीमा स्त्री-रुप बिलाई पुरूष-रुप प्रकट भयो ।



Downloaded from http://dhamma.digital/

यो अद्‌भूत दृश्य देखेर ब्राम्हणरुप धारण गरी आउने इन्द्र साह्रै अचम्म माने र प्रशन्न पनि भए । शंका सन्देह सबै त्यागी मुसुमुसु हाँसी त्यस ब्राम्हणले ब्राम्हणरुप त्यागी साक्षात इन्द्र भई रुपावतीको अगाडि उभिए । इन्द्रले भने – "रुपावती, तिमी धन्य रहिछौ । तिमीले शुद्ध मनले पुण्य गरेकीले यहींको यहीं फल पायौ । अब आजदेखि तिमी रुपावती नभई रुपावत भयौ । अब तिमी नारी रहिनौ । तिम्रा मनोकामना पूर्ण होस् ।" यति भनी इन्द्रले कमण्डलुको पानी सिंचन गरी आशिर्वाद दिई त्यहीं अन्तर्धान भए ।

रुपावतीको पति यी सबै दृश्यहरु देखेर धेरैबेरसम्म स्तब्ध बनी टोलाइरह्यो । उनलाई त सपना हो कि विपना हो भैँ भयो । आफ्नै पत्नीले नारीरुप छोडी पुरूष बनेको देख्दा सपनाभैँ त लाग्यो होला नि !

त्यसपछि रुपावतले आर्यपुत्रको हात समाती मिजास गरी मुसुक्क हाँसी भनिन् – "यो सत्य-फल हो । अब त तपाई राम्रैसित पत्याउनुभयो होइन ? मेरो कामको बारेमा स्वर्गमा समेत चर्चा भयो र स्वयं इन्द्रसमेत ब्राम्हण भेष धारण गरी हेर्न आए । धेरैबेर कुराकानी गर्नुभई राम्रो प्रभाव लिएर जानुभयो । अबदेखि म भाई तपाई दाई भई मिलिजुली धर्मकार्य गरी बसौं ।" यसरी ती दुवै हितचित्तका कुरा गरी चित्त बुभ्काइबसे । ती दुई दाजुभाइ हात समाती माथिल्लो तल्लामा गई बुद्धलाई वन्दना गरी पुजा गरी दुवैले खानपिन गरे । यो समाचार सबैतिर द्रुतगतिले फैलियो ।

यो खबर सुन्नासाथ उत्पलावती देशमा पनि धुमधामले

Downloaded from http://dhamma.digital/

मंगलोत्सव मनाइयो । नयाँ राजा सिंहासनमा बसेको बेलामाझैं हर्षोल्लास भयो । देशका जनताहरु दिनदिनै उनीहरुकहाँ गई देवता दर्शन गरेजस्तै ताँति का ताँती जाने भए । योग्य र पूजनीय मानी सबैले उनीहरुलाई आवश्यक सबैथोक पुऱ्याइदिने भए । उनीहरुका मातापिता पनि भेट्न आए । आफ्ना छोरी पुरुष भएको देख्दा अचम्भित भए । छक्क परी भन्नलागे – "अहो, धन्य हाम्री छोरी रुपावतीको सिद्धि र बुद्धि, शुद्ध मनले गरेका धर्मकार्यको तेज, नारी भए पनि सत्यलाई भाकी प्रज्ञा र अधिष्ठानको बलले पुरूष भइन् । हर्षासु झारी अंकमाल गरी ती मातापिताले रुपावत भएकी रुपावतीमाथि स्नेह वर्षाए ।

त्यसको पाँचवर्षपछि त्यस उत्पलावती नगरमा पुत्रविहीन राजाको देहावसान भयो । मृत्यु संस्कार सिद्धिएपछि अब कसलाई राजा बनाउने भन्ने विषयमा देशका विद्वान, ज्ञानी, विवेकी मान्यजनहरु जम्मा भई 'हाम्रो देशमा निःसन्तान राजा मरे, अब राजा हुन लायक को, कहाँ छ ?' भनी सल्लाह गरे ।

सल्लाह गर्दा कुरा उठ्यो – 'हामीले सुन्दै नसुनेको किसिमले कसैले हम्मेसी गर्न नसक्नेढंगले ठूलो धर्म उपकारका काम गर्ने करुणावान निःस्वार्थी युवक रुपावत कुमार छन् । पहिले उनी रुपावती भन्ने नारी थिइन् । शुद्ध चित्तले गरिब र अनाथ भएकी एक स्त्रीको उपकार गर्ने भएर सत्य र करुणाको बलले उनी पुरुष भए । त्यस्ता इमान्दार र सत्य-धर्मसहित भएकालाई हाम्रा राजा बनाउन पाए हाम्रो देशको उन्नति हुन्थ्यो, जनताहरु पनि सभ्य र सुशील हुन्थे अनि देशमा अन्याय र अत्याचार भन्ने



Downloaded from http://dhamma.digital/

नै हुने थिएन ।'

यस कुरालाई सबैले समर्थन गरे । यसरी रुपावत कुमारलाई राजा बनाउने निर्णय गरेर सबै मन्त्रीहरु गई रुपावत कुमारलाई बोलाएर ल्याई नियमानुसार राजसिंहासनमा कलश पूजा गरी राजमुकुट पहिऱ्याई राज्याभिषेक गरी राजा बनाए । जनताहरुले देशभरि झिलिमिली बत्ती बाली खुसी मनाए ।

करुणावान् रुपावत राजाले जनताको हित हुने, देश विकास हुने बहुजन हिताय र बहुजन सुखायका काम गरी ६० वर्षसम्म राज्य चलाए । विवाह पनि नगरी मैत्री, करुणा, मुदिता र उपेक्षा भनिने चार ब्रम्हविहार धर्ममुताविक राज्य गरी जनतालाई पनि ती चार ब्रम्हविहार धर्म पालन गर्न सिकाई देशमा शान्ति स्थापना गरे । उनी अमर भए ।"

यो माथिको कथा भगवान् बुद्धले आज्ञा भइसकेपछि आनन्द भिक्षुले सोधे – "भन्ते, भगवान् ! त्यस दुःखी आइमाईलाई के भयो त ? यो कुरा पनि सुन्न पाए हुन्थ्यो ।"

भगवान् बुद्धले भन्नुभयो – "आनन्द ! सुन, म बताउँछु । रुपावती नारी नभई पुरुष भइन् । तिनको नाम रुपावत भयो । उनी राजा भएपछि त्यस दुःखी आइमाईलाई दरवारमा ल्याइए । तिनलाई बगैंचामा पानी दिने र फूल माला उन्ने काम दिएर खान लगाउन दिई काम र माम दिए । कतिले त मानिसको मासु खानेलाई दरवारमा राख्नुहुन्न भनी विरोध पनि गरे, गाली अपमान पनि गरे । उनीहरुलाई रुपावत राजाले यसरी सम्झाए – "तिनले आफैले मानिस मारी खाएकी होइन । मर्न लागेकी तिनलाई



Downloaded from http://dhamma.digital/

रुपावतीले आफूखुसीले मासु काटी खुवाएकी हो । त्यसो नगरे तिनी मरिसक्थिन् । अहिले तिनी जीवितावस्थामा छिन् । तिनले रुपावतीको मासु नखाएकी भए रुपावती अहिलेसम्म नारी नै भइरहिन्थिन् । तिनले गर्दा नै रुपावती पुरूष बनिन् र राजासमेत भइन् । अहिले त्यो पुरूष म आफैं हुँ । के म नारी हुँ त ? तिमीहरुले मलाई किन सन्मान गरी राजा बनायौ ? त्यही आइमाईलाई मासु दान दिई, सत्यलाई साक्षी राखी म पुरूष बनेकाले नै राजा बनायौ, होइन त ?" यसरी रुपावत कुमारले जनतालाई सम्झाई बुझाई चित्त बुझाए भनी तथागतले आनन्दलाई उत्तर दिनुभयो ।

यो कथा सुनी त्यहाँ उपस्थित सबैको चित्त बुझ्यो । सत्यको फल यहींको यहीं देखियो भनी सबै हर्षित भए ।

अस्तु !

*(भिक्षु अश्वघोषद्वारा नेवारीमा रचित कृतिको नेपालीमा अनुवाद र सम्पादन)*





Downloaded from http://dhamma.digital/

# अद्वेषी उत्तराको सम्बन्धमा

अनुवादकको टिप्पणी –

*धनी हुनु र गरिब हुनु कर्मको खेल हो । गरिबकुलमा जन्मेर पनि दानादि पुण्यकर्म गरेर कसैप्रति द्वेषचित्त नराखी मैत्रीचित्तले सद्व्यवहार गर्दा नतिजा सोचेभन्दा बढी लाभप्रद र कल्याणकारी हुन्छ र मार्गफलमा प्रतिष्ठित हुन सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो – यो उत्तरा कथावस्तु ।*

*आफूमाथि द्वेषचित्त राखी आक्रमण गर्न आउने, बिगार्न आउने सिरिमा गणिकादेखि पनि अलिकति पनि रिस र बदलाको भावना नराखी १५ दिनसम्म आफ्नी पतिलाई भुलाई आफूलाई दान धर्म पुण्य गर्ने अवसर जुराइदिएको गुण उपकारलाई सम्झी क्षमा दिएकी मात्र होइन, मैत्रीको जलले सिंचन गरी द्वेष शान्त गरी त्यसको ठाउँमा मैत्री को विजारोपण गरिदिने नारी हुन् – उत्तरा ।*

*दान शीलादि कर्म सम्पादन गर्न कामसुखलाई तिलाञ्जली दिई धर्मकार्य सम्पन्न गर्न एक वेश्यालाई भाडामा लिई पतिलाई सुम्पी अतुलनीय त्याग दर्शाई निर्विघ्न पुण्यकार्यमा दत्तचित्त हुने नारी हुन् – उत्तरा ।*

*धर्मप्रति समर्पित, धन वैभवप्रति उदासीन, त्रिरत्नमा अटल श्रद्धा, मैत्रीका धनी शत्रुसँग पनि शत्रुता नराखी मृदु व्यवहारद्वारा हृदय जित्न सक्ने अद्वेषी नारी हुन् – उत्तरा ।)*


Downloaded from http://dhamma.digital/

५

# अद्वेषी उत्तरा

*'अकोधेन जिने कोधं असाधुं साधुना जिने ।*
*जिने कदरियं दानेन सच्चेन अलिकवादिनन्ति ॥'*

यो गाथा भगवान् शास्ता बेलुवनमा विहार गर्नुहुँदा उत्तराको घरमा भोजनको बेला उत्तरालाई आज्ञा भएको हो ।

राजगिरी नगरमा सुमन भन्ने साहुकहाँ पूर्ण भन्ने एकजना गरिब मानिस नोकरी गर्दथ्यो । उसको एक पत्नी र एक छोरी थिई । छोरीको नाउँ उत्तरा थियो ।

एकदिन राजगिरीमा सातदिनसम्म मनाइने चाडको उद्घोषणा भयो । उद्घोषणा सुनेर बिहान काम गर्न आएको पूर्णलाई बोलाई साहुले भन्यो – "पूर्ण ! आज हामीकहाँ काम गर्न आउने सबै चाड मनाउन जाँदैछन् । तिम्रो के विचार छ ? चाड मनाउँछौ कि काम गर्छौ ?"

पूर्णले भन्यो – "साहु ! चाड भनेको धनीहरुको निमित्त मात्र हो । मजस्तो गरिबको लागि के को चाड ! जसको घरमा क्वाति खानलाई न पिठो छ, न चामल एक गेडा छ, उसको लागि कुनै चाडवाड छैन । गोरु पाए खेतमा जान्थें ।"

साहुले भन्यो – "पूर्ण ! उसोभए तिमी गोरु लिएर खेतमा



Downloaded from http://dhamma.digital/

जाऊ त ।"

पूर्णले बलिया बलिया दुई गोरुमा जुवा नारी स्वास्नीचाहिँलाई भन्यो – "भद्रे ! आज सबै चाड मान्न जाँदैछन् । हामी गरिबलाई चाड आए पनि केही न केही । त्यसैले म खेत जान्छु । तिमीलाई र मलाई भात लिई खेतमा आइपुग ।" यति भनी पूर्ण खेततिर हिंड्यो ।

त्यही दिन सारिपुत्र भन्ते सातदिनसम्म निरोध समापति ध्यानबाट उठ्नुभएको थियो । भन्तेले आज कसलाई संग्रह (उपकार) गर्नुपर्ला भनी विचार गर्दा उहाँले पूर्णलाई देख्नुभयो । अनि त्यो व्यक्ति श्रद्धा भएको र संग्रह गर्नयोग्य हो कि होइन भनी हेर्नुभयो । संग्रह गर्न सकिने, श्रद्धा भएको, र संग्रह गरेजस्तै महान सम्पत्ति पनि प्राप्त गर्न सकिने गुण उनमा भएको देख्नुभयो । अनि हातमा पात्र उठाई, चीवर धारण गरी पूर्ण भएठाउँ पुग्नुभयो र देखिनेगरी खेतको एक छेउमा बस्नुभयो ।

पूर्णले उहाँ स्थविरलाई देख्नासाथ उहाँको नजिक गई दण्डवत गरे । भन्तेलाई दतिवन चाहिएको होला भन्ठानी दतिवन ल्याई दान गरे । भन्तेले पानीको निमित्त भनी पात्र र पानी चाल्ने चालनी दिनुभयो । पूर्णले पानी चालेर पात्रमा पानी भरेर ल्याइदियो । भन्तेले मुख धुनुभयो । उहाँले सोच्नुभयो – 'यसको घर सबभन्दा तल पर्छ होला । घर गएँ भने यसको पत्नीले मलाई देख्ने छैन । त्यसैले तिनी भोजन लिई घरबाट ननिस्केसम्म म यहीं बसिरहन्छु ।' यति सोची केहीबेर त्यहीं बस्नुभयो अनि अब त घरबाट निस्किसकिन् होली भन्ठानी भिक्षाको लागि नगरतिर जानुभयो ।


Downloaded from http://dhamma.digital/

उता पूर्णको पत्नीले खेततिर गइरहेकी बेला भिक्षार्टन गर्दै आइरहनुभएको स्थविरलाई देखिन् । तिनले सोचिन् – 'जब मसँग दान दिने वस्तु हुन्छ, स्थविरलाई भेट्दिन । अनि जब दान दिने वस्तु आफूसित हुँदैन, स्थविरसँग भेट हुन्छ । आज दान दिने वस्तु पनि छ र स्थविर पनि भिक्षाटनमा आउनुभएको छ । यदि स्थविरले कृपा राख्नुभई दान स्वीकार गर्नुभएमा मेरो ठूलो उपकार हुनेछ ।' यति कुरा सोची भातको भाँडो भुईमा बिसाई स्थविरलाई पञ्चाङ्ग दण्डवत गरी भनिन् – "भन्ते, मीठो नमीठो त्यस्तै हो, यस दुःखीको उपर कृपा राख्नुभई यो भोजन स्वीकार गर्नुहोस् ।"

स्थविरले पात्र थाप्नुभयो । त्यस उपासिकाले पात्रमा भात हालिदिइन् । स्थविरले आफूलाई पुग्ने मात्रामा भात थापेपछि पात्रको मुख बन्द गर्नुभयो । ती उपासिकाले भनिन् – "भन्ते, यो भोजनलाई दुई भागमा छुट्ट्याउँदिन । तपाईको उपासकको यो भाग पनि लिनुहोस् र उहाँको यस लोकको नभई परलोकको संग्रह गर्नुहोस् । यति भनी सबै नै भोजन दान गरिन् । तिनले प्रार्थना गरिन् – "तपाईले अनुभूत गर्नुभएको धर्मलाई हामीले पनि दृष्टिगत गर्न सकौं ।" स्थविरले 'एवं होतुति' (यस्तै होस्) भनी अनुमोदन गर्नुभयो । त्यसपछि पानी भएठाउँ गएर भोजन लिनुभयो ।

त्यस उपासिकाले घर फर्की चामल खोजी, भात पकाई पतिको लागि भात लिएर फेरि खेतमा गइन् । त्यसबेला पूर्णले आधा रोपनी जति खेत जोतिसकेर भोकले लर्खतरान भई रुखमुनि बसेर भातको प्रतिक्षा गरिरहेको थियो । यता उसको पत्नीले भात लैजाँदैगर्दा सोच्दै गइरहेकी थिइन् – 'उहाँ अवश्य पनि भोकाउनुभएको



Downloaded from http://dhamma.digital/

होला र मलाई पर्खंदै गर्नुभएको होला । ढिलो आयौ भनेर रिसाउने पो हुन् कि, रिसाएर गाली गर्दै लट्ठीले पिट्ने पो हुन् कि' भनी डराई डराई गइरहेकी थिइन् । त्यसैले अलि परैबाट भनिन् – "स्वामी, आज एकबाजी तपाईले पनि मन प्रशन्न पार्नुहोस् । मैले गरेको पुण्यकर्मलाई निरर्थक हुनेगरी नबिगारिदिनुहोस् । आज मैले समयमै भात लिएर आएकी थिएँ । बाटोमा धर्मसेनापति सारिपुत्रसँग भेट भयो । लिएर आएको भात जम्मै उहाँ स्थविरलाई दान दिएँ । घर फर्केर गई फेरि भात पकाई लिएर आउँदा ढिलो भयो । यसमा रिसानी माफ होस् । मन प्रशन्न पार्नुहोस् ।" यसरी फत्फताई पति नजिकै पुगिन् ।

पूर्णले बुझे पनि नबुझेझैं गरी के फत्फताइरहेकी भनेर करायो ।

स्वास्नीचाहिँले बुझ्ने गरी पूर्णलाई पुनः खुलस्त बताइन् । यो सुनेर पूर्णले भन्यो – "भद्रे, तिमीले राम्रै काम गरेकी रहीछौ । मलाई सन्तोष लाग्यो, म प्रशन्न भएँ । आजै बिहान मैले पनि उहाँलाई दतिवन र पानी दान गरी सेवा गर्ने मौका पाएको थिएँ ।" यसरी पूर्णले आफ्नी स्वास्नीले गरेको पुण्यकार्यको अनुमोदन गरे । ढिलो गरी भात खाएको कारणले भातेनिन्द्रावश पूर्ण तिनको काखमा टाउको टेकाई निदाए ।

यता जहाँसम्म जतिसम्म जोतिएको थियो त्यहाँसम्म र त्यतिसम्मको खेतको भाग सुनै सुन भयो । ब्युँझनासाथ हेर्दा पूर्णले खेतभरि सुन देखेर स्वास्नी चाहिँलाई भन्यो – "भद्रे, खेतमा हेर त, जोतिएको भागजति सुन भएझैं लाग्छ । भात खान

 Downloaded from http://dhamma.digital/ 

अबेर भएर आँखा धमिलिएर त्यस्तो पो देखिएको हो कि !"

स्वास्नी चाहिँले भनी – "स्वामी, मैले पनि त्यस्तै देख्दैछु ।"

पूर्ण उठेर हेर्न गयो । सुनै हो भन्ने उसलाई यकिन भयो । उसले भन्यो –"अहो भाग्य, आर्य धर्मसेनापतिलाई दान दिएको पुण्यको फल आजै प्राप्त भयो भनी अति प्रशन्न भयो । यतिका सम्पति न लुकाउन सकिन्छ, न खाएरै सिद्धिन्छ । यसरी बिचार गर्दै भात राखेर ल्याएको भाँडोभरि सुन राखेर राजदरवार प्रवेश गर्ने प्रमाङ्गी लिई राजाकहाँ गयो र राजासामु सुन राखेर एक छेउ उभियो ।

राजा – "अँ, तिमीले यो के लिएर आयौ ?"

पूर्ण – "महाराज, आज मैले जोतेको खेतको भाग सबै सुनमा बदलियो । त्यही सुन लिएर आएको छु । अरु सुन खेतैमा छ ।"

राजा – "तिमी को हौ ?"

पूर्ण – "म पूर्ण हुँ ।"

राजा – "आज तिमीले के के गऱ्यौ ?"

पूर्ण – "महाराज, आज बिहान मैले धर्मसेनापतिलाई दतिवन र मुख धुने पानी दान दिएँ । मेरो जहानले मेरो लागि भनेर ल्याएकी भोजन उहाँलाई नै दान दिइन् ।"

राजा – "अहो ! आश्चर्य, धर्मसेनापतिलाई दिएको दानको फल आजै मिल्यो । पूर्ण, अब तिमीलाई के चाहियो भन ।"



"मलाई केही चाहिँदैन, महाराज ।"

Downloaded from http://dhamma.digital/

राजपुरुषहरु गाडा लिएर त्यस खेततिर गए । यी त हाम्रा राजाका सम्पति हुन् भन्दै गाडामा धमाधम सुन राखे । राजाको नाम लिई लिई गाडामा सुन राख्दैगर्दा त्यो सुन नभएर माटो नै भयो । राजपुरुषहरु राजाकहाँ गई यो खबर सुनाए ।

राजा – "हे भद्रहरु, तिमीहरुले के भनेर सुन गाडामा राख्यौ?"

राजपुरुष – "महाराज ! यो सम्पत्ति सरकारकै हो भन्दै राख्यौं ।"

राजा – "धत्, यो मेरो सम्पत्ति होइन । यो त पूर्णको सम्पत्ति हो । जाऊ, यो सम्पत्ति पूर्णको भाग्यले प्राप्त भएको हो भनेर गाडामा राख ।"

ती राजपुरुषहरुले राजाले भनेजस्तै गरे । अनि गाडामा राखेजति सबै सुन नै भयो । त्यो सबै सुन ल्याई राजपतांगिनीमा थुपारे । त्यो थुप्रो अस्सी हातको थियो ।

राजाले नगरबासीहरु जम्मा गरी यति सम्पत्ति यहाँ कसैको छ कि भनी सोधे ।

जनता – "छैन, महाराज हामी कसैसँग छैन ।"

राजा – "उसोभए अब यसलाई के गर्नुपर्‍यो ?"

जनता – "महाराज ! पूर्णलाई साहु पदवी दिनुपर्छ ।"

यसमा राजालाई चित्त बुझ्यो । राजाले पूर्णलाई 'बहु-धन' भन्ने साहु भइस्' भनी साहुको पदवी दिई सेतो छत्रले ओढाए ।

पूर्ण – "महाराज ! म आजसम्म अर्काको घरमा बसी काम गर्दैछु । मेरो घर छैन त्यसैले बस्नलाई सानो टुक्रा ठाउँ पाऊँ ।"


Downloaded from http://dhamma.digital/

यो कुरा सुनेर राजाले पूर्णलाई बस्न ठाउँ दिए । पूर्णले त्यस ठाउँमा छिटै नै घर बनाई मंगल र छत्र-मंगल भनिने दुई मंगल उत्सव एकैचोटी सम्पन्न गरी सातदिनसम्म बुद्धप्रमुख भिक्षुगणलाई निमन्त्रणा गरी महादान दिए । भगवान् शास्ताले दानानुमोदन गर्नुभई अनुपूर्वी कथा देशना गर्नुभयो । धर्मदेशनाको अन्त्यमा पूर्ण, उसको जहान र उत्तरा तीनैजना स्रोतापन्न भए ।

एकदिन सुमनसाहुले आफ्नो छोराको लागि उत्तरा माग्न पठाए । पूर्णले छोरी दिन्न भनी फिर्ता पठाए ।

सुमन साहुले पुनः यो सन्देशसहित मान्छे पठाए । 'पूर्ण ! त्यसो नभन । तिमी मेरै आश्रयमा रही आज धनाढ्य भयौ । तिमीले छोरी उत्तरा दिन नहिच्किचाऊ ।"

सुमनसाहुको परिवार मिथ्यादृष्टिमा रहेको तर उत्तरा भने त्रिरत्न शरण गमन गर्न नपाइने ठाउँमा बस्नै सक्दिनथिन् । त्यस्तो ठाउँमा छोरी दिएर के गर्ने भनी छोरी दिने इच्छा गरेनन् ।

यो कुरा थाहा पाएर अरु साहुहरु पनि आई पूर्णलाई सम्बन्ध नतोड, उत्तरा सुमनको घर देऊ भनेर सम्भाउन आए ।

ती साहुहरुको कुरा सुनी आषाढ पूर्णिमाको दिन उत्तरालाई दिइपठाए । दिइपठाएदेखिन् उत्तराले भिक्षु भिक्षुणीहरुकहाँ जाने, कथा उपदेशहरु सुन्ने, दानकार्य गर्ने काम केही गर्न पाइनन् । वर्षाबास साढे दुई महिना बितिसक्दा पनि पुण्यकार्य केही गर्न सकिनन् । एकदिन तिनले आफ्ना सखीहरुलाई बोलाई वर्षाबास कति बाँकी छ भनी सोधिन् ।

ती सखीहरुले दुई हप्ता मात्र बाँकी छ भनी उत्तर दिए ।



Downloaded from http://dhamma.digital/

उत्तराले आफ्ना पितालाई पत्र लेखिन् – "बुबा, मलाई यस्तो जेलमा किन राख्न ल्याउनुभो ? यस्तो मिथ्यादृष्टियुक्त कुलमा बस्नुभन्दा अरुको नोकर्नी भएर काम गरी खानु राम्रो । आएदेखिन् धर्मोपदेश सुन्न पाएको पनि होइन, दान पुण्य गर्न पाएको पनि होइन ।"

छोरीको दुःखको कुरा सुनेर बाबुचाहिँको मनमा पनि ठूलो ताप भयो । उनले १५ हजार रुपियाँ दिइपठाई यो सन्देशसहितको पत्र पठाए – "उत्तरा, तिमी बसेको त्यस नगरमा दिनको एक हजार लिने सिरिमा भन्ने एउटी बेश्या छे । तिम्रो लोग्नेलाई १५ दिनसम्म भुलाई सेवा गर भनी यो रुपियाँ तिनलाई देऊ । तिम्रो लोग्ने त्यस बेश्याकहाँ जाँदैगर्दा तिमीले उक्त १५ दिनसम्म पुण्यकर्म गर ।"

उत्तरा सिरिमाकहाँ गइन् । तिनले भनिन् –"साथी, यो रुपियाँ लिनुहोस् र मेरी लोग्नेको १५ दिनसम्म सेवा गरिदिनुहोस् ।" तिनले सिरिमालाई उक्त १५००० रुपियाँ दिइन् र लोग्नेचाहिँकहाँ तिनलाई साथै लिएर आइन् ।

लोग्ने – "तिम्रो साथमा आउने यो आइमाई को हो ?"

उत्तरा – "स्वामी, यी मेरी सखी हुन् । अब १५ दिनसम्म यिनले तपाईंको सेवा गर्नेछिन् । म अब १५ दिनसम्म दान पुण्य गरी धर्म उपदेश सुन्नमा लाग्छु ।"

सिरिमाको रुपरङ्ग देखेर मुग्ध भई लोग्नेचाहिँले 'हुन्छ' भनी खुसीसाथ स्वीकारे ।

उत्तराले बुद्धप्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरी प्रार्थना


Downloaded from http://dhamma.digital/

गरिन् – “भन्ते, अब आउँदा १५ दिनसम्म तपाईले कसैको पनि भोजन स्वीकार नगरिदिनुहोला, मैले नै भिक्षुसंघलाई १५ दिनसम्म भोजन दान गर्दछु । स्वीकार्नुहोस् ।”

भगवान् बुद्धले उत्तराको प्रार्थना स्वीकार गर्नुभयो । अब १५ दिनसम्म धर्म उपदेश सुन्न पाइने भो भनी उत्तरा अति प्रशन्न भइन् । तिनले सबै दासदासीहरुलाई यसरी रोटी पोल्ने, यसरी यागु तयार गर्ने, यो यसरी गर्ने, यो त्यसरी गर्ने भनी सिकाई अराई आफूले पनि सकेको जति काम गरी दान दिने र भोजन तयार गर्ने काममा लागिन् । भोजन दानपछि अन्य वस्तु दान कार्यमा लागिन् ।

एकदिन लोग्नेचाहिँले सोचे ‘भोलि पवारण पूर्णिमा हो । उत्तराको दान कार्य पनि भोलि त सिद्धिन्छ । त्यस मूर्ख आइमाईले के के गरी बसेकी होली, हेर्नुपर्‍यो ।’ यसरी विचार गरी झ्यालमा बसी हेरिरह्यो ।

प्रत्येक दिन उत्तराले मुखमण्डल प्रफुल्ल पारी आवश्यक प्रवन्ध गर्न ब्यस्त भइरहेकी थिइन् । भान्छामा पनि हेर्नजाने र सहयोग पनि गर्ने भएकीले टाउकोमा खरानी लागी फुस्रो देखिएकी थिइन् । मुखमा र नाकमा पनि कालो लागेको थियो ।

झ्यालमा बसी हेरिरहेको लोग्नेचाहिँले उत्तराको मुख र नाकमा कालो लाग्ने गरी चलिरहेको देखेर मनमनै भने – ‘यो कस्ती मूर्ख आइमाई रहिछ । आनन्दसाथ ताथमा बसी महासम्पत्तिको सुखानुभव गरेर बसेपुग्ने आइमाई, हेर , श्रमणहरुको लागि दासीझैँ दुःख गरिरहेकी ?’ यो कुरा सोचेर उनलाई हाँसो आयो ।

ऊ हाँसेको नजिकै उभिरहेकी सिरिमाले देखिन् । तिनले ऊ



Downloaded from http://dhamma.digital/

किन हाँसेको होला भनी तलतिर हेर्दा उत्तरालाई देखिन् । तिनले मनमा सोचिन् 'ए, यो त उत्तरालाई देखेर हाँसेको पो रहेछ । यसको उत्तरासँग बढी प्रेम रहेछ । म १५ दिनको लागि मात्र आएकी हुँ ।'

तिनले त्यहाँ भएको सुख ऐश्वर्यलाई आफ्नै ठानिन् अनि आफू ज्यामी भएर काम गरिरहेकी भन्ने कुरा तिनले बिर्सिन् । म त यस घरकी मालिकनी हुँ भन्ने सम्झी ईर्ष्यावश उत्तरालाई मार्ने उद्देश्यले छिटोछिटो तल झरी भोजनशालामा पुगिन् । सिरिमाले भकभक उम्लेको एक डाडु घ्यू लिई उत्तरालाई खन्याउन भनी दौडिन् ।

उत्तराले तिनलाई त्यसरी आफूतिर दौड्दै आइरहेकी देखिन् । तिनले सोचिन् 'यी मेरी सखी हुन् । यसैको मद्दतले आज मैले यतिका पुण्यकर्म गर्न पाएँ, धर्म कथा सुन्न पाएँ । यिनको गुण धेरै छ । राख्ने ठाउँ खोजियो भने चक्रवाल नै सानो प्रतीत हुन्छ । ब्रम्हलोक पनि सानो हुन्छ । त्यसैले मैले सिरिमाउपर क्रोध गर्नुहुँदैन । यदि ममा योउपर क्रोध भएमा यसले खन्याएको घ्यूले मलाई पोलोस् र क्रोध नभएमा नपोलोस् ।' यति सोची मैत्री चित्तसहित भएर बसिन् ।

सिरिमाले तातो घ्यू उत्तराको टाउकोमा खन्याइदिइन् । तर घ्यूले उत्तरालाई कति पनि पोलेन, केवल शित्तल मात्र भयो ।

सिरिमाले यो घ्यू त्यति तातो रहेनछ भनी डाडु लिई अर्को घ्यू लिन गइन् । उत्तराका दासीहरुले यो दृश्य देखे । उनीहरु चिच्याए – "ए, दुष्टा ! यो के गर्न लागेकी ? हाम्रा मालिकनीले

Downloaded from http://dhamma.digital/

तिमीलाई त्यस्तो के गरेको छ र तातो घ्यूले पोलाउनलाई ?" यति भनी सबैले सिरिमाको हात समाती, कम्मर समाती, कपाल लुछी लछारपछार गरे ।

उत्तराले यो दृश्य देखिन् । तिनी चिच्याइन् – "ए, तिमीहरुले मेरी सखीलाई के गर्दैछौ ? किन सास्ति गर्दैछौ ? नगर, खै !" उत्तराले रोक्न आए पनि सास्ति गर्न छाडेनन् । बल्ल बल्ल सबैलाई पन्छाई सिरिमालाई अंकमाल गरी उठाइन् । तिनले भनिन् – "सखी ! तिमीले मप्रति त्यस्तो व्यवहार किन गरेकी ? तिमीलाई के भयो ?" उत्तराले सिरिमालाई तातो पानीले नुहाइदिई सुगन्धित तेलले दलिदिइन् ।

उत्तराको क्षमाशीलता देखेर सिरिमाले सोचिन् 'मैले नचाहिने काम गरिछु । यिनको लोग्ने हाँस्नेवित्तिकै ममा कस्तो कुमति भित्रिएको ! कसरी तातो घ्यूले खन्याउने आँट ममा आएको होला ? तिनका दासीहरु आई मलाई सास्ति गर्न आउँदा पनि उनीहरुलाई हटाइदिइन् । यस्ती शुद्धचित्त भएकी उत्तरासँग मैले क्षमा याचना गरिनँ भने मेरो टाउको सात टुक्रा भई फुट्ने छ ।' यसरी सिरिमाले आफ्नो वैमनस्यभावलाई दृष्टिगत गरी आफूले आफैलाई धिक्कारी उत्तराको क्षमाशीलतालाई स्वीकारिन् र उत्तरासँग क्षमा याचना गरिन् ।

उत्तराले भनिन् – "सिरिमा ! तिमीले क्षमा माग्छौ भने मेरो बुबासँग माग । बुबाले क्षमा दिनुभयो भने मैले पनि क्षमा दिनेछु ।"

सिरिमा – "आर्या ! तपाईंको बुबा पूर्ण हुनुहुन्छ । उहाँबाट



Downloaded from http://dhamma.digital/

क्षमादान हुन्छ । पहिले तपाईले क्षमा गर्नुहोस् ।"

उत्तरा – "सिरिमा ! पूर्ण मेरी वट्टजनक (सांसारिक बुबा) हुनुहुन्छ । अर्को विवट्टजनक (लोकुत्तर बुबा) पनि हुनुहुन्छ । उहाँले क्षमा गर्नुभयो भने म पनि क्षमा गर्दछु ।"

सिरिमा – "तपाईको विवट्टजनक को हुनुहुन्छ ?"

उत्तरा – "उहाँ सम्यकसम्बुद्ध हुनुहुन्छ ।"

सिरिमा – "म उहाँलाई चिन्दिन ।"

उत्तरा – "म तिमीलाई चिनाइदिन्छु । भोलि उहाँ भिक्षुसंघसहित भोजनको लागि यहीं घरमा आउनुहुन्छ । तिमीमा श्रद्धा छ भने तिम्रो इच्छामुताविक दान दिने र सत्कार गर्ने वस्तु लिई यहाँ आऊ ।"

सिरिमा घर गइन् । आफ्ना पाँचसय साथीहरु बटुली नाना प्रकारका खाद्य भोज्य पदार्थ लिई भोलिपल्ट उत्तराको घर गइन् । तर आफूले लिई आएका चीज वस्तुहरु दान दिन हिच्किचाइरहिन् । अनि उत्तराले ती दान दिन ल्याइएका वस्तुहरुलाई लिई तथागतप्रमुख सबै भिक्षुसंघको पात्रमा राखी दान गरिदिइन् । तथागत र भिक्षुसंघले भोजन गरिसिध्याएपछि सिरिमा आफ्नी सखीहरुसहित तथागतको चरणमा घोप्टो परी क्षमा मागिन् ।

शास्ताले सोध्नुभयो – "सिरिमा ! तिमीले के अपराध गर्‍यौ र क्षमा माग्यौ ?"

सिरिमा – "भन्ते ! हिजो मैले उत्तरालाई मार्ने उद्देश्य राखी तातो घ्यू तिनको टाउकोमा खन्याइदिएँ । यो देखेर

 Downloaded from http://dhamma.digital/ 

उत्तराका दासीहरुले आई मलाई लछारपछार गर्न आए । उत्तराले उनीहरुलाई रोकी मेरो मात्र गुण स्मरण गरिरहिन् । उत्तराको क्षमाशीलता देखेर म लज्जित भएँ । तिनमाथि मैले अपराध गर्न भ्याएकोमा म क्षमाप्रार्थी भएँ । उत्तराले भनिन् कि तथागतले क्षमा दिनुभएमा मैले पनि क्षमा दिनेछु । त्यसैले तथागतसँग क्षमायाचना गरेकी हुँ ।"

भगवान – "उत्तरा ! के तिमीले त्यसो भनेकी हौ ?"

उत्तरा – "हो, भन्ते !"

भगवान – "उत्तरा ! त्यसबेला तिमीले मनमा के राखी त्यसो भनेकी थियौ ?"

उत्तरा – "भन्ते ! मैले यो सखीको गुण राख्ने स्थान खोज्दै गएँ भने चक्रवाल पनि सानो हुन्छ । ब्रम्हलोक पनि सानो हुन्छ । यिनले मद्दत गरेकी हुनाले नै आज मैले यो पुण्य साधना गर्ने मौका पाएकी हुँ । यही मैले मनमा गुनिराखें । अनि यो पनि मनमा धारण गरें कि यस सखीप्रति मैले द्वेष गरेकी रहिछु भने त्यो खन्याइएको घ्यूले मलाई पोलोस्, यदि द्वेष नभएमा नपोलोस् ।"

शास्ताले साधु ! साधु !! उत्तरा, तिमीले राम्रो कुरा मनमा धारण गर्‍यौ । यसैगरी नराम्रा जतिलाई राम्रो पारी नराम्रोलाई जित्नुपर्छ र मिल्काउनुपर्छ भन्नुभयो अनि यो गाथा आज्ञा गर्नुभयो –



Downloaded from http://dhamma.digital/

***'अक्कोधेन जिने कोधं असाधुं साधुना जिने।***
***जिने कदरिय दानेन सच्चेन अलिकवादिनन्ति ॥'***


अर्थात् –

अक्रोधले (मैत्रीले) क्रोधलाई जित्नुपर्छ । नराम्रो गर्नेलाई राम्रो काम गरी जित्नुपर्छ । लोभीलाई दानद्वारा जित्नुपर्छ । झूठो बोल्नेलाई सत्य वचन बोलेर जित्नुपर्छ ।

तथागतको यस धर्म देशना सुनेर सिरिमासहित तिनका पाँचसय साथीहरु पनि स्रोतापन्न भए । यो धर्मवाणी उपस्थित श्रोता सबैलाई सार्थक सिद्ध भयो ।

अस्तु !

*(प्रस्तुत कथा भिक्षु विवेकानन्दद्वारा नेवारीमा रचित कृतिको अनुवाद हो ।)*




Downloaded from http://dhamma.digital/

# वन्दना, मैत्री-कामना र मंगल-कामना

१) नमामि बुद्धं गुण सागरं तं,
नमामि धम्मं सुगतेन देसितं, त्रिरत्न वन्दना
नमामि संघं मुनिराज सावकं,

२) सत्ता सदा होन्तु सुखि अवेरा, (मैत्री-भावना)
कायोजि गुच्छो सकलो दुग्गन्धो, (अशुभ-भावना)
गच्छन्ति सब्बे मरणं अहं च । (मरणानुस्मृति-भावना)

* * *

३) धर्मविहारी पुरूष होऊन्, धर्मविचारी नारी ।
धर्मवन्त सन्तान होऊन्, होऊन् निर्वाणलाभी ।।

* * *

४) दुक्खप्पत्ताच निदुक्खा, भयप्पत्ताच निब्भया ।
सोकप्पत्ताच निस्सोका, होन्तु सब्बेपि पाणीनं ।।

* * *

५) भवतु सब्ब मंगलं, रक्खन्तु सब्ब देवता,
सब्ब बुद्धानुभावेन, सदा सोत्थि भवन्तु मे
सदा सोत्थि भवन्तु ते ।
भवतु सब्ब मंगलं, रक्खन्तु सब्ब देवता,
सब्ब धम्मानुभावेन, सदा सोत्थि भवन्तु मे
सदा सोत्थि भवन्तु ते ।
भवतु सब्ब मंगलं, रक्खन्तु सब्ब देवता,
सब्ब संघानुभावेन, सदा सोत्थि भवन्तु मे
सदा सोत्थि भवन्तु ते ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital/

# निर्वाण-कामना



दिवंगत माता सानुनानी शाक्य

## 'निर्वाण-कामना' गर्ने परिवारका सदस्यहरु



प्रेम शाक्य



निर्मला शाक्य



दुर्गा शाक्य



बुद्ध शाक्य



शान्ती शाक्य



लक्ष्मी शाक्य



जमुना शाक्य

Downloaded from http://dhamma.digital/

# श्री दौलेन्द्ररत्न शाक्यका हालसम्म प्रकाशित भइसकेका कृतिहरु





तपाईको हातमा

Downloaded from http://dhamma.digital/